# वित्तीय पहुँच, ऋणको प्रयोग र सीमान्तीकरणः मिटरब्याजबाट पीडित सप्तरी जिल्लाका किसानहरूको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता परिपूर्तिका लागि समाजशास्त्र केन्द्रीय विभाग, कीर्तिपुरमा प्रस्तुत

**शोधपत्र**


शोधकर्ता

हुमा भूसाल

सिम्बोल नं. २८०३२३२०२४/२०२३

त्रि.वि.वि. रजिष्ट्रेशन नंः ६-२-२६३-१३३-२०१६

समाजशास्त्र केन्द्रीय विभाग


२०८१

## स्वघोषणा

म घोषणा गर्दछु कि यो शोधग्रन्थ मौलिक हो र विशेष रूपमा शैक्षिक उद्देश्यका लागि तयार गरिएको हो। म शोधकार्यसँग सम्बन्धित नैतिक विचार र साहित्यिक चोरी सम्बन्धी कुनै पनि सवालहरूमा लागि जिम्मेवार छु। (I hereby declare that this thesis is original and has been prepared exclusively for the academic purpose. I am responsible for any issues concerning ethical considerations and plagiarism.)

..........................

(हुमा भूसाल)

**त्रिभुवन विश्वविद्यालय**
**समाजशास्त्र केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौं**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय, समाजशास्त्र केन्द्रीय विभाग अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तह पुरा गर्ने प्रयोजनका लागि मेरो निर्देशन र सुपरीवेक्षणमा हुमा भूसालले "वित्तीय पहुँच ऋणको प्रयोग र सीमान्तीकरणः मिटरब्याजबाट पीडित सप्तरी जिल्लाका किसानहरूको एक अध्ययन" विषयक शोधपत्र तयार गर्नुभएको हो। म उहाँको कार्यप्रति सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु।

सह प्रा. डा. टीकाराम गौतम
शोध निर्देशक

**त्रिभुवन विश्वविद्यालय**

**समाजशास्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय, समाजशास्त्र केन्द्रीय विभाग अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तह पुरा गर्ने प्रयोजनका लागि सह प्रा. डा. टीकाराम गौतमको निर्देशन र सुपरीवेक्षणमा हुमा भूसालले तयार गरेको "वित्तीय पहुँच ऋणको प्रयोग र सीमान्तीकरणः मिटरब्याजबाट पीडित सप्तरी जिल्लाका किसानहरूको एक अध्ययन" विषयक शोधपत्र मूल्याङ्कनका लागि स्वीकृत गर्दछौं।

मूल्याङ्कन समितिः

.............................................

सह प्रा. डा. टीकाराम गौतम
(शोध निर्देशक)

.............................................

केशव राज सिलवाल
(वाह्य परीक्षक)

.............................................

प्रा.डा. पासाङ्ग शेर्पा

(विभागीय **प्रमुख)**

## कृतज्ञता

मिटरब्याजपीडितहरूका आन्दोलन र माइतीघरमा धर्नाका समाचारहरू तथा विभिन्न सञ्चार माध्यमबाट प्रकाशित उनीहरूका पीडाका कथाहरू पढ्दै गर्दा अनौठो र अकल्पनीय लाग्थ्यो। समाजशास्त्रको विद्यार्थीको हैसियतले कुनै समुदाय कसरी सीमान्तीकरणतर्फ धकेलिँदै जान्छ भन्ने साहित्य पढेको पनि थिएँ। तर हाम्रै समुदायमा यस्तो पनि होला र? भन्ने आशङ्का मेरो मनमा रहिरहेको थियो।

स्नातकोत्तरको शोधकार्य यही विषयमा गर्न र वास्तविकताको नजिक पुग्न मेरो मनले घचघच्याइरह्यो। त्यसमा पनि मिटरब्याजी समस्याको जरो खोतल्ने र समाधानका उपायहरू सिफारिस गर्ने कार्यमा आफ्नै श्रीमान संलग्न भएकोले पनि मलाई यससम्बन्धी थप गहिराईमा जान्ने उत्सुकता जागेको थियो। यसै विषयमा शोधकार्य गर्ने आफ्नो इच्छा व्यक्त गर्दै श्रद्धेय गुरु सह प्रा. डा. टीकाराम गौतमसमक्ष शोधप्रस्ताव पेश गरें। उहाँको सुझावबमोजिम स्थलगत सर्भेक्षणका लागि संरचित प्रश्नावलीको ढाँचा स्वीकृत गराएर मिटरब्याजपीडितहरूसँग अन्तर्वार्ता लिन सप्तरीको गाउँहरूमा पुग्दा शोषण र उत्पीडनको जुन संसार मैले देखें त्यसले मेरो मष्तिष्क रन्थनिएको छ। उनीहरूका दुःख र पीडाका कथाले मेरो भुइँमान्छेहरूको जीवनप्रतिको सोंच नै बदलिन पुगेको छ।

यस शोधकार्यका क्रममा मलाई उत्प्रेरित र मार्गदर्शन गर्नुहुने श्रद्धेय गुरुवरप्रति म हृदयतः आभारी छु। प्रश्नावली निर्माणमा मार्गर्दशन गर्ने, यस विषयवस्तुको गहिराईसम्म पुग्न यसका विभिन्न आयामहरूबारे बुझाइदिने, स्थलगत अध्ययनका लागि वित्तीय सहयोग पुऱ्याउने, शोधपछिको तथ्याङ्क विश्लेषण र प्रस्तुतिमा मार्गदर्शन गर्ने र शोध लेखनपश्चातको सम्पादनमा सहयोग पुऱ्याउनु हुने श्रीमान डा. भीष्मकुमार भूसालप्रति सदैव ऋणी रहनेछु।

अध्ययनको क्रममा दर्जनौं प्रश्नको झिँजो नमानी उत्तर दिनुहुने र मलाई विश्वास गरेर आफ्ना दुःखका कथा भन्नुहुने सबै उत्तरदाताहरूको उत्तरबिना यो शोधकार्य पूर्ण हुने थिएन। उहाँहरूको सहयोग र भरोसाप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। उत्तरदातासम्म मलाई पुऱ्याउने, भाषिक अवरोध हटाउन अनुवाद गरी उत्तरदातासँग मेरो संवादलाई सहज तुल्याउने, उत्तरदाताको उत्तरलाई संश्लेषण गरी टिपोट गर्न सघाउने एवं स्थलगत अध्ययनको अविधिमा मेरो आवास तथा भोजन व्यवस्थापन गर्ने पत्रकार ललिता साहको आत्मीय सहयोग सधैं स्मरणीय रहनेछ।

द्वितीयक स्रोतको तथ्याङ्क उपलब्ध गराई मेरो शोधकार्यलाई पूर्णता दिन सघाउने नेपाल सरकार, गृह मन्त्रालय, स्थलगत अध्ययनको क्रममा मलाई हौसला प्रदान गर्ने सप्तरी जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी किरण थापाज्यू, स्थलगत अध्ययनका क्रममा मेरो बसाईको निरन्तर चासो राख्ने मेरी आमा खगिकला बेल्बासे र छोराछोरीहरू क्रमशः मञ्जुलता भूसाल, तेजस्वी भूसाल र सिद्धार्थ भूसालको प्रेमिल साथ, प्रोत्साहन र उर्जा निकै महत्वपूर्ण रह्यो। यो स्थलगत अध्ययनको प्रारम्भदेखि शोधग्रन्थको तयारीसम्म प्रत्यक्ष परोक्षरूपले सघाउने सबैमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। यसमा भएका सबैखाले कमजोरीप्रति व्यक्तिगत तवरले जिम्मेवारी लिँदै जीवनको ४४औं वर्षसम्म पनि पढाईलाई निरन्तरता दिन सधैं उत्प्रेरित गर्ने मेरा ससुरा श्री प्रेमनारायण भूसालप्रति यो शोधकार्य समर्पण गर्न चाहन्छु।

हुमा भूसाल

# विषयसूची

**परिच्छेद एक** ..... १

**परिचय** ..... १

१.१ पृष्ठभूमि (Background) ..... १

१.२ समस्या कथन (Statement of the Problem) ..... ३

१.३ शोध प्रश्नहरू (Research Questions) ..... ५

१.४ अध्ययनको उद्देश्य (Objective of the Study) ..... ६

१.५ अध्ययनको औचित्य (Rationale of the Study) ..... ६

१.६ शोध प्रवन्धको संरचना (Structure of the Research Work) ..... ७

**परिच्छेद दुई** ..... ९

**साहित्यको पुनरावलोकन** ..... ९

२.१ वित्तीय पहुँच, वहिष्करण र मिटरब्याजको सैद्धान्तिक आयाम ..... ९

२.२ वित्तीय पहुँच र नेपालको अवस्था ..... १०

२.३ सीमान्तीकरण र गरिबीको दुष्चक्र ..... १३

२.४ अन्य देशहरूमा मिटरब्याजी समस्या ..... १४

२.५ मिटरब्याजी अभ्यास र किसानको सीमान्तीकरण ..... १६

२.५.१ मिटरब्याजी अभ्यास ..... १६

२.५.२ किसानको सिमान्तीकरण ..... १७

२.६ नेपालमा मिटरब्याजी अपराध नियन्त्रणका प्रयासहरू ..... १८

२.६.१ मिटरब्याजलाई अपराधिक क्रियाकलापको रूपमा पहिचान ..... १८

२.६.२ अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०७९ को गठन र कार्यसम्पादन २३

२.६.३ अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०८० को गठन र कार्यजिम्मेवारी २६

२.७ वित्तीय पहुँचविहीनताको सैद्धान्तिक खाका ..... २७

२.८ विश्लेषणात्मक खाका (Analytical Framework) ..... २७

**परिच्छेद तीन** ..... २९

**अनुसन्धान विधि (Research Methodology)** ..... २९

३.१ शोध ढाँचा (Research Design) ........ २९

३.१.१ शोध ढाँचाको सैद्धान्तिक आधार ........ २९

३.१.२ शोधको प्रकृति (Nature of Research) ........ २९

३.१.३ अध्ययनको क्षेत्र, जनसङ्ख्या र नमूना छनोट ........ ३०

३.१.४ शोध ढाँचाको छनोट ........ ३०

३.१.५ विश्लेषणको इकाई ........ ३१

३.१.६ सहभागी छनोट विधि ........ ३१

३.१.७ तथ्याङ्कको स्रोत ........ ३२

३.२ शोध विधि (Research Method) ........ ३२

३.२.१ तथ्याङ्क सङ्कलनका औजारहरू ........ ३२

३.२.२ तथ्याङ्क विश्लेषण र प्रस्तुति प्रकृया ........ ३३

३.२.३ विश्वसनीयता, वैधता र गुणस्तर ........ ३३

३.२.४ नैतिक पक्षहरू ........ ३३

३.२.५ अध्ययनको सीमा (Delimitation of the Study) ........ ३४

३.३ मुख्य शब्दावलीहरूको परिभाषा (Definition of Key Words) ........ ३४

**परिच्छेद चार ........ ३५**

**सप्तरी जिल्लाका किसानको आम्दानी, वित्तीय पहुँचको अवस्था र ऋणसँगको सम्बन्ध ........ ३५**

४.१ जनसांख्यिक तथा पारिवारिक स्थिति ........ ३५

४.१.१ उत्तरदाताको लैङ्गिक अवस्था ........ ३५

४.१.२ उत्तरदाताको शैक्षिक अवस्था ........ ३६

४.१.३ जातीय संरचना ........ ३७

४.१.४ रोजगारीको अवस्था ........ ३८

४.१.५ आम्दानीको स्तर ........ ३८

४.१.६ सम्पत्तिमा स्वामित्व ........ ४०

४.१.७ घरमूली एवं आश्रित अवस्था ........ ४१

४.२ खर्चको व्यवस्थापन र वित्तीय पहुँच ........ ४१

४.२.१ बैंक वा वित्तीय संस्थामा खाताको पहुँच र बचत ..... ४१

४.२.२ बचत प्रवृत्ति ..... ४२

४.२.३ बीमामा पहुँच ..... ४२

४.२.४ सामाजिक सुरक्षा भत्तामा पहुँच ..... ४२

४.२.५ ऋणको स्रोत ..... ४२

४.२.६ ऋणको स्रोत छनोट ..... ४३

४.२.७ बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन नसक्नाका कारणहरू ..... ४४

४.२.८ ऋणको प्रयोजन ..... ४५

४.३ वित्तीय पहुँचविहीनता र सीमान्तीकरण ..... ४६

४.३.१ साहुकारसँग लिएको ऋण र ब्याजदरबाट हुने शोषण ..... ४६

४.३.२ साहु महाजनसँग ऋण लिँदा राखिने धितोको विवरण ..... ४७

४.३.३ कागजमा र व्यवहारमा असूल्ने ब्याजको भिन्नता ..... ४९

४.३.४ साहुमहाजनसँग ऋण लिँनाको प्रयोजन, ऋण तिर्दाको अनुभव र परेको कठिनाई ..... ५०

४.३.५ साहुकारसँग लिएको ऋण तिर्न गरिएका उपायहरू ..... ५४

४.३.६ ऋणको सावाँ ब्याज असुल्न साहुकारबाट भएको धम्की, शोषण वा हिंसा ..... ५४

४.३.७ मिटरब्याजी अत्याचारबाट मुक्त हुन गरिएका प्रयासहरू ..... ५५

४.३.८ मिटरब्याजी साहुकारसँग ऋण लिएको कारणले परिवार, साथीभाइ वा समाजमा परेको असर ५६

४.३.९ मिटरब्याजी साहुकारसँग ऋण लिएको कारणले भएका मुद्दामामिला ..... ५८

४.३.१० मिटरब्याजी साहुकारको चङ्गुलबाट बच्न सरकारबाट गरिएको अपेक्षा ..... ५८

**परिच्छेद पाँच ..... ६०**

**सारांश र निष्कर्ष ..... ६०**

५.१ सारांश ..... ६०

५.२ निष्कर्ष ..... ६७

अनुसूचीहरू ..... ७५

## चित्रहरूको सूची


| | | |
|---|---|---|
| चित्र २.१ | मिटरब्याजपीडित उजुरीको प्रदेशगत वितरण | २४ |
| चित्र २.२ | वित्तीय पहुँचविहीनताको सैद्धान्तिक खाका | २७ |
| चित्र २.३ | अध्ययनको विश्लेषणात्मक खाका | २८ |
| चित्र ४.१ | उत्तरदाताको लैङ्गिक वितरण | ३५ |
| चित्र ४.२ | उत्तरदाताको उमेर समूह र संख्या | ३६ |
| चित्र ४.३ | उत्तरदाताको शैक्षिक स्तर | ३६ |
| चित्र ४.४ | उत्तरदाताको जातीय संरचना | ३७ |
| चित्र ४.५ | उत्तरदाताको पेशागत स्थिति | ३८ |
| चित्र ४.६ | उत्तरदाताको आयस्तर | ३९ |
| चित्र ४.७ | भूस्वामित्वको अवस्था | ४० |
| चित्र ४.८ | आश्रित सदस्य रहेका परिवार संख्या | ४१ |
| चित्र ४.९ | ऋणको स्रोत | ४३ |
| चित्र ४.१० | बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिन नचाहनाका कारणहरू | ४४ |
| चित्र ४.११ | ऋणको प्रयोजन | ४६ |
| चित्र ४.१२ | साहुकारलेऋणीसँग लिइने धितो | ४७ |
| चित्र ४.१३ | वास्तविक र कागजी ऋण | ४९ |
| चित्र ४.१४ | साहुकारसँगको ऋणले सामाजिक सम्बन्धमा पारेको प्रभाव | ५७ |


## तालिका सूची


| | | |
|---|---|---|
| तालिका ४.१ | ऋण लिँदाको प्रयोजन, ऋण तिर्दाको अनुभव र परेको अप्ठेरो | ५१ |


## अनुसूचीहरू


| | | |
|---|---|---|
| अनुसूची १ | मिटरब्याज अपराध नियन्त्रण सिफारिस कार्यदल, गृह मन्त्रालय | ७५ |
| अनुसूची २ | कार्यदलको प्रतिवेदनको सिफारिस खण्ड | ७६ |
| अनुसूची ३ | अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०७९ को संरचना र कार्यादेश | ८३ |
| अनुसूची ४ | अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०८० को संरचना र कार्यादेश | ८४ |
| अनुसूची ५ | स्थलगत सर्भेक्षणका लागि प्रयोग गरिएको संरचित प्रश्नावली | ८६ |

# परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि (Background)

"मिटरब्याजपीडितको हत्या, साहुको हात रहेको आरोप" (नेपालप्रेस, २०२४), "मिटरब्याज पीडितको न्याय मार्चः पूर्व-पश्चिमबाट पैदलै हिँडेर फेरि काठमाडौं आउँदै" (शर्मा, २०८०), "२३ दिन हिँडेर काठमाडौं आइपुगेका मिटरब्याजपीडितको खुला चौरमा बास" (भण्डारी, २०८०), "मानिसहरूले मिटरब्याजमा किन ऋण लिइरहेछन्रु" (बिबिसि, २०२३) जस्ता समाचारका शीर्षकहरूले नेपालमा मिटरब्याजी समस्या कति गम्भीर छ र मिटरब्याजपीडितहरूको पीडा कति गहिरो छ भन्ने सङ्केत गर्दछन्।

आधुनिक अर्थतन्त्रमा मानिसहरूको आम्दानी र खर्चबीच प्रायशः असन्तुलन भइरहन्छ। आम्दानी र खर्चबीचको सन्तुलन मिलाउन त्यसबीचको रिक्तता पुरा गर्ने माध्यम हुनुपर्छ जसलाई वित्तीय सेवा भनिन्छ। खर्चभन्दा आय बढी भएमा भविष्यको आवश्यकताका लागि उनीहरूले बचत गर्दछन् भने आयभन्दा खर्च बढी भएमा ऋण लिई तत्कालको खर्च व्यवस्थापन गर्नुपर्ने हुन्छ। वित्तीय सेवा बैङ्क तथा वित्तीय संस्थाजस्ता औपचारिक क्षेत्रबाट वा साथीभाई, नातागोता, साहु महाजन जस्ता अनौपचारिक क्षेत्रबाट लिइने गरिन्छ। बैङ्क तथा वित्तीय संस्थाजस्ता औपचारिक क्षेत्रबाट वित्तीय सेवा लिनका लागि मानिसहरूले मूल्य (ऋण लिने प्रकृया र भुक्तानी प्रकृयामा लाग्ने खर्च) र गैरमूल्य अवरोध (ऋण लिने र तिर्ने प्रकृयामा हुने अमौद्रिक वाधा) हरूको सामना गर्नुपर्ने हुन्छ र त्यस्तो अवरोध हुँदा उनीहरूलाई अनौपचारिक क्षेत्र अर्थात् साहुकारसँग ऋण लिने बाध्यता आइलाग्छ (मोर/Mor and Ananth (2007, 1121)। साहुकारहरू नियमबमोजिम सरकारी निकायमा दर्ता भएका हुँदैनन् र उनीहरूले गरेको लेनदेन कारोवारको व्यवस्थित अभिलेख पनि हुँदैन। कुनै पनि अवस्थामा सावाँ व्याज नडुबोस् भन्नेतर्फ बढी चासो रहने हुँदा साहुकारहरूले लिने ब्याज तथा सेवा शुल्क निकै महङ्गो हुन्छ जुन ऋणीहरूले सहजै तिर्न सक्दैनन्। साहुले विभिन्न गैरकानूनी

तौरतरिकाबाट पनि ऋणको साँवा व्याज उठाउन उद्यत हुन्छन् जसले गर्दा ऋणीहरूलाई थप शोषण, सीमान्तीकरण र गरिबीको दुष्चक्रमा पार्ने सम्भावना रहन्छ।

नेपालमा अधिकांश गरिव तथा निरक्षर व्यक्तिहरूले पैसाको गजों टार्नका लागि चर्को व्याजमा पैसा लगाउने धन्दा गर्नेहरूसँग कानुनीरूपले अस्वीकार्य प्रचलित दरभन्दा धेरै वढी व्याज तिर्ने कवोल गरी ऋण लिने र त्यसो गर्दा ऋणदाताले एउटा कागजमा कानुनी रूपले स्वीकार्य दर राखी अर्को समानान्तर कागज खडा गरी उच्च दरको व्याज लिने, ऋणीले तिरेको सावाँ व्याजको हिसाव नराखी वा तमसुकमा दरपीट नगरी रकम तिरेको छैन भन्ने, रकम चुक्ता भैसकेपछि पनि तमसूक नच्याती पैसा नतिरेको भनी अदालतमा मुद्दा दायर गर्ने, तमसूकमा उल्लिखित अङ्कमा पछि आफै अङ्क थप गरी ऋणीले लिएको वास्तविक ऋण भन्दा कैयौं गुणा बढी रकम दावी गर्ने ऋण लिएको मितिभन्दा धेरै वर्ष अघिकै मिति राखी तमसुक बनाई अनधिकृत व्याज असुली गर्ने, ऋण दिंदा एउटा थैली कायम गरी त्यसको निश्चित प्रतिशत रकम कट्टा गरी वाँकी रकम मात्र ऋणीलाई दिई पूरै रकमको उच्च दरले व्याज सहित असूल गर्ने, ऋणीसँग वास्तविक ऋणको तेव्वर वा अझ वढी रकमको तमसुक बनाई निजको जग्गा समेत दृष्टिवन्धक राखे र कागजी ऋण तिर्न नसकेकोमा त्यस्तो दृष्टिवन्धक जग्गा रजिष्ट्रेसन पास गरी लिने, ऋणीले ऋण तिरेपछि फिर्ता गर्ने शर्तमा ऋणीको घरजग्गा राजिनामा पास लिने तर रकम भुक्तान भैसकेपछि पनि उक्त जग्गा फिर्ता नगरी हडप्ने गरेको, खाली चेकमा सही गराई राखे र आफै चेकमा मिति तथा रकम भरी चेक बाउन्स लगायतका मुद्दामा फसाउने गरेको वा सो को धम्की दिई गैरकानूनी रूपले ऋणको धेरै गुणा रकम असुल्ने, ऋणीलाई पारिश्रमिक नदिई काममा लगाउने, ऋणीको यौनशोषण वा ऋणीविरुद्ध यौनहिंसा गर्ने गरेको लगायतका अपराधमा संलग्न हुने साहु महाजन तथा ऋणदातालाई मिटरव्याजी भनेर बुझ्न सकिन्छ (गृह मन्त्रालय, २०७९, पृ. १)।

मिटरब्याजीबाट ऋण लिएको कारण धेरै गरिब किसानहरू अझ गरिब र सीमान्तीकृत हुँदै गइरहेका छन्। जेन्सन/ Jenson(2000) ले सीमान्तीकृतको पहिचान प्रस्तुत गर्दै दक्षिण एशियाका त्यस्ता किसानहरूको मुहार प्रस्तुत गर्छन् जो पुस्तौंपुस्तादेखि प्राचीन खालको कृषिकर्मबाट बाहिर आउन सङ्घर्षरत छन्। उनका अनुसार बेरोजगारी, गरिबी, बहिष्करण, प्रविधि र वित्तीय पहुँचविहीनता, सामाजिक, आर्थिक र राजनीतिका स्रोतबाट बहिष्करण, सामाजिक कुप्रथाजस्ता कारणले मानिस सीमान्तीकरणतिर धकेलिँदै जाने तर्क गरेका छन्।

### १.२ समस्या कथन (Statement of the Problem)

नेपालमा अधिकांश गरिव तथा निरक्षर व्यक्तिहरूले पैसाको गर्जो टार्नका लागि चर्को व्याजमा पैसा लगाउने धन्दा गर्नेहरूसँग कानुनी रूपले अस्वीकार्य प्रचलित दरभन्दा धेरै वढी व्याज तिर्ने कवोल गरी ऋण लिने र त्यसो गर्दा ऋणदाताले एउटा कागजमा कानुनी रूपले स्वीकार्य दर राखी अर्को समानान्तर कागज खडा गरी उच्च दरको व्याज लिने, ऋणीले तिरेको सावाँ व्याजको हिसाव नराखी वा तमसुकमा दरपीट नगरी रकम तिरेको छैन भन्ने, रकम चुक्ता भैसकेपछि पनि धितो राखेको जग्गा फिर्ता नगर्न अनेकौं प्रपञ्च रच्ने जस्ता कार्यबाट ऋणीहरूमाथि शोषणको दुष्चक्र चलाएका छन् (विजेता, २०८०)।

लेनदेन व्यवहारिक जीवनको निर्यामत प्रक्रिया हो। मानिसको आवश्यकता, कारोबार तथा आर्थिक हैसियतका आधारमा धेरथोर लेनदेन सबैले गरेकै हुन्छन्। लेनदेनले मानिसको व्यवहारिक जीवनका नियमित, आकस्मिक तथा भैपरी आउने आर्थिक गर्जो टार्ने काममा महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ। मुलुकी देवानी संहिता, २०७४ को लेनदेन सम्बन्धी व्यवहारको दफा ४७८ ले साहूले ऋणीसँग व्याज लिन पाउने व्यवस्था गरेको छ। छोटो अवधिको लागि र प्रचलित दरभन्दा अत्यन्त वढी व्याज प्रतिफल पाउने गरी गरिएको लगानीलाई चलनचल्तीमा मिटर ब्याज कारोबार भन्ने गरिन्छ । सावाँ व्याज तिर्ने भाका छोटो भएकाले तोकिएको भाकामा नतिरे वा तिर्न नसके स्पिडोमिटरमा अङ्क बढेजस्तो गरी व्याज रकम वढ्ने हुनाले यस्ता कारोवारलाई मिटर व्याज भनिएको

हो। मीटरव्याज कानुनवाट वर्जित आर्थिक लेनदेन/क्रियाकलाप हुने भएकोले मिटरव्याजलाई वित्तीय अपराध भन्न सकिन्छ।

मिटरव्याजलाई नेपालको कानुनले परिभाषित गरेको देखिंदैन तथापि लेनदेन सम्बन्धी लिखतहरू कानुन बमोजिम नै बनाई लिखतविना नै अतिरिक्त लेनदेन गरिने मिटरव्याजका क्रियाकलापहरू समाजमा विद्यमान छन्। वास्तविक धरातलमा जेसुकै भएपनि मिटर व्याजमा पीडित र पीडक दुवै पक्ष "म पीडित" भन्दै आफ्नोतर्फबाट लेनदेन, ठगी, बैंकिङ्ग कसूर (चेक बाउन्स), अपराधिक लाभ जस्ता मुद्दा उठान गरी सम्बन्धित निकायमा आफ्नो दावी लिई आवश्यक कारवाहीका लागि जाने निवेदन दिने अवस्था समेत विद्यमान भएकोले मिटरव्याज कसूर अपराध स्थापित गर्ने कार्य जटील हुन गएको छ भने कतिपय त्यस्ता मुद्दाहरूमा मिटरव्याजी पीडित विरुद्ध नै मुद्दाको कारवाही भई पीडित झन् पीडित हुने अवस्था समेतलालई नकार्न सकिंदैन (गृह मन्त्रालय, २०७९, पृ. २)। सामाजिक धरातलमा हुने र नहुने बीचको संघर्षमा हाल मीटरव्याज सामाजिक सिमान्तीकरणको रूपमा उजागर भएको देखिन्छ।

मिटरव्याजीहरूले ऋणीले लिएको ऋणभन्दा कैयौ गुणा वढी व्याज तिर्दातिर्दा ऋण लिनेहरूको घरबास उठ्ने स्थिति भएको भन्ने विषयमा विभिन्न पत्रपत्रिकाहरूमा समाचार आइरहेको र नेपाल सरकारले मिटरव्याजी अपराध नियन्त्रणका उपायहरू सिफारिस गर्न गृह मन्त्रालयका सहसचिव डा. भीष्मकुमार भूसालको नेतृत्वमा कार्यदल गठन गरी उक्त कार्यदलले तोकिएको समयमै प्रतिवेदन समेत बुझाइसकेकोमा उक्त प्रतिवेदनले नेपालमा मधेश प्रदेश अन्तर्गतका जिल्लाहरूका गरिव किसानहरू मिटरव्याजवाट सबै भन्दा वढी पीडित रहेको देखाएको छ।

उक्त प्रतिवेदन अनुसार ऋणीले सावाँ ब्याज तिरिसकेपछि पनि तमसूक नच्याति पैसा नतिरेको भनी अदालतमा मुद्दा दायर गर्ने, तमसूकमा उल्लिखित अङ्कमा पछि आफै अङ्क थप गरी ऋणीले लिएको वास्तविक ऋण भन्दा कैयौं गुणा बढी रकम दावी गर्ने ऋण लिएको मितिभन्दा धेरै वर्ष

अघिकै मिति राखी तमसुक बनाई अनधिकृत व्याज असुली गर्ने, ऋण दिँदा एउटा थैली कायम गरी त्यसको निश्चित प्रतिशत रकम कट्टा गरी बाँकी रकम मात्र ऋणीलाई दिई पूरै रकमको उच्च दरले व्याज सहित असूल गर्ने, ऋणीसँग वास्तविक ऋणको तेव्वर वा अझ वढी रकमको तमसुक बनाई निजको जग्गा समेत दृष्टिवन्धक राखे र कागजी ऋण तिर्न नसकेकोमा त्यस्तो दृष्टिवन्धक जग्गा रजिष्ट्रेसन पास गरी लिने, ऋणीले ऋण तिरेपछि फिर्ता गर्ने शर्तमा ऋणीको घरजग्गा राजिनामा पास लिने तर रकम भुक्तान भैसकेपछि पनि उक्त जग्गा फिर्ता नगरी हडप्ने गरेको, खाली चेकमा सही गराई राखे र आफै चेकमा मिति तथा रकम भरी चेक बाउन्स लगायतका मुद्दामा फसाउने गरेको वा सो को धम्की दिई गैरकानूनी रूपले ऋणको धेरै गुणा रकम असुल्ने, ऋणीलाई पारिश्रमिक नदिई काममा लगाउने, ऋणीको यौनशोषण वा ऋणीविरुद्ध यौनहिंसा गर्ने गरेको लगायतका अपराधमा संलग्न हुने साहु महाजन तथा ऋणदातालाई मिटरव्याजी भनेर बुझ्न सकिन्छ (गृह मन्त्रालय, पृ. १)।

नेपालमा मिटरव्याजी समस्यावाट किसानहरू दशकौ अघिदेखि शोषित भएको हुनसक्ने भएतापनि मिटरव्याज पीडितहरू काठमाडौमा आई आन्दोलन गर्न थालेपछि यस समस्याप्रति सरकारको ध्यानाकर्षण भएको देखिन्छ । एक महिनाको समयावधिभित्र विभिन्न सात जिल्लामा भ्रमण गरी उक्त कार्यदलले प्रतिवेदन तयार पारेको र समस्याको पहिचान गरेको भए तापनि वित्तीय पहुँच, मिटरव्याजीसँगको सम्पर्क र किसानहरूको सिमान्तीकरणवीचको गहन अध्ययन नेपालमा भएको नदेखिएको हुँदा उक्त अनुसन्धान रिक्ततालाई पुरा गर्न थप अध्ययन गर्नुपर्ने देखिएको छ।

### १.३ शोध प्रश्नहरू (Research Questions)

प्रस्तुत शोधकार्यका लागि निम्न प्रश्नहरू उठान गरिएको छः

(क) ससरी जिल्लाका मिटरब्याजपीडित घरपरिवारको वित्तीय पहुँच र आम्दानीको स्तर के कस्तो रहेको छ?

(ख) मिटरब्याजीसँग ऋण लिनुपर्ने वाध्यता के कस्तो हुन्छ र त्यो बाध्यतामा कसरी ऋणीहरू शोषणको दुष्चक्रमा पर्दछन?

(ग) मिटरब्याजीको ऋण भुक्तानी गर्ने क्रममा कसरी किसानहरू थप सीमान्तकृत हुँदै जान्छन्?

(घ) आम्दानी, वित्तीय पहुँच र सीमान्तीकरणबीच कस्तो सम्बन्ध छ?

### १.४ अध्ययनको उद्देश्य (Objective of the Study)

नेपालको मध्य तराई क्षेत्र (सप्तरी जिल्ला)का मिटरब्याजपीडितहरूको आयस्तर, खर्चको आवश्यकता एवं आय र खर्चबीचको रिक्तता पुरा गर्न उपलब्ध वित्तीय सेवा तथा वित्तीय पहुँचको पहिचान गर्नु, उक्त खर्चको आवश्यकता पुरा गर्न मिटरब्याजीकहाँ पुग्नुपर्ने कारणहरू पहिल्याउनु, मिटरब्याजीबाट अपनाइने शोषणका तरिकाहरू पहिचान गर्नु एवं वित्तीय पहुँच, मिटरब्याजीबाट ऋणी किसानको शोषण र सीमान्तीकरणको दुष्चक्रको व्याख्या गर्नु यस अध्ययनको उद्देश्य रहेको छ। बुँदागत रूपमा अध्ययनका उद्देश्यहरू यसप्रकार उल्लेख गर्न सकिन्छः

(क) सप्तरी जिल्लाका मिटरब्याजपीडित घरपरिवारको वित्तीय पहुँच र आम्दानीको स्तर खोजी गरी व्याख्या गर्नु,

(ख) मिटरब्याजीसँग ऋण लिनुपर्ने वाध्यता के कस्तो हुन्छ र त्यो बाध्यतामा कसरी ऋणीहरू शोषणको दुष्चक्रमा पर्दछन् भन्ने कुरा विश्लेषण गर्नु,

(ग) मिटरब्याजीको ऋण भुक्तानी गर्ने क्रममा कसरी किसानहरू के कसरी थप सीमान्तकृत हुँदै जान्छन् भन्ने विषयको कारण र प्रकृया खोजी गर्नु, र

(घ) आम्दानी, वित्तीय पहुँच र सीमान्तीकरणबीच रहेको सम्बन्धको व्याख्या गर्नु।

### १.५ अध्ययनको औचित्य (Rationale of the Study)

मिटरब्याजपीडितहरूले मिटरब्याजीसँग रहेका सबै लेनदेनका कागजात तत्काल खारेज गर्नुपर्ने, मिटरब्याजीको प्रताडना तथा हिंसाबाट पीडित परिवारलाई राहत र क्षतिपूर्तिको व्यवस्था

गर्नुपर्ने, मिटरब्याजीले ऋणीबाट पुरै साावाँब्याज असूल गरिसकेपछि पनि ऋणको धितोको रूपमा दृष्टिबन्धक राखेको वा ऋण भुक्तानी भैसकेपछि फिर्ता गर्ने शर्तमा रजिष्ट्रेशन पास गरिलिएको ऋणीको जग्गा जुनसुकै तहसम्म हक हस्तान्तरण भएको भए तापनि ऋण चुक्तापछि ऋणीलाई फिर्ता गर्नुपर्ने लगायतका माग राखी निरन्तर आन्दोलन गरिरहेको अवस्थामा उनीहरू साँच्चै वित्तीय पहुँचविहीन छन् त? गाउँगाउँमा खुलेका वित्तीय संस्था एवं सहकारीबाट ऋण किन लिँदैनन् ? कुन प्रयोजनमा ऋणीले अनौपचारिक क्षेत्र अर्थात मिटरब्याजीबाट लिएको ऋणको प्रयोग गर्ने गरेका छन् ? औपचारिक क्षेत्रबाट ऋण लिन के कस्ता अवरोधहरू छन् ? ग्रामीण किसानहरूका लागि औपचारिक क्षेत्रसम्म वित्तीय पहुँचविहीनताले कसरी उनीहरूलाई अनौपचारिक क्षेत्रमा जान वाध्य पारेको छ? आयस्तर, वित्तीय पहुँचविहीनता र सीमान्तीकरणबीचको सम्बन्ध कस्तो छ? उनीहरूले मिटरब्याजीको शोषणबाट बाहिर निस्कन के कस्ता उपायहरू अपनाएका छन् र सरकारबाट के अपेक्षा गरेका छन् ? भन्ने कुराको वस्तुनिष्ठ अध्ययन हुनु जरुरी छ। मिटरब्याजी जस्तो अनौपचारिक क्षेत्रबाट ऋण लिने किसानहरूको सामाजिक, आर्थिक एवं अन्य पक्षहरूको अध्ययन नगरी आयविहीनता, वित्तीय सेवामा पहुँचविहीनता, शोषण, सीमान्तीकरण र न्यायको खोजीबीचको अन्तरसम्बन्ध पहिल्याउन नसकिने भएकोले प्रस्तुत अध्ययन औचित्यपूर्ण हुन गएको छ।

## १.६ शोध प्रवन्धको संरचना (Structure of the Research Work)

यस शोधप्रवन्धको पहिलो परिच्छेदमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको औचित्य तथा उद्देश्य, अनुसन्धान प्रश्नहरू र अध्ययनको सीमा समावेश गरिएको छ भने परिच्छेद दुईमा सम्बद्ध साहित्यको पुनरावलोकन गरिएको छ जसमा नेपालमा मिटरब्याजी समस्याको नामाङ्कन एवं अपराधीकरण, मिटरब्याजी अपराध विरुद्धको कानूनी प्रवन्ध र मिटरब्याजपीडितका उजुरी उपर छानबिन गरी समस्या समाधान गर्न गठित कार्यदल र आयोगको कार्यसम्पादनबारे समेत चर्चा गरिएको छ। तेस्रो परिच्छेदमा शोधको विधिशास्त्र अन्तर्गत शोध ढाँचा र शोध विधिको उल्लेख

गरिएको छ भने चौथो परिच्छेदमा आफूलाई मिटरब्याजपीडित भनी न्यायको लागि जिल्ला प्रशासन कार्यालय वा जिल्ला प्रहरी कार्यालयमा उजुरी दिने सप्तरी जिल्लाका किसानहरूलाई स्थलगत अध्ययनका लागि छनोट गरी उनीहरूको अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कको तालिकीकरण, विश्लेषण र व्याख्या गरिएको छ। पाचौं परिच्छेदले चौथो परिच्छेदको विश्लेषणको संश्लेषण र निष्कर्ष तथा यस विषयसँग सम्बन्धित अनुसन्धानका अन्य शिराहरूको संक्षेपमा संवोधन गरेको छ। त्यसपछि सन्दर्भ सामग्रीको सूची र अनुसूचीहरू समावेश गरिएका छन्।

# परिच्छेद दुई

# साहित्यको पुनरावलोकन

## २.१ वित्तीय पहुँच, वहिष्करण र मिटरब्याजको सैद्धान्तिक आयाम

कुनै व्यक्ति आधारभूत वित्तीय पहुँच र त्यसको उपयोग वारेमा मोर/Mor and Ananth (2007, 1121)ले प्रस्तुत गरेको अवधारणा अनुसार वित्तीय सेवा अन्तर्गत ऋण, बचत र वीमामा पहुँच र त्यसको लागि आवश्यक ढाँचाको लचकता, विश्वसनीयता र सहजता पर्दछन्। जव कुनै व्यक्तिलाई त्यस्तो वित्तीय सेवा लिनमा जति वढी मूल्य र गैरमूल्य अवरोधहरू (price and non–price barriers) रहन्छन् त्यति नै ऊ वित्तीय पहुँचवाट टाढा हुन्छ। वित्तीय पहुँचविहीनता स्वैच्छिक र अस्वैच्छिक (voluntary and non–voluntary) दुवै किसिमको हुन्छ। कोर/Corr (2006) ले स्वैच्छिक वहिष्करणका पछाडि कुनै व्यक्तिको वैयक्तिक वा धार्मिक झुकावलाई कारण देखाएका छन् भने ओसिली /Osili and Paulson (2006M22) ले विगतमा उसको बैंकसँगको सम्वन्धवाट सिर्जित अविश्वासलाई समेत त्यस्तो कारण वताएका छन्। ओवुल्लाह /Owuallah, 2002, Beck and De la Torre, 2006 ले साना उद्यमीहरूले वित्तीय साक्षरता, ऋण प्राप्त गर्ने योग्यता र खर्च गर्ने क्षमता (financial literacy, eligibility and affordability) जस्ता अस्वैच्छिक अवरोधको सामना गर्नुपर्ने उल्लेख गरेका छन्।

नेपाल राष्ट्र बैङ्कको अध्ययन अनुसार औपचारिक वित्तीय सेवावाट वाहिर हुनुका कारणहरूमा स्वैच्छिक स्ववहिष्करण र अस्वैच्छिक बहिष्करण पर्दछन्। औपचारिक वित्तीय सेवाको आवश्यकता नपर्ने र अन्य अप्रत्यक्ष तरिकाले वित्तीय सेवा प्राप्त गर्नेहरू स्वैच्छिक स्ववहिष्करण गर्ने वर्गमा पर्दछन् भने अस्वैच्छिक वहिष्करणमा पर्नुका कारणहरूमा ऋण तिर्न पर्याप्त आम्दानी नहुने वा समयमा तिर्ने कुरामा उच्च जोखिम रहनु, वित्तीय संस्थालाई चाहिने कागजात पुऱ्याउन नसक्नु, ऋणको लागत उच्च हुनु वा वित्तीय सेवाको स्किम (product) सुहाउँदो नहुनु आदि पर्दछन् (श्रेष्ठ/Shrestha, 2020M6)।

सहज कर्जा र नियमित बैंकिङ्ग सेवामा पहुँचविना सिमान्तीकृत समुहका मानिसहरू अर्थतन्त्रमा पूर्ण सहभागी हुन सक्दैनन् ( बरदारन /Baradaran, 2015; Servon, 2017) । मूलधारका संस्थावाट ऋण नपाएपछि सिर्जना हुने रकमको अभावले गरिवहरू अनौपचारिक क्षेत्रका loan sharks (नेपालीमा मिटरव्याजी भनेर बुझिने) कहाँ पुग्छन् जो वैकल्पिक वित्तीय स्रोत आपूर्तिकर्ता देखिएका छन्। त्यस्ता मिटरब्याजी साहुकारहरूको शर्त स्वीकार गर्ने वित्तिकै ऋण पाइन्छ।

यस्ता मिटरव्याजीहरूले शोषणका विभिन्न माध्यम अपनाई ऋणीसँग उच्च दरमा व्याज सहित सावां असुल्ने र सो क्रममा ऋणीको जायजेथा आफ्नो कब्जामा लिने र ऋणको दुष्चक्रमा फँसाई आर्थिक कारोबार गर्ने गरेका, कतिपयले निर्माण व्यवसायीहरू, क्यासिनोको लत लागेकाहरू र लागु औषधको दुर्व्यशनमा परेकाहरूलाई मिटरव्याजको पासोमा पारेको पाइन्छ। मिटरव्याजीहरूले निरक्षर, गरिव तथा आर्थिक रूपले अप्ठ्यारो परिस्थितिमा रहेका व्यक्तिहरूमाथि गरेको शोषणको श्रृङ्गलाले सयौं परिवारको विचल्ली भएका समाचारहरू सार्वजनिक भैरहेका छन्। यसरी मिटरव्याजीको जालोमा पर्नुका पछाडि उनीहरूले वैङ्क तथा वित्तीय क्षेत्रबाट सहज रूपमा ऋण प्राप्त गर्न नसक्नु अर्थात् वित्तीय पहुँच नहुनुलाई मुख्य कारकको रूपमा लिइएको छ।

## २.२ वित्तीय पहुँच र नेपालको अवस्था

नेपालमा नागरिकहरूलाई वित्तीय पहुँचमार्फत् सर्वसाधारणलाट परम्परागत ऋण लिने पद्धतिवाट वाहिर निकाल्न विगतदेखि नै विभिन्न प्रयासहरू गरिएका छन्। कानूनी हिसाबले हेर्दा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ ले राष्ट्र बैंकको अनुमतिविना निक्षेप लिन तथा कर्जा प्रवाह गर्न निषेध गरेको छ जसको अर्थ स्वीकृति नलिई कानून कर्जा दिन वा वचत स्वीकार गर्न पाइँदैन। तर पनि विपन्न किसान घरपरिवारका लागि संस्थागत क्षेत्रबाट ऋण लिन सक्ने गरी वित्तीय पहुँच सहज र सरल नहुँदा उनीहरू साहुकार अर्थात चर्को मिटरव्याजीसँग ऋण लिन पुग्नु पर्ने वाध्यता सिर्जना भएको देखिन्छ ।

यसरी अनौपचारिक क्षेत्रमा ऋण लिने अभ्यासको पुष्टि चौथो नेपाल जीवनस्तर सर्वेक्षण, २०७९/८० को प्रतिवेदनले समेत गरेको छ । आर्थिक वर्ष २०७७/७८ मा व्यवहार चलाउन ऋण लिएका ६३.८% घरपरिवारमध्ये करिव २२.४% ले मात्र बैंक तथा वित्तीय संस्थावाट, ४२.५%ले छरछिमेक, आफन्तबाट र ११.४% ले स्थानीय साहुकारबाट ऋण लिने गरेको पाइन्छ। त्यसमा पनि मधेशका ग्रामीण क्षेत्रका मानिसहरू ऋणको लागि साहु महाजनकोमा बढी निर्भर देखिन्छन्। साहुकारसँग ऋण लिनेको अनुपात मधेश प्रदेशमा सबैभन्दा बढी अर्थात ३०.४% प्रतिशत छ । उक्त प्रतिवेदन अनुसार नेपालमा सबैभन्दा धेरै गरिबी (२५.०८%) मधेश प्रदेशमै छ ।

त्यसै गरी विश्व बैकको] Global Findex Database, 2021 ले नेपालमा सन् २०२१ मा औपचारिक बैंक तथा वित्तीय प्रणालीबाट ऋण प्राप्त गर्नेको संख्या १४% मात्र रहेको देखाएको छ ( देमिर्गुच-कुन्ट/Demirgüç–Kunt; Klapper, Singer & Ansar, 2021)।

त्यसै गरी द एशिया फाउन्डेशन (The Asia Foundation) सहितका संस्थाले गरेको नेपाली जनमत सर्वेक्षण, २०१८ ले झण्डै आधा (४७%) नेपाली घरपरिवार ऋणमा परेको देखाएको छ। एक वर्षको वीचमा ऋण लिएका मध्ये एक चौथाई (२५.३%) ले महँगो व्याजदर तिर्ने गरी (सयकडा ३ अर्थात ३६%) साहुकारसँग ऋण लिएको तथ्य अध्ययनले सार्वजनिक गरेको थियो। उक्त अध्ययनले बैंक तथा वित्तीय संस्थावाट ऋण पाउनेहरूको संख्या २०.४% मात्र देखाएको थियो। यसले ऋण चाहिने बहुसंख्यक सर्वसाधारणले साहुकार, छर छिमेक नातागोतावाटै सरसापटी लिएर काम चलाउनुपरेको देखाउँछ। यसरी वैङ्क तथा वित्तीय संस्थाहरूको गाउँगाउँमा उपस्थितिले मात्र वित्तीय पहुँच सुनिश्चित गरेको मान्न सकिने अवस्था रहँदैन (रिमाल /Rimal & Simkhada, 2022)।

नेपाल राष्ट्र बैंकको पछिल्लो प्रतिवेदन अनुसार वित्तीय पहुँच विस्तारका लागि गाउँ गाउँमा विस्तार भएका बैंक तथा वित्तीय संस्थाको उपस्थिति देशभरका ७५३ स्थानीय तहमध्ये ७५२ मा

वाणिज्य बैंकका शाखा विस्तार भएको उल्लेख छ । बैंक तथा वित्तीय संस्थाका ११ हजार ५२८ शाखा देशभर वित्तीय सेवा प्रवाह गर्न स्थापित भए तापनि तराईका अधिकांश स्थानकै तथ्याङ्क हेर्दा पनि ऋणको लागि साहुकारकहाँ जानुपर्ने अवस्था अन्त्य हुन सकेको देखिँदैन ( पन्त /Panta, 2019)।

वैङ्कहरूले अधिकांश पालिकामा शाखा विस्तार गरे तापनि सवै शाखाहरूमा ऋण पाउनेको पहुँच बढेको देखिँदैन। राष्ट्र बैंकको तथ्याङ्कले बैंक तथा वित्तीय संस्थामा रकम जम्मा गर्ने चार करोड छ लाख निक्षेप खाता खुलेको देखाउँछ। राष्ट्र बैंककै फाइनान्सियल इन्क्लुजन पोर्टलका अनुसार गएको २०७९ चैतसम्म बैंक तथा वित्तीय संस्थामा सक्रिय निक्षेप खाता भएका नागरिकको संख्या ४४% मात्र छ । प्रतिष्पर्धामा शून्य बचतमा खोलेका वहुसंख्यक खाता सञ्चालनमा छैनन् । खोलिएका खाताहरूमध्ये पनि आधाभन्दा कमै मात्र सक्रिय छन्। एकै व्यक्तिका कैयौं सक्रिय निक्षेप खाता हुन्छन्। यसको अर्थ आधाभन्दा बढी नागरिकसम्म वास्तविक वित्तीय पहुँच पुगेकै छैन भन्न सकिन्छ। बैंक तथा वित्तीय संस्थाले २०७९ जेठ महिनासम्म प्रवाह गरेको ऋण रु. ४६ खर्व ४३ अर्व ऋणमध्ये रु.२६ खर्व ८४ अर्व (करिव ५८%) महानगरहरूमा मात्रै सीमित छ। उपमहानगरपालिकाहरूमा ११% र नगरपालिकाहरूमा २७.७% ऋण प्रवाह भएको छ। यसरी शहर/नगरमा मात्रै कुल वित्तीय स्रोतको ९७% लगानी छ भने एक तिहाई जनसंख्या वसोवास गर्ने गाउपालिकाहरूमा बैंक तथा वित्तीय संस्थाको कूल कर्जाको करीव ३.३% मात्र प्रवाह भएको देखिँदा बैङ्क तथा वित्तीय संस्थासम्म आम नागरिकको पहुँच नपुगेको स्पष्ट खुल्न आउँछ।

बीमामा पहुँचः बीमा प्राधिकरणलाई २०८१ बैशाख १२ मा प्रधानमन्त्री पुष्पकमल दाहालले दिएको सन्देशमा “लैङ्गिक, जातीय, भौगोलिक तथा आर्थिक रूपमा सिमान्तकृत, न्यून आय भएका वर्ग, विपन्न तथा गरिब समुदायमा बीमाको पहुँच वृद्धि गर्न र छिटो छरितो ढङ्गबाट सहज रूपमा दाबी भुक्तानी पाउने व्यवस्था गर्न" सबैको पहलकदमीको अपेक्षा गरेको बीमा प्राधिकरणले उल्लेख गरेको

छ तथापि आर्थिक वर्ष २०८०/८१ को चैत्र मसान्तसम्म १ करोड ३८ लाख ६६ हजार ६१५ जीवन बीमालेखहरू सक्रिय रहेका छन् जसमध्ये पुरुषको संख्या ४६.७४% र महिलाको संख्या ५३.२६% छ। अझै ५६.७% जनसंख्या बीमाको पहुँच बाहिर रहेको छ जसमा मधेश प्रदेशको जनसंख्या उल्लेख्य रूपले बढी छ (नेपाल बीमा प्राधिकरण, २०८१)।

## २.३ सीमान्तीकरण र गरिबीको दुष्चक्र

सिमान्तीकरण अर्थात् सामाजिक बहिष्करण भन्नाले सामाजिक तथा आर्थिक हिसावले किनारामा पर्नु वा पारिनुलाई बुझिन्छ जहाँ समुदायका निश्चित समूहले सामाजिक आर्थिक प्रणालीवाट फाइदा लिन सक्दैन। उनीहरू सामाजिक मूलप्रवाहवाट अलग्गिएका वा महत्वहीन बनाइएका हुन्छन्। गरिवी, सामाजिक विभेद, समन्यायको अभाव लगायतका कारणले निश्चित समुदायका मानिसहरू सिमान्तीकृत हुँदै गरिवीको दुष्चक्रमा फँसिरहने अवस्था हुन्छ। समुदायमा सूचना, स्रोत, सामाजिकीकरण, पहिचान, परिचय, आत्मसम्मान लगायतमा व्यक्तिका क्षमताको क्षयीकरण र व्यक्तिगत लक्ष्य हासिल गर्न नसक्ने अवस्थाको सिर्जना गर्दछ (सिल्भर/Silver, 1994)।

लाल/Lal (2021) ले वित्तीय समावेशीकरण र सीमान्तीकृत समुदायको सामाजिक आर्थिक सशक्तिकरणबीचको सम्बन्धमा ३८२ बैङ्कका ग्राहकहरूबीच गरेको अध्ययनको निष्कर्ष यो छ कि वित्तीय समावेशीकरणले आर्थिक सशक्तिकरण गर्दै सीमान्तीकृत समुदायको आर्थिक विकासमा प्रत्यक्ष र उल्लेख्य प्रभाव पार्दछ। तर सरकारका विभिन्न पहलका बाबजूद त्यस्तो समुदायले अशिक्षा, वित्तीय साक्षरताको अभाव, बैकहरूले उक्त समुदायप्रति राख्ने दृष्टिकोण तथा व्यवहार, सचेतनाको अभाव जस्ता कारणले वित्तीय संस्थाहरूबाट ऋण लिन सक्दैनन् जसले गर्दा उनीहरूमा सम्मान, गर्व र आत्मविश्वास कायम गर्न तथा जुनसुकै वित्तीय संकट सामना गर्ने आत्मनिर्भरताबाट बञ्चित गराउँछ।

नेपालको जनसंख्याको ठूलो हिस्सा कि त सिमान्तीकृत छ या त ऐतिहासिक रूपले पहुँचविहीन छ। दक्षिणी सीमा क्षेत्रका मधेशी समुदायलाई नेपालको पूर्ण नागरिकको हैसियत दिन समेत सहज मानिएको छैन ( होमबर्ग/Holmberg, 2014)।

गृह मन्त्रालयको प्रतिवेदन (२०७९) ले मिटरव्याजी अपराधको शिकार भएका ग्रामीण किसानहरू सुकुम्बासीमा परिणत हुँदै जाने अवस्था सिर्जना हुँदै गएको समेत खुलासा गरेको छ । ऋण तिर्नकै लागि भएको जायजेथा समेत वेच्नुपर्ने वा साहुले हडपी लिने, आय सिर्जना हुने सम्पत्तिको अभावमा बैंक तथा वित्तीय संस्थावाट ऋण लिने धितो नहुने, अपरिहार्य खर्चको लागि साहुको जुनसुकै शर्त मानेर ऋण लिन वाध्य हुने र थप सिमान्तीकृत हुँदै जाने गरिवीको दुष्चक्रमा ग्रामीण किसानहरू फँस्दै गएको भन्ने समाचारहरू आइरहेका छन् । अर्कोतिर जग्गा नहुनेले वैङ्कवाट ऋण पनि पाउँदैनन् (महतो, २०८० जेठ २२)।

## २.४ अन्य देशहरूमा मिटरब्याजी समस्या

गैरकानूनी रूपले ऋण प्रवाह गर्ने र ऋणीको शोषण गर्ने यो चक्र धनी वा गरिव जुनसुकै देशमा पनि पाइन्छ। वेलायतको nidirect Government Services संस्थाले मिटरव्याजीहरूलाई वित्तीय कारोवार गर्न अनुमति नलिई अति उच्चदरमा ऋण प्रवाह गर्ने, कीर्ते कागज खडा गर्ने र ऋण तिर्न नसक्नेहरूलाई धम्की वा हिंसाको माध्यमवाट आतङ्कित वा भयभीत पारी ऋणको धेरै गुणा रकम असूल गर्ने व्यक्तिहरूलाई मिटरव्याजी (loan shark) भनेर परिभाषित गरेको छ। उनीहरूले सामान्यतया कम आय भएका र अप्ठ्यारोमा परेको व्यक्तिहरूलाई निशाना बनाउँछन्। आफूले भने वमोजिमको रकम ऋणीले नतिरेमा मुद्दा चलाउने वा जेल हाल्ने धम्की दिन्छन्।

द गार्जियन (The Guardian) ले १५ जनवरी २०१० को अङ्कमा उल्लेख भएअनुसार दुई लाख गरिब वेलायती परिवारले क्रिममस मनाउनका लागि मात्रै वार्षिक ८२५% का दरले व्याज तिरेर मिटरव्याजी (loan sharks) बाट ऋण लिन वाध्य भएका छन्। यसरी मिटरव्याजीसँग ऋण

लिने र प्रयोग गर्ने क्रम औसतमा २२% ले वढिरहेको छ (लिसा /Lisa Bachelor, 2010) वाट ऋण लिन वाध्य भएका छन्।

वित्तीय कारोवार गर्न अनुमतिपत्र नपाएका व्यक्तिहरूसँगको कारोवारमा कानूनी आधार रहँदैन। त्यस्तो कार्यमा अनुमति दिन स्थानीय Trading Standards Services को संस्थागत विकास गरिएकोले त्यस्ता मिटरव्याजीसँग डराउनु भन्दा उक्त कार्यालय वा स्थानीय प्रहरीमा उजुरी गर्न नागरिकहरूलाई सचेत गरिएको देखिन्छ। यस्ता संस्थाहरूले उपभोक्ताका जटिल र कानूनी उल्झनयुक्त समस्याहरूको निवारणमा सहयोग पुयाउँछन्।

सहज कर्जा र नियमित बैंकिङ्ग सेवामा पहुँचविना सिमान्तीकृत समुहका मानिसहरू अर्थतन्त्रमा पूर्ण सहभागी हुन सक्दैनन् (बरदारन/Baradaran, 2015, Servon, 2017)। मुलधारका संस्थावाट ऋण नपाएपछि सिर्जना हुने रकमको अभावले गरिवहरू loan sharks (नेपालीमा मिटरव्याजी भनेर बुझिने) कहाँ पुग्न वाध्य हुन्छन् जहाँ उनीहरूको शर्त स्वीकार गर्ने वित्तिकै ऋण पाइन्छ। गैरकानूनी रूपले ऋण प्रवाह गर्ने र ऋणीको शोषण गर्ने यो चक्र धनी वा गरिव जुनसुकै देशमा पनि पाइन्छ।

भारतमा डिजिटल मिटरव्याजीको समस्यावारे उल्लेख गर्दै टाइम्स अफ इन्डियाले ४ जनवरी २०२२ को अंकमा लेखेको छः

> "कोभिड महामारीको अवस्थामा तत्काल ऋण उपलब्ध गराउने मोवाइल एप्लिकेसन खोलेर वार्षिक ५००% सम्म व्याज लिने र असुलीका विभिन्न हत्कण्डा प्रयोग गरी ऋणीलाई आत्महत्या गर्न वाध्य पार्ने सम्मका कार्य गर्ने डिजिटल मिटरव्याजीहरू समेत छ्याप्छ्यापि देखिएका छन्। यस्तो शोषण र छलयुक्त कारोवारलाई नियन्त्रण गर्न चीन, केन्या इन्डोनेशिया लगायतका अधिकारीहरूले त्यस्ता एप्लिकेशन बन्द गराउने लगायतका कठोर तरिका अवलम्बन गरेको देखिन्छ"।

त्यसै गरी THE WEEK को २०१८ मार्च १० को अङ्कले भारतमा किसानहरूलाई लोनसार्क (मिटरव्याजी) हरूले ऋणको पासोमा यसरी पारेका छन् कि मानौं उनीहरू नै कानून हुन् भनेर उल्लेख गरेको छ। भारतमा ६० करोड किसानहरू वार्षिक ५०% भन्दा बढी व्याजदरमा ऋण लिन

वाध्य छन्। दैनिक १०% सम्म र महिनामा ३००% सम्म व्याज लिने र तिर्न नसक्नेहरूलाई घातक आक्रमण र ज्यानै लिनेसम्मका करतुतका उदाहरण दिँदै उक्त सञ्चार माध्यमले त्यस्ता अपराधीहरूलाई प्रहरीले वह अपराधमा मुद्दा चलाउने गरेको उल्लेख गरेको छ। भारतमा ग्रामीण कर्जाको ७०% यिनै मिटरव्याजीको कब्जामा रहेको उनीहरूले ऋणीविरुद्ध गर्ने हिंसा र दिने यातना अत्यन्तै अमानवीय रहेको समेत उक्त आलेखमा उल्लेख छ।

बङ्गलादेशमा उच्च अदालतको आदेशवाटै प्रत्येक जिल्ला र उपजिल्लामा मिटरव्याजीविरुद्ध उजुरी पेटिका राखिएको छ। स्थानीय प्रशासनको क्षेत्राधिकारभित्र रही त्यस्ता व्यक्तिहरूउपर कारवाही प्रारम्भ हुन्छ। कम आय भएका तथा जायजेथा नभएका व्यक्तिहरूलाई कम व्याज दरमा बिना धितोको ऋण दिन बैङ्क तथा वित्तीय संस्था अघि सर्नुपर्ने र स्थानीय प्रशासनले मिटरव्याज पीडितहरूका उजुरी लिन अलग्गै डेस्कको व्यवस्था गर्नुपर्ने त्यहाँको Financial Express Bangladesh ले उल्लेख गरेको छ।

उपर्युक्त सैद्धान्तिक एवं तथ्यगत पृष्ठभूमिमा नेपालमा वित्तीय सेवामा पहुँच र यसको उपयोग, वित्तीय पहुँचमा मूल्य र गैरमूल्य अवरोधहरू, वित्तीय पहुँचविहीनताबाट सिर्जित दुष्परिणाम (मिटरव्याजीको शरणमा जानुपर्ने अवस्था) र वित्तीय पहुँचविहीनता तथा सीमान्तीकरणवीचको दुष्चक्र सम्बन्धमा यो अध्ययन केन्द्रित रहेको छ।

## २.५ मिटरब्याजी अभ्यास र किसानको सीमान्तीकरण

### २.५.१ मिटरब्याजी अभ्यास

माथि परिचय र समस्याको कथन खण्डमै उल्लेख गरिसकियो कि लेनदेन सम्बन्धी परम्परागत अभ्यास भन्दा फरक रूपले साहुकारहरू ऋण लगानीवाट छलछामपूर्वक ऋणीको सम्पत्ति हत्याउने, निकै चर्को व्याज असुलेर ऋणीलाई ऋणको पासोमा पारिरहने एव चर्को व्याजसहितं ऋण असूलीको लागि यातना विभिन्न खाले हिंसा र अप्ठ्यारोमा पारी वनाइएका वा कीर्ते खडा गरिएका

कागजातको आधारमा ऋणीलाई कानूनको दृष्टिले समेत दोपी सिद्ध गर्दै उनीहरूको जायजेथा हडप्ने कार्यमा संलग्न भएको विभिन्न अध्ययनहरू र सार्वजनिक सञ्चार माध्यमबाट प्रकाशित समाचारहरूले उजागर गरेका छन्। यसले उनीहरूलाई सामाजिक न्यायबाट समेत बञ्चित हुनुपर्ने स्थितिको सिर्जना गर्दै थप सीमान्तीकरणतर्फ धकेलेको पाइन्छ। यसो हुनुको मुख्य कारण उनीहरूको लागि सहज वित्तीय पहुँच नहुनु नै भन्ने विभिन्न अध्ययनबाट पुष्टि भएको छ।

### २.५.२ किसानको सिमान्तीकरण

मिटरव्याजी अपराध नियन्त्रण सिफारिस कार्यदलका संयोजक डा. भीष्मकुमार भूसालसँग नेपाल टेलिभिजनले लिएको अन्तर्वार्तामा मिटरव्याजबाट किसानहरूको कसरी उठिबास लागेको छ भन्ने बारेमा स्पष्ट विवेचना भएको पाइन्छ। उनका अनुसार मिटरव्याजी अपराध शहरमा समेत व्यापक नभएको होइन तर यसको प्रभाव ग्रामीण किसानहरूमा अझ गम्भीर रहेको देखिन्छ (नेपाल टेलिभिजन, २०७९ माघ २)। कार्यदलको प्रतिवेदनले त मिटरव्याजी अपराधको शिकार भएका ग्रामीण किसानहरू सुकुम्बासीमा परिणत हुँदै जाने अवस्था सिर्जना हुँदै गएको समेत खुलासा गरेको छ। ऋण तिर्नकै लागि भएको जायजेथा समेत वेच्नुपर्ने वा साहुले हडपी लिने, आय सिर्जना हुने सम्पत्तिको अभावमा बैंक तथा वित्तीय संस्थाबाट ऋण लिने धितो नहुने, अपरिहार्य खर्चको लागि साहुको जुनसुकै शर्त मानेर ऋण लिन वाध्य हुने र थप सिमान्तीकृत हुँदै जाने गरिबीको दुष्चक्रमा ग्रामीण किसानहरू फस्दै गएको भन्ने समाचारहरू आइरहेका छन्।

मिटरव्याजी अपराधले सिर्जना गरेको किसानहरूको सीमान्तीकरणलाई अझ गहिरो गरी अध्ययन गर्नु र वित्तीय पहुँच, मिटरव्याजी अपराध र सीमान्तीकरणको दुष्चक्र तोड्ने सम्भाव्य उपायहरू पहिल्याउने यस अध्ययनको मुख्य उद्देश्य रहेको छ।

## २.६ नेपालमा मिटरब्याजी अपराध नियन्त्रणका प्रयासहरू

### २.६.१ मिटरब्याजलाई अपराधिक क्रियाकलापको रूपमा पहिचान

मिटरव्याजी कारोवारलाई नेपाल सरकारले गम्भीर अपराधको रूपमा लिएको छ। तत्कालीन राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको संवोधन (नेपाल सरकारको नीति तथा कार्यक्रम २०७९/८०) को बुँदा नं. ३३ मा विपन्न परिवारको संरक्षण गरी गरिवीको दुष्चक्रवाट वाहिर ल्याउने नीति लिइने उल्लेख गरिएको थियो भने बुँदा नं. १३१ मा अपराधको वदिलिँदो स्वरूपवाट सिर्जित सुरक्षा चुनौतीको सामना गर्दै आतङ्कवाद तथा सङ्गठित अपराध, मिटरव्याजी, साइवर अपराध, लागु औषधको अवैध ओसारपसार र कारोवार लगायतका सबै प्रकारका अपराध नियन्त्रण गर्न सुरक्षा निकायलाई सक्षम बनाइने उल्लेख गरिएको थियो (प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, २०७९)।

उक्त नीतिमा सङ्केत गरेको भएतापनि मिटरब्याजी अपराधको परिभाषा, यसका आयामहरू, यसबाट पीडितहरूको मुक्तिका मार्गहरूको बारेमा विगतमा कुनै अध्ययन एवं लक्षित क्रियाकलाप भएका थिएनन्। पीडितहरू कागजात तथा अन्य प्रमाणको अभावमा उजुरी गर्न पनि नसक्ने बरू उल्टै पीडकबाट कानूनी झमेला एवं उत्पीडनमा पर्ने गरेका थिए। यसै क्रममा मिटरब्याजका कारण घरजग्गा गुमाएका नवलपरासीका मिटरब्याज पीडितहरुले मिति २०७९ असार ३ गते काठमाडौंको माइतीघर मण्डलामा आन्दोलन सुरु गरे भने तराईका विभिन्न जिल्लाका मिटर ब्याजपीडितहरुले समेत विभिन्न आन्दोलनको घोषणा गरे।

यसै सन्दर्भमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको मिति २०७९/०४/२७ गतेको निर्देशन एवं गृहमन्त्री बालकृष्ण खाँणको सोही दिनको निर्णयबाट गृह मन्त्रालय, नीति योजना अनुगमन तथा मूल्याङ्कन महाशाखाका सहसचिव डा.भीष्मकुमार भूसालको संयोजकत्वमा गठित

मिटरब्याजी अपराध नियन्त्रणका उपाय सिफारिस गर्न  अनुसूची नं १ बमोजिमको कार्यदल गठन गरी कार्यादेश दिइयो।

सो कार्यदलले मिति २०७९/०५/०५ भित्रमा मिटरब्याजपीडितहरूबाट जिल्ला प्रशासन कार्यालयहरूमा उजुरी दर्ता गर्न सूचना आह्वान गरेकोमा विभिन्न जिल्लाहरुमा तत्कालीन समयमा ३००० भन्दा बढी उजुरी प्राप्त भए। दर्ता भएका उजुरी मध्ये कोशी प्रदेशमा ९२(५%), मधेश प्रदेशमा १३३०(६९%), वाग्मती प्रदेशमा २०२(१०%), गण्डकी प्रदेशमा ३५(२%), लुम्बिनी प्रदेशमा २११ (११%), कर्णाली प्रदेशमा २२(१%), र सुदूरपश्चिम प्रदेशमा ४५(२%) रहेका थिए (गृह मन्त्रालय, २०७०, पृ. ६)।

पहाडी जिल्लाका ठूला शहर रहेका केही जिल्लामा मात्र मिटरब्याजी विरूद्धका उजुरी दर्ता भएतापनि मधेश प्रदेशका सबै जिल्लामा मिटरब्याजी विरूद्ध उजुरी दर्ता भए। उक्त प्रदेशका जिल्लाहरूमध्ये सर्लाहीमा ४२७, सिरहामा २८९, महोत्तरीमा १९१, धनुषामा १४०, सप्तरीमा ११४, पर्सा ८३, बारामा ४५ र रौतहटमा ४१ वटा उजुरी दर्ता भए। देशभरका उजुरीको २२% त सर्लाहीमा मात्र दर्ता भएका थिए।

कार्यदलले मिति २०७९ भाद्र ८ देखि ऐ. १२ गतेसम्म लुम्बिनी प्रदेशको नवलपरासी (ब.सु.प), मधेश प्रदेशका सर्लाही, महोत्तरी, धनुषा, सप्तरी र सिरहा तथा प्रदेश नं. १ (कोशी) को मोरङ गरी ७ वटा जिल्लामा पुगी पीडितहरू, स्थानीय जनप्रतिनिधिहरू, बैङ्क, वित्तीय संस्था तथा सहकारीका प्रतिनिधिहरू, सञ्चारकर्मी र स्थानीय प्रशासनसँग छलफल तथा अन्तर्क्रिया गरेको थियो भने मिति २०७९/०५/१७ काठमाडौंमा समेत सञ्चारकर्मीसँग छलफल तथा अन्तर्क्रिया गरेको थियो ।

पीडितहरू, स्थानीय तहका जनप्रतिनिधिहरू सञ्चारकर्मीहरू स्थानीय प्रशासन बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधिहरू कानूनविद्सँग अन्तक्रिया गरी कार्यदलले प्रतिवेदनमा स्थानीय प्रशासनले प्राप्त उजुरीमा तत्काल छानबिन र कारवाहीमा निरन्तरता दिनुपर्ने शीर्षक अन्तर्गत ४ वटा, सङ्घीय

एकाईहरूको भूमिका र राजनीतिक प्रतिवद्धता शीर्षकमा ५ वटा, सरकारका वार्षिक नीति तथा कार्यक्रम अन्तर्गत २ वटा, कानूनी सचेतना र सुधार अन्तर्गत १० वटा एवं सचेतना साक्षरता र वित्तीय पहुँच अन्तर्गत ११ वटा गरी जम्मा ३२ बुँदामा आफ्नो सिफारिश सहितको प्रतिवेदन प्रस्तुत गरेको थियो ।

साथै प्रतिवेदनमा ऋणीले मिटरब्याजीसँग ऋण लिनुपर्ने बाध्यकारी कारकहरू, श्रमिक तथा गरीब किसानहरूको बैङ्क तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जामा पहुँच नपुग्नाका कारणहरू, साहुमहाजनसँग ऋण लिने प्रक्रिया, मिटरब्याजी विरूद्ध उजुरी गर्दा पनि ऋणी पक्ष कमजोर हुने कारणहरू, मिटरब्याजको दुष्चक्र, मिटरब्याजी विरूद्धको कारवाहीका अन्तर्राष्ट्रिय अभ्यासहरू एवं अदालती प्रक्रियामा पीडितको अवस्थाका बारेमा समेत विस्तृत विश्लेषण गरिएको थियो (कार्यदलको प्रतिवेदनको सिफारिस खण्ड अनुसूची २ मा समावेश छ)। त्यही प्रतिवेदन नै संसदीय समितिहरू संघीय संसदका दुवै सदनहरू र उक्त समस्या समाधान गर्न पछि गठन भएको जाँचबुझ आयोगका लागि समेत प्रमुख आधार बन्न पुगेको देखिन्छ।

मिटरब्याज अपराध नियन्त्रण सिफारिस कार्यदलबाट मिति २०७९/०५/०६ मा उजुरी उपर छानविन गर्न जिल्ला प्रशासन कार्यालयहरुलाई पठाइएको सामान्य मार्गदर्शन, सो कार्यदलबाट प्रतिवेदन कार्यान्वयनका लागि जिल्ला प्रशासन कार्यालयहरुलाई पटक पटक भएको पत्राचारबाट घण्ण् भन्दा बढी उजुरीहरु फछ्र्यौट हुन पुगे।

कार्यदलले आफ्नो प्रयास त्यतिमा मात्र सीमित गरेन। आफैले गरेको सिफारिस बमोजिम मिटरव्याजी अपराध नियन्त्रण गर्न विद्यमान कानूनमा गर्नुपर्ने परिमार्जन एवं स्थानीय तहबाट कागजात प्रमाणीकरण गर्दा अपनाउनु पर्ने कार्यविधिको समेत मस्यौदा तयार गरी २०७९।०९।०९ मा तत्कालीन उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेलाई बुझायो र गृह मन्त्रालयले ती

मस्यौदा कानून न्याय तथा संसदीय मन्त्रायलयमा पठाएको थियो। उक्त कानुनको मस्यौदा नै मिटरब्याज अपराध विरूद्धको कानून बनाउन कोसेढुङ्गा सावित भएको देखिन्छ।

यसै बीच कानूनी प्रवन्धको रूपमा मिटरब्याज शब्द हटाई मिति २०८० वैशाख २० गते मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० जारी भएको देखिन्छ जसले गृह मन्त्रालयबाट गठित कार्यदलले गरेको मिटरब्याजको परिभाषा बमोजिम नै अनुचित लेनदेनको परिभाषा गरेको देखिन्छ। तदनुरूप मुलुकी अपराध संहिता २०७४ को दफा १४९ पछि २४९क मा अनुचित लेनदेन गर्न नहुने भन्ने व्यवस्था गरिएको छ। जस अनुसार-

घरसारमा कसैले देहायका काम गरेमा अनुचित लेनदेन गरेको वा गराएको मानिनेछ:

(क) लेनदेन नभएको वा नगरेको रकम दिएको भनी लिखत तयार गर्ने,

(ख) लेनदेन गरेको वास्तविक रकमभन्दा बढी रकमको लिखत तयार गर्ने,

(ग) लेनदेन गर्दाकै बखतमा ब्याज रकम समेत सावाँमा जोडी लिखत तयार गर्ने,

(घ) ब्याजलाई सावाँमा जोडी नयाँ लिखत तयार गर्ने,

(ङ) ऋणीले तिरे बुझाएको रकमको भरपाई नदिने वा लिखत नबनाउने,

(च) ऋणको सावाँभन्दा बढी ब्याज लिने,

(छ) ऋण असुलीको लागि कुनै प्रकारको धम्की दिने वा हिसा वा शोषण गर्ने,

(ज) अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिने।

उपर्युक्त बमोजिम अनुचित लेनदेन गरेको प्रमाणित भएमा ऐनको दफा २४९क(४) ले सात वर्षसम्म कैद र सत्तरी हजारसम्म जरिवाना हुने व्यवस्था गरेको छ ।

मुलुकी देवानी संहिता २०७४ को दफा ४७७ मा खण्ड (ञ१) थप गरी लिखत तयार गर्दाका बखत साहु र ऋणीको कम्तीमा एक एक जना साक्षीको नाम, थर र ठेगाना राख्नुपर्ने र दफा ४८८ मा प्रतिबन्धात्मक वाक्यांश थप गरी “तर एक लाख रूपैयाँभन्दा बढीको लेनदेन कारोबार

नगर्दै वा घरसारमा गरेको अवस्था भएमा त्यस्तो रकम भराई दिइने छैन" भन्ने व्यवस्था गरेको छ । त्यसै गरी मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा ३६ मा ३क थप गरी यो उपदफा प्रारम्भ हुँदाका बखत उपदफा (२) बमोजिम स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयमा प्रमाणित नगराइएका लेनदेन कारोबारका लिखतहरू यो उपदफा प्रारम्भ भएको मितिले छ महिनाभित्र प्रमाणित गराउनु पर्नेछ भन्ने व्यवस्था र ३ख मा लेनदेन कारोवारको लिखत प्रमाणित गर्नु अघि सम्वन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले त्यस्तो लिखत बमोजिमको कारोवारको सत्यता सम्बन्धमा आवश्यक जाँचबुझ गर्न सक्नेछ" भन्ने व्यवस्था गरिएको छ।

त्यसै गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा दफा ३क थप गरी अनसुन्धान अधिकारीले अनुचित लेनदेन सम्बन्धी कसूरमा अनसुन्धान गर्दा साहुले अस्वभाविक रूपमा ठूलो रकम घरसारमा ऋण दिएको देखिएमा प्रचलित कानून बमोजिम सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा अनसुन्धान गरी कारवाही चलाइनेछ" भन्ने व्यवस्था गरिएको छ।

उक्त अध्यादेशलाई संघीय संसदको दुवै सदनबाट पारित गरी २०८० साउन १२ गतेको राजपत्रमा प्रकाशित समेत गरिएको छ। अध्यादेशमा भएका कतिपय व्यवस्थाहरू ऐनको रूपमा आउँदा थप व्याख्या वा परिवर्तन समेत भएका छन्।


ऐन आउँदा मुलुकी अपराध संहिताको दफा २४९क(५) मा गरेको व्यवस्था बमोजिम अनुचित लेनदेनको कसूर गर्ने कसूरदारले त्यस्तो लेनदेनको आधारमा ऋणीबाट कुनै रकम वा चल सम्पत्ति लिएको रहेछ भने कारोवार भएको वास्तविक रकम र कानून बमोजिमको ब्याज निलाई दिलाई बाँकी रकम वा अन्य चल सम्पत्ति सम्बन्धित ऋणीलाई कसूरदारबाट भराइदिनु पर्नेछ भन्ने व्यवस्था थप गरिएको छ।

### २.६.२ अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०७९ को गठन र कार्यसम्पादन

नेपाल सरकारको मिति २०७९ चैत्र २० को निर्णयानुसार जाँचबुझ आयोग ऐन २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सोही दफाको उपदफा (३) बमोजिम अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धमा जाँचबुझ गर्न विशेष अदालतका पूर्व अध्यक्ष गौरीबहादुर कार्कीको अध्यक्षतामा तीन सदस्यीय अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०७९ गठन भएको देखिन्छ (नेपाल राजपत्र खण्ड ७३ भाग ५ मिति २०८० वैशाख ४) जसको कार्यदिश अनुसूची ३ मा उल्लेख गरिएको छ। उक्त आयोगले मिति २०८०/०२/२९ गते स्थानीय तह र वडा समितिले तमसुक प्रमाणित गर्ने सम्बन्धी कार्यविधि जारी गर्‍यो जसले कपाली तमसूक प्रमाणित गर्दा ध्यान दिनुपर्ने कुराहरू स्पष्ट पारेको छ।

उक्त आयोगको मुख्य कार्यालय जनकपुरधाम धनुषामा तथा सम्पर्क कार्यालय काठमाडौंमा स्थापना गरी मिति २०७९।१२।२६ गते देखि काम सुरु गरेको थियो।

यस आयोगले छुटेका पीडितहरूबाट निवेदन आह्वान गर्ने प्रयोजनार्थ ७७ वटै जिल्ला प्रशासन कार्यालयहरूमा पीडित सहायता कक्ष स्थापना गरी पीडितहरुबाट पहिलोपटक १५ दिन, पुनः ७ दिन र ७ दिन म्याद थप गरी मिति २०८०/०१/१७ गते देखि २०८०/०२/१४ गतेसम्म २९ दिनको समयमा र पुनः मिति २०८०/०५/३१ देखी एक हप्ता सम्म निवेदन सङ्कलन गरिएको र देशैभरबाट निम्नानुसार हालसम्म २७,२७० वटा उजुरी दर्ता भएको देखिन्छ जसअनुसार मधेश प्रदेशमा २०,५१८, लुम्बिनी प्रदेशमा ३,४८०, बागमती प्रदेशमा १,५८१, कोशी प्रदेशमा १,०१७, गण्डकी प्रदेशमा १८७, सुदूरपश्चिम प्रदेशमा २१७ र कर्णाली प्रदेशमा १८७ रहेका थिए। उक्त तथ्याङ्कलाई रेखाचित्र २.१ मा देखाइएको छ जसको प्रदेशगत वितरण निम्नानुसार छः




*चित्र २.१*

मिटरब्याजपीडित उजुरीको प्रदेशगत वितरण

माथिको चित्रबाट स्पष्ट हुन्छ कि मिटरब्याजीबाट सबैभन्दा बढी आक्रान्त भएको प्रदेश मधेश हो भने दोस्रोमा लुम्बनी प्रदेश पर्दछ जसमा पनि खास गरी तराईका जिल्लाहरूमा यो समस्या गम्भीर देखिन्छ। सबैभन्दा कम समस्या कर्णाली प्रदेशमा देखिन्छ।

जिल्लागत रूपमा सबभन्दा बढी उजुरी क्रमशः सिराहा ३,७८८, धनुषा ३,५१५, बारा ३,३२२, महोतरी २,३३६ र रौतहट २,०७८ रहेका छन्। अर्कोतर्फ पहाडी जिल्लाहरू ताप्लेजुङ, तेह्रथुम, धनकुटा, सोलुखुम्बु, रसुवा, मनाङ, मुस्ताङ, म्याग्दी, पाल्पा, गुल्मी, रुकुम पूर्व, डोल्पा, हुम्ला, मुगु, दैलेख, रुकुम पश्चिम, बाजुरा, बझाङ, दार्चुला, अछाम, वैतडी र डोटी गरी २२ जिल्लामा कुनै पनि उजुरी दर्ता भएको देखिएन।

संयोगवश र आयोगले काम गर्दै गर्दा नै मिटरब्याज सम्बन्धी समस्या समाधानका लागि मिति २०८०।०१।२० गते "केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८०" जारी गरी सो मार्फत कानूनी प्राप्त गरेको थियो। उक्त अध्यादेशलाई प्रतिस्थापन गर्ने गरी संघीय संसदको दुवै सदनबाट अनुचित लेदेन सम्बन्धी कार्यलाई कसूर कायम गर्नको लागि "मुलुकी संहिता सम्बन्धी

केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८०" पारित भई मिति २०८०/०४/१२ मा नेपाल राजपत्रमा प्रकाशन भयो। मिति २०८० मंसिर २६ गते "अनुचित लेनदेन (मिटर ब्याज)" सम्बन्धी जाँचबुझ आयोग, २०७९ का अध्यक्ष गौरी बहादुर कार्कीले तत्कालीन प्रधानमन्त्रीसमक्ष आयोगले गरेका काम कारवाही तथा सुझाव सहितको प्रतिवेदन प्रतिवेदन बुझाएसँगै उक्त आयोग विघटन भयो।

तत्पश्चात मिटरब्याजविरुद्ध कारवाही प्रकृयालाई निरन्तरता दिन मिटरब्याज उजुरी फछ्र्यौट सम्बन्धी कार्यविधि तर्जुमा गरी दुवै पक्षको बीचमा छलफल तथा मेलमिलाप समेत गराउने र सहमति नभएका विषयमा कानून बमोजिम मुद्दा दर्ता गर्ने लगायतका जिम्मेवारी नेपाल प्रहरीलाई प्रदान गर्ने र प्रमुख जिल्ला अधिकारीले सो को अनुगमन गर्ने व्यवस्था सहित गृह मन्त्रालयले कार्यविधि तयार गरी कार्यान्वयनका पठाएको देखिन्छ।

दर्ता हुन आएका उजुरीउपर छलफल गरी उजुरी फछ्र्यौट गर्न प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा समन्वय÷सहजीकरण समिति तथा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा प्रहरी अधिकृत, जिल्ला प्रहरी कार्यालय, सहायक जिल्ला न्यायाधिवक्ता- जिल्ला सरकारी वकील कार्यालय र सदस्य सचिव- नायव सुब्बा रहने गरी विशेष सहयोगी कार्यदल गठन गरी सहमती÷फछ्र्यौट सम्बन्धी कार्य हुँदै आएको देखिन्छ।

मिति २०८०।१०।०८ गते गृह मन्त्रालयबाट पेश भएको अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी कार्यसम्पादन कार्यविधि नेपाल सरकार मन्त्रिपरिषदबाट स्विकृत भई जिल्ला प्रशासन कार्यालयमा भएका अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धि उजुरी÷निवेदनहरु सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा हस्तान्तरण भई कार्यान्वयन भैरहेको देखिन्छ।

दर्ता हुन आएका २७,२७० उजुरीहरूमध्ये उक्त आयोगले प्रतिवेदन बुझाउँदासम्म १०,८०७ वटा (३९.६३%) उजुरी उपर छलफल भई ५,२०० (१९.०७%) वटा उजुरी अर्थात् फर्छ्यौट

गरिएको देखिन्छ। जिल्लागत हिसाबले बारा जिल्लामा सबभन्दा बढी ६५२ वटा उजुरी फछ्र्यौट गरिएको देखिन्छ।

प्रतिवेदन अवधिसम्म फछ्र्यौट उजुरीबाट कुल ५ अर्ब ५७ करोड १९ लाख ९९ हजार ३ सय ९९ रुपैयाँ लेनदेन कारोवार भएको र साहुबाट ७ अर्ब ६२ करोड ८० लाख १ सय ३४ माग गरेको देखिएकोमा अनुचित लेनदेनको परिभाषा भित्र नपर्ने, आपसी सहमतिमा मिलापत्र गर्न निवेदन फिर्ता लिएको, निवेदकले निवेदन फिर्ता लिएको, लिनदिन नपर्ने गरी मिलापत्र भएको, अदालतमा मुद्दा रहेको तथा फैसला समेत भइसकेको, जग्गा खरिद विक्री सम्बन्धी कारोवार भएको देखिएको, साहुद्वारा मिनाहा गरिएको लगायतका कारणबाट दुवै पक्ष बीच लिनदिन नपर्ने गरी सहमती तथा फछ्र्यौट भएको तथा बाँकी उजुरी लिनदिन पर्ने गरी कुल १ अर्ब ७२ करोड ८६ लाख ६५ हजार १ सय ५४ रुपैयाँमा दुवै पक्ष बीच सहमतीमा टुँगिएको जानकारी प्रतिवेदनमा उल्लेख छ । त्यसको अतिरिक्त २१८ विघा १० कठ्ठा ०७ धुर जग्गा समेत साहुबाट निवेदकलाई फिर्ता गराइएको गृह मन्त्रालयबाट प्राप्त विवरणबाट जानकारी प्राप्त भएको छ।


### २.६.३ अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०८० को गठन र कार्यजिम्मेवारी

माथि उल्लिखित कार्यसम्पादन भैसकेपछि पनि मिटरब्याजपीडितहरूको आन्दोलन फेरि सुरु भएको देखिन्छ। आन्दोलनकारीका पछिल्ला माग सम्बोधन हुने गरी कार्य गर्न र अनुचित लेनदेन (मिटरब्याज) अपराध नियन्त्रणका लागि सुझाव सहितको प्रतिवेदन पेश गर्न मिति २०८० फागुन २८ गते जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) बमोजिम उच्च अदालतका पूर्व न्यायाधीश श्री तेज बहादुर कार्कीको अध्यक्षतामा अनुसूची ३ बमोजिमको संरचना र कार्यादेश हुने गरी अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०८० गठन गरिएको छ जसले यसअघिको आयोगले संकलन गरी हाल नेपाल प्रहरीमा पठाइएका र आयोग गठन भएपछि

निवेदकबाट प्राप्त हुने नयाँ उजुरीहरुमाथि समेत पुनः जाँचबुझ गर्ने सहमति भएको छ (कान्तिपुर २०८० फागुन २८)।

## २.७ वित्तीय पहुँचविहीनताको सैद्धान्तिक खाका

परिच्छेद एक र दुईका अघिल्ला खण्डहरूमा उल्लेख गरिसकियो कि वित्तीय सेवामा पहुँच भन्नाले बचत, ऋण र बीमामा पहुँचलाई बुझ्नु पर्दछ । उपर्युक्त आलोकमा वित्तीय पहुँचविहीनतालाई चित्र २.२ बमोजिमको सैद्धान्तिक खाका (Theoretical Framework) मा प्रस्तुत गर्न सकिन्छ।




चित्र २.२ वित्तीय पहुँचविहीनताको सैद्धान्तिक खाका


स्रोतः शोधकर्ता स्वयंले तयार गरेको

जुन व्यक्ति वा परिवार औपचारिक वित्तीय क्षेत्रवाट वाहिर पर्दछ उसले वित्तीय आवश्यकता पुरा गर्न अनौपचारिक क्षेत्रमा जानै पर्ने वाध्यता हुन्छ। त्यो क्षेत्रमा मिटरव्याजीहरू वैकल्पिक वित्तीय स्रोत आपूर्तिकर्ता देखिएका छन्।

## २.८ विश्लेषणात्मक खाका (Analytical Framework)

साहित्यको पुनरावलोकन पश्चात् वित्तीय पहुँच कमजोर हुँदा कुनै व्यक्ति मिटरव्याजीकहाँ पुग्नुपर्ने अवस्था कसरी सिर्जना हुन्छ ? आफूकहाँ आइपुगेको ऋणीलाई कसरी मिटरव्याजीले नक्कली कागजातको जालोमा फसाउँछ ? कागजातबाट कानूनी रूपले आफू बलियो भएपछि ऋणीलाट उसले

कसरी शोषण गर्छ ? कसरी क्रमशः ऋणी आर्थिक सीमान्तीकरणको दुष्चक्रमा फस्न पुग्छ ? भन्ने कुरालाई मामिला अध्ययनको माध्यमबाट परीक्षण गर्न वित्तीय पहुँच, मिटरब्याज र सीमान्तीकरणको दुष्चक्रलाई चित्र नं २.३ मा उल्लिखित चित्रवमोजिमको विश्लेषणात्मक खाका प्रस्तुत गरिएको छ।




*चित्र नं २.३*

अध्ययनको विश्लेषणत्मक खाका (Analytical Framework)

स्रोतः शोधकर्ता स्वयंले तयार गरेको ।

उपर्युक्त खाकाभित्र रही आगामी परिच्छेदहरूमा स्थलगत मामिला अध्ययनको प्रश्नावली तर्जुमा एवं सङ्कलित तथ्याङ्कको विश्लेषण र व्याख्या गरिएको छ।

# परिच्छेद तीन

## अनुसन्धान विधि (Research Methodology)

### ३.१ शोध ढाँचा (Research Design)

#### ३.१.१ शोध ढाँचाको सैद्धान्तिक आधार

प्रस्तुत शोधकार्यमा गुणात्मक तथा परिमाणात्मक दुवै अर्थात मिश्रित विधि अपनाइएको छ। शोध ढाँचामा गुणात्मक र परिमाणात्मक विधिशास्त्रको बारेमा सन् १९७० को दशकदेखि नै लामो बहस हुँदै आएको छ। यी दुईका दर्शनशास्त्रीय चरित्र र ज्ञान सिर्जना गर्ने क्षमतामा शोधकर्ताहरूका आआफ्नै तर्कहरू छन् (Onwuegbuzie & Leech, 2005, Sale, Lohfeld, & Brazil, 2002, Powell, Mihalas, Onwuegbuzie, Suldo and Daley, 2008, Sechrest and Sidani, 1995)। पछिल्ला दशकहरूमा आधुनिक अनुसन्धाताहरूले गुणात्मक तथा परिमाणात्मक दुवै विधिको संयोजन अर्थात मिश्रित विधि (mix method) ले एउटा विधिले दिन नसक्ने उत्तरहरू समेत प्राप्त हुने तर्क गरेका छन् (Carey, 1993)। यो विधि विभिन्न विधाका शोधकर्ताहरूबाट प्रयोगमा ल्याइएको र लोकप्रिय हुँदै गएको छ। सत्ता/तत्व मिमांसा, ज्ञानमिमांसा र तर्कका विभिन्न आयामहरू (ontology, epistemology, and the modes of reasoning) को दर्शनशास्त्रीय आधारशिलामा मिश्रित विधिले ज्ञानको सिर्जना गर्न उल्लेख्य योगदान दिने तर्क Siangchokyoo & Sousa-Poza (2012) ले गरेका छन्।

#### ३.१.२ शोधको प्रकृति (Nature of Research)

प्रस्तुत शोध कार्यले गरिब किसानहरूको आयस्तर वित्तीय सेवामा पहुँच पहुँचविहीनताको अवस्थामा वित्तीय सेवाको विकल्प र वैकल्पिक सेवाका परिणतिबाट सिर्जना हुने शोषण र सीमान्तीकरणको चक्रको समाजशास्त्रीय आलोकमा अध्ययन गर्नमा केन्द्रित छ। गरिव किसानहरूको वित्तीय पहुँच नहुँदा कसरी मिटरव्याजीहरूको चङ्गुलमा पर्न वाध्य हुन्छन् ? त्यसले गरिबीको दुष्चक्रमा पुऱ्याउँछ र मिटरव्याज र सामाजिक सीमान्तीकरणबीचको सम्बन्ध कस्तो छ भन्ने कुराको स्थलगत

मामिला अध्ययन यो शोधको प्रकृति हो। स्थलगत अवलोकन र सूचना सङ्कलन गर्दै गर्दा यसको अन्तर्निहित सिद्धान्तलाई मनन गरी निष्कर्ष निकाल्नु यो शोधको चरित्र हो।

### ३.१.३ अध्ययनको क्षेत्र, जनसङ्ख्या र नमूना छनोट

प्रस्तुत शोधकार्यमा किसानहरूको आयस्तर वित्तीय सेवामा पहुँच शोषण र सीमान्तीकरणलाई अध्ययनको क्षेत्रको रूपमा लिइएको छ। आफूलाई पीडित महसूस गरी न्यायिक उपचारको लागि स्थानीय प्रशासनमा उजुरी वा निवेदन दिने सबै निवेदक वा उजुरीकर्ताहरू (घर परिवार) यसको जनसंख्या रहेका छन् ।

नमूना छनोटमा सुविधाजनक नमूना छनोट विधि (convenience sampling) अपनाइएको छ। त्यसको लागि गृह मन्त्रालयको मिटरव्याज अपराध नियन्त्रण सिफारिस कार्यदलको प्रतिवेदन अनुसार मिति २०७९।०४।२८ देखि २०७९।०५।०७ सम्ममा ११४ वटा उजुरी दर्ता भएको सप्तरी जिल्लाका सिमान्तकृत तथा दलित समुदायका किसान परिवारहरूलाई अध्ययन गरिएको छ। ती उजुरकर्ताहरूबाट नमूनाको आकारमा सम्बन्धमा कँडेल/Kadel (2020, p. 227) ले उल्लेख गरे अनुसार न्यूनतम संख्या अर्थात ५० परिवारलाई नमूनाको रूपमा छनोट गरिएको छ।

### ३.१.४ शोध ढाँचाको छनोट

शोध ढाँचाको छनोट गर्दा गुणात्मक तथा परिमाणात्मक दुबै ढाँचा अवलम्बन गरिएको छ। गुणात्मक विधिले न्यून सहसम्बन्धको अवस्था, नयाँ विशेषताको अध्ययन र कुनै विषयवस्तुमा सघन अन्तर्दृष्टि हासिल गर्न सहयोग पुग्ने हुन्छ भने परिमाणात्मक विधिले तथ्याङ्कको भरपर्दोपना र तुलनायोग्यता, ठूलो परिमाणको सूचनाको विश्लेषण र दोहोरिएको इनपुटको गणना गर्न समेत सजिलो हुने मानिन्छ। तथापि ती दुबैका कमजोर पक्षलाई समेत नजरअन्दाज गरिएको छैन।

मिश्रित ढाँचा अन्तर्गत पनि अन्तरनिहित मामिला अध्ययन ढाँचा (embedded case study design) को प्रयोग यस अध्ययनमा गरिएको छ। कुनै मामिलाको पुरै चरित्रको अध्ययन गर्दा यसका

विभिन्न अवयवहरूको अध्ययन गर्नुपर्छ भन्ने Yin (2009) को मत छ। यसको लागि उनले सर्भे प्रश्नावली, अन्तर्वार्ता, अवलोकन जस्ता तथ्याङ्क सङ्कलनका विधिहरू सुझाएका छन्।

### ३.१.५ विश्लेषणको इकाई

प्रस्तुत अध्ययनमा मिटरव्याज पीडितहरूको जनसांख्यिक अवस्था, आयको स्तर, वित्तीय सेवामा पहुँच, सामाजिक सुरक्षामा पहुँच, ऋणको आवश्यकता र प्रयोजन, ऋणको लागि साहुकारकहाँ जानुपर्ने कारणहरू, साहुकारले ऋण प्रदान गर्दा र असूली गर्दा अपनाउने प्रकृया, मिटरब्याजपीडितले भोग्नुपरेका समस्याहरू, न्यायमा पहुँचको अवस्थाबाट सिर्जित गरिबी र सिमान्तीकरणको दुष्चक्रको अध्ययन गर्न मिटरब्याजपीडित भनेर आफूलाई दावी गर्ने र सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा जिल्ला प्रहरी कार्यालयमा मिटरब्याजी अर्थात् पीडक विरुद्ध निवेदन दर्ता गराएका हरूलाई अध्ययनको इकाईको रूपमा लिइएको छ।

### ३.१.६ सहभागी छनोट विधि

सहभागीको छनोट गर्दा सहजताको नमूना छनोट विधि (convenience sampling method) प्रयोग गरिएको छ। मिटरब्याजपीडितको उल्लेख्य संख्या रहेका मध्यतराईका जिल्लाहरूमध्यै सप्तरी जिल्ला छनोट गरी जिल्ला प्रशासन कार्यालय सप्तरीबाट मिटरब्याजपीडितहरुको निवेदन/उजुरी परेका पालिकाहरूको जानकारी लिइएको थियो। ती पालिकाहरूमध्ये राजगढ र महादेवा गाउँपालिकाका उजुरीकर्ताहरूलाई पत्रकार ललिता साहको सहयोगमा राजबिराज बोलाएर तथा राजविराज र डाक्नेश्वरी नगरपालिकाका पीडित उजुरीकर्ताहरूका घरघरमै गएर तथ्याङ्क सङ्कलन गर्ने निर्णय गरिएको थियो। त्यसरी उत्तरदाता छनोट गर्दा उजुरी दिएकामध्ये स्वतस्फूर्त रूपमा उत्तर दिन चाहने जो कोहीलाई सहभागीको रूपमा छनोट गर्ने नीति लिइएको थियो। उत्तरदाता व्यक्ति भएपनि यस अध्ययनमा विश्लेषणको एकाई घरपरिवार हो।

### ३.१.७ तथ्याङ्कको स्रोत

अध्ययनको क्रममा गृह मन्त्रालयबाट गठित कार्यदलका प्रतिवेदनहरू, विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित समाचार तथा श्रव्यदृष्यहरू, मिटरब्याज, वित्तीय पहुँचविहीनता र सीमान्तीकरण सम्बन्धी अन्य देशको अवस्था विश्लेषण गरिएका शोधपत्रहरू र अन्तर्राष्ट्रिय समाचार पोर्टलहरूबाट द्वितीयक र मिटरब्याजपीडित समुदायबाट सङ्कलित प्राथमिक स्रोतको तथ्याङ्क सङ्कलन र प्रयोग गरिएको छ।

## ३.२ शोध विधि (Research Method)

### ३.२.१ तथ्याङ्क सङ्कलनका औजारहरू

तथ्याङ्क सङ्कलनको प्रारम्भिक विन्दू गृह मन्त्रालयबाट गठित कार्यदलको प्रतिवेदन रहेको थियो। उक्त प्रतिवेदनका आधारमा मिटरब्याजबाट पीडित समुदाय बढी भएका तराईका जिल्लाहरूमध्ये एउटा जिल्ला छान्न उपयुक्त देखियो। ती जिल्लामध्ये सप्तरीमा एकजना स्थानीय पत्रकारबाट अनुवाद एवं लक्षित समूहसम्म पुग्ने सहजता हुने देखेर उक्त जिल्ला छान्नु पर्ने अवस्था आयो।

प्रश्नावलीको तर्जुमा गर्दा आय, पहुँचविहीनता र सीमान्तीकरणको समाजशास्त्रीय दृष्टिकोणलाई मध्यनजर गरियो संरचित प्रश्नावली बनाउन उपयुक्त देखियो। तदनुरूप अनुसूची ५ बमोजिमको प्रश्नावलीको नमूना तयार गरी शोध सुपरीवेक्षकसमक्ष आवश्यक परिमार्जनका लागि प्रस्तुत गरिएको थियो। उहाँबाट प्राप्त सुझावहरुलाई समावेश गरी संरचित प्रश्नावली (structured questionnaire) लाई अन्तिम रूप दिई मिति २०८० माघ १५ देखि २४ सम्म स्थलगत अध्ययन गरिएको थियो ।

अध्ययनको क्रममा मिटरव्याजीबाट ऋण लिएका परिवारसँग संरचित प्रश्नावलीमा (structured questionnaire) आधारित भई व्यक्तिगत अन्तर्वार्ता लिइएको छ। कतिपय अन्तर्वार्ताको श्रव्यदृष्य तथा तस्वीर समेत लिइएको छ। त्यसको साथै उनीहरूको वसाईको स्थिति, रोजगारमा संलग्नता,

जग्गाको स्वामित्व लगायतका विषयमा अवलोकन र समुदायको समग्र समस्याको वारेमा यथासम्भव लक्षित वर्ग छलफल (focused group discussion) समेत गरिएको छ। यस अध्ययनबाट गुणात्मक तथा परिमाणात्मक दुवै खाले प्राथमिक तथ्याङ्क (primary data) सङ्कलन गरिएको छ । त्यसै गरी गृह मन्त्रालयको कार्यदलको प्रतिवेदन एवं मिटरव्याजी विरुद्धका उजुरी छानविन सम्बन्धी प्रतिवेदनबाट द्वितीयक तथ्याङ्क (secondary data) लाई विभिन्न स्थानमा आधार लिइएको छ।

### ३.२.२ तथ्याङ्क विश्लेषण र प्रस्तुति प्रकृया

सङ्कलित तथ्याङ्कको वर्गीकरण, साङ्केतीकरण र विश्लेषण गर्दा विभिन्न तथ्याङ्कशास्त्रीय विधिहरू एवं अङ्कगणीतीय औजारहरूको प्रयोग गरिएको छ। उमेर समूह, अनुपात, प्रतिशत, समग्र प्रतिशत, रेखाचित्र (स्तम्भ चित्र, बारग्राफ, पाइ चार्ट आदि), स्मार्ट चित्र, फ्लो चार्ट आदिको प्रयोग गरी प्रस्तुतिलाई वोधगम्य र तुलनायोग्य बनाइएको छ। गुणात्मक तथ्याङ्कको विश्लेषण गर्दा अधिकांश उत्तरदाताहरूले भनेको कुरालाई निष्कर्षको रूपमा चित्रित गरिएको छ।

### ३.२.३ विश्वसनीयता, वैधता र गुणस्तर

शोधबाट प्राप्त विवरणको आधारमा निष्कर्ष निकाल्नु अघि त्यस सम्बन्धी साहित्य र अन्य तथ्यहरूबाट त्रिकोणीकरण गर्ने प्रयास गरिएको छ। त्रिकोणीकरणका लागि जिल्ला प्रशासन कार्यालय सप्तरीको तथ्याङ्क, स्थलगत अध्ययनवाट प्राप्त नतिजा र विभिन्न पत्रिकामा प्रकाशित विश्लेषणात्मक समाचारको सहयोग लिइएको छ। यसको वैधताका लागि उनीहरूले भरेका प्रश्नावली र दिएको उत्तरहरूको रेकर्डलाई सुरक्षित र गोप्य राखिएको छ। शोधको गुणस्तर कायम गर्न यस अघिका समान प्रकृतिका शोध अनुसन्धानसँग यथासम्भव तुलना गर्ने प्रयास समेत गरिएको छ।

### ३.२.४ नैतिक पक्षहरू

उत्तरदाताको गोपनीयता र सुरक्षाका लागि उनीहरूबाट प्राप्त उत्तरको साङ्केतिकरण (coding) गरिएको छ। तथ्याङ्कको प्रस्तुति विश्लेषण र निष्कर्षमा कसैको नाम उल्लेख गरिएको छैन।

उनीहरूले उत्तर दिने क्रममा गरिएको रेकर्डको गोपनीयता कायम राखिएको छ र उनीहरूले दिने सूचना, विचार तथा जानकारी गोप्य रहने जानकारी पनि दिइएको छ।

### ३.२.५ अध्ययनको सीमा (Delimitation of the Study)

मिटरब्याजी समस्या तराईका अधिकांश जिल्ला र शहरी क्षेत्रमा व्याप्त भए तापनि प्रस्तुत अध्ययनले मिटरब्याजपीडितको संख्या तुलनात्मक रूपले बढी भएको मधेश प्रदेशको सप्तरी जिल्लाका केही पालिकाका मिटरब्याजपीडितहरूको मात्र अध्ययन गरेको छ। नमूना छनोटको संख्या सानो भएकोले यसबाट प्राप्त सबै नतिजाहरूको सामान्यीकरण गर्न नसकिने हुनसक्छ। यस अध्ययनले शहरी क्षेत्रका तथा कृषि बाहेक अन्य पेशामा रहेका मिटरब्याजपीडितहरूको प्रतिनिधित्व गर्दैन। समय र आर्थिक स्रोतको सीमाका कारण आय गरिबी पहुँचविहीनता र सीमान्तीकरणका केही चरहरू मात्र यस अध्ययनले समावेश गरेको छ।

## ३.३ मुख्य शब्दावलीहरूको परिभाषा (Definition of Key Words)

**दुष्चक्रः** अन्योलको भूमरी। खराब घुम्तीस खराब चक्रस एकपछि अर्को बिग्रँदै जाने प्रकृया।

**पहुँचविहीनताः** कुनै कुरा गर्ने वा गरेर पुऱ्याउने सामर्थ्य नहुने अवस्था। कुनै ठाउँमा पुग्ने शक्ति, गति, वा प्रवेश नहुनु। निश्चित लक्ष्य वा ठाउँसम्म पुग्न नसक्ने अवस्था।

**मिटरब्याजीः** अति उच्च ब्याजदरमा ऋण लगानी गर्ने व्यक्ति तथा साहुकार जसले ऋणीलाई दिएको वास्तविक ऋणभन्दा बढीको तमसूक खडा गरी ऋणीसँग धितो समेत लिई ऋण प्रवाह गर्दछन् र उक्त ऋणीले तिरेको रकमको प्रमाण नदिई नतिरेको भन्ने तथा ऋण असूलीको क्रममा धम्की, हिंसा वा शोषणको समेत प्रयोग गर्दछन्।

**मिटरब्याजपीडितः** मिटरब्याजीबाट ऋण लिएको कारणले पीडित भएका ऋणीहरू।

**सीमान्तीकरणः** वञ्चित गर्ने वा पछाडि पार्ने कार्य। सीमान्तमा पुऱ्याउने वा मूलप्रवाहबाट टाढा हुने प्रकृया ।


# परिच्छेद चार

## सप्तरी जिल्लाका किसानको आम्दानी, वित्तीय पहुँचको अवस्था र ऋणसँगको सम्बन्ध

### ४.१ जनसांख्यिक तथा पारिवारकि स्थिति

#### ४.१.१ उत्तरदाताको लैङ्गिक अवस्था


स्थलगत अध्ययनको लागि सप्तरी जिल्लाको राजबिराज र डाक्नेश्वरी नगरपालिका तथा राजगढ र महादेवा गाउँपालिकाका गरी जम्मा ५० जना मिटरब्याजपीडित उत्तरदाता छनोट गरिएको थियो जसमध्ये २४ महिला र २६ पुरुष सहभागी भएका थिए । सहभागीहरूको छनोटमा लैङ्गिक आधार नलिइएको भए तापनि मिटरब्याजपीडित परिवारबाट प्रतिनिधित्वको यो छनोट संयोग थियो।




*चित्र नं ४.१*

उत्तरदाताको लैङ्गिक वितरण

यस चित्रले सर्भेक्षणको क्रममा छनोट गरिएका उत्तरदाताको लैङ्गिक वितरण प्रतिनिधिमूलक हिसाबले उपयुक्त रहेको अनुमान गर्न सकिन्छ। उत्तरदाताहरूको उमेर समूहको विवरण रेखाचित्र नं ४.२ मा जनसंख्या पिरामिडको ढाँचामा प्रस्तुत गरिएको छ।





*चित्र ४.२*

उत्तरदाताको उमेर समूह र संख्या

रेखाचित्र नं ४.२ बाट प्रष्ट हुन्छ कि उत्तरदाताहरूमध्ये २०-२५ वर्षको उमेर समूहका ४%, २६-३० का १०%, ३१-३५ वर्षको उमेर समूहका १६%, ३६-४० का ६%, ४१-४५ वर्षको उमेर समूहका १६%, ४६-५० का ६%, ५१-५५ वर्षको उमेर समूहका १२%, ५६-६० का १२%, ६१-६५ वर्षको उमेर समूहका ८%, ६६-७० का ४%, ७१-७५ वर्षको उमेर समूहका ६% रहेका थिए। यसले काम गर्ने उमेरका जो सुकै पनि मिटरब्याजपीडित हुन सक्ने संकेत गर्दछ।

### ४.१.२ उत्तरदाताको शैक्षिक अवस्था

उत्तरदाताको शैक्षिक स्तरको जानकारीका लागि उनीहरूको शैक्षिक अवस्थाको समेत विवरण माग गरिएको थियो।




*चित्र नं ४.३* उत्तरदाताको शैक्षिक स्तर

चित्र ४.३ बाट प्रष्ट हुन्छ कि उत्तरदाताहरू अधिकांश अर्थात ५०% निरक्षर रहेछन् भने केबल २% मात्रले उच्च शिक्षाको अवसर पाएका रहेछन्। आधारभूत तह र निरक्षर उत्तरदाताले कूल ८२% हिस्सा ओगटेको पाइयो।

### ४.१.३ जातीय संरचना

अध्ययनको क्रममा अन्तर्वार्ता लिइएकाहरूमध्ये अधिकांश दलित समुदायका व्यक्तिहरू रहेको पाइयो। केवल ३५ जना उत्तरदाताहरूले मात्र जात खुलाउन चाहेकोमा ती मध्ये ५४.३% दलित (पासवान, सरदार, चमार, खत्वे, खङ्ग बाँतर, मण्डल, विश्वकर्मा), यादव, तेली, ठाकुर, साह, परमाणी, महतो जस्ता आफूलाई अल्पसङ्ख्यक दावी गर्ने मध्यम जातका ४२.९% र थारु समुदायका २.९% रहेका थिए। बाँकीले किन जात खुलाउन चाहेनन् भन्ने बारेमा सो विषय निजी स्वतन्त्रताको विषय समेत भएकोले सर्भेक्षणको क्रममा थप खोजी गरिएन।


यस तथ्याङ्कले पनि मिटरब्याजबाट पीडित हुनेहरूमा आधाभन्दा बढी दलित र त्यसपछि पानी चल्ने जातका रहेको पाइयो। उच्च जातका मैथिल वा तराई ब्राह्मणहरू अन्तर्वार्ता सूचीमा देखिएनन्। अध्ययनको क्रममा जात खुलाएका उत्तरदाताको अवस्था चित्र नं ४.४ मा प्रस्तुत गरिएको छ।




*चित्र नं ४.४* उत्तरदाताको जातीय संरचना

### ४.१.४ रोजगारीको अवस्था

उत्तरदाताहरूमध्ये ३१ जना बेरोजगार रहेका पाइयो भने ३ जना कृषक, ४ जना ड्राइभर, ३ जना स्वरोजगारमा रहेका तथा ४ जना दैनिक ज्यालादारीमा कार्यरत थिए भने जागिरे (शिक्षक, गैरसरकारी संस्थामा काम गर्ने २ जना, वैदेशिक रोजगारीबाट फर्केका र अवकाशप्राप्त व्यक्ति एक एक जना रहेका थिए। उत्तरदाताको पेशागत विवरण चित्र नं ४.५ मा प्रस्तुत गरिएको छ।




*चित्र ४.५*


उत्तरदाताको पेशागत स्थिति

यस चित्रले देखाउँछ कि मिटरब्याजपीडितहरू अधिकांश बेरोजगार छन्। रोजगारीमा हुनेहरू पनि दैनिक ज्यालादारी वा त्यस्तै नियमित प्रकृतिको आम्दानी नहुने क्षेत्रमा छन्। अपवादको रूपमा शिक्षक वा स्थायी रोजगारीबाट सेवानिवृत्त भएका व्यक्तिका परिवार समेत मिटरब्याजीको चङ्गुलमा परेको देखिन्छ।

### ४.१.५ आम्दानीको स्तर

प्रश्नावलीमा उल्लिखित आयस्तरको सम्बन्धमा उत्तर दिनेहरूले आफ्नो पारिवारिक आय निम्नानुसार रहेको बताएका छन्।

मासिक रू १७,३००/– अर्थात् नेपाल सरकारले तोकेको मासिक न्यूनतम ज्यालादर भन्दाकम आम्दानी हुने परिवार ३४ रहेको पाइयो भने मासिक रू १७,३००/– देखि ३०,०००/– को बीचमा आम्दानी हुने परिवार ७ रहेछन्। मासिक ३०,००१/– देखि ४०,०००/– को बीचमा र मासिक ४०,००१/– देखि ५०,०००/– सम्म आम्दानी हुने परिवार सख्या शून्य पाइयो भने मासिक रू ५०,०००– भन्दा बढी आम्दानी हुने परिवार एउटा रहेछ। बाँकी ८ परिवारले मासिक आम्दानीको विवरण खुलाउन चाहेनन् । यो तथ्याङ्कलाई चित्र ४.६ मा प्रस्तुत गरिएको छ।




*चित्र ४.६*


उत्तरदाताको आयस्तर

उपर्युक्त चित्रबाट स्पष्ट हुन्छ कि दुईतिहाई भन्दा बढी मिटरब्याज पीडितहरूको मासिक आम्दानी सरकारले तोकेको न्यूनतम ज्यालादर भन्दा तल रहेको छ। केबल १६% परिवारले एकजना व्यक्तिको मासिक न्यूनतम ज्यालाको स्तरको आम्दानी प्राप्त गरी जीविकोपार्जन गरेका छन्।

### ४.१.६ सम्पत्तिमा स्वामित्व

उत्तरदाताहरूमध्ये आफ्नै स्वामित्वमा जग्गा जमिन हुने परिवार संख्या १६ र आफ्नो स्वामित्वमा जग्गा नहुने परिवार संख्या ३४ रहेको पाइयो । आफ्नो जग्गा नहुनेमध्ये सबैले र आफ्नो जग्गा हुनेमध्ये २ परिवारले जग्गा बटैयामा वा भाडामा लिई खेतीपाती गरेको जानकारी प्राप्त भयो। जग्गाको परिमाण अधिकांशले बताउन नसकेको वा नचाहेको (?) ले सोको विवरण समावेश गर्न सकिएन। उत्तरदातामध्ये ११ परिवारले कुखुरा र बाख्रा पालेको बताए भने २ परिवारले सुँगुर पनि पालेका रहेछन्। त्यसै गरी २ परिवारका आफ्नै गाईगोरु र ५ परिवारले भैंसी समेत पालेको पाइयो।

पशुधनका हिसाबले जम्मा २० परिवारले कुनै न कुनै पशुपन्छी पालेको देखिन्छ जुन कूल उत्तरदाताको ४०% हुन आउँछ भने भूस्वामित्वका हिसाबले ६८% को आफ्नै जमिन नभएको देखिन्छ जुन चित्र ४.७ मा प्रस्तुत छ




चित्र ४.७

भूस्वामित्वको अवस्था

### ४.१.७ घरमूली एवं आश्रित अवस्था

उत्तरदाताहरूमध्ये ३३ परिवारका घरमूली पुरुष रहेछन् भने १३ परिवारमा महिला घरमूली रहेछन्। अपाङ्ग घरमूली हुने परिवार एउटा र एकल महिला घरमूली हुने परिवार संख्या ३ रहेछन्। उत्तरदाता ५० परिवारमध्ये ५ परिवारमा अपाङ्ग सदस्यहरू रहेछन्। आश्रित परिवार संख्याको अवस्था चित्र ४.८ बमोजिम रहेको पाइयोः




*चित्र ४.८*

आश्रित सदस्य रहेका परिवार संख्या

चित्र ४.८ बाट स्पष्ट हुन्छ कि एउटै व्यक्तिले कमाएर ४ जनालाई पाल्नुपर्ने परिवार २२% रहेछन् भने १४% परिवारमा आश्रित सदस्य ८ वा सो भन्दा बढी रहेछन्। सबैभन्दा ठूलो हिस्सा ५८% परिवारमा एकजनाले कमाएर ४ देखि ६ जनालाई पाल्नुपर्ने रहेछ। एउटा परिवारमा त एकजनाले कमाएर ९ भन्दा बढी सदस्यलाई पाल्नुपर्ने रहेछ।

## ४.२ खर्चको व्यवस्थापन र वित्तीय पहुँच

### ४.२.१ बैंक वा वित्तीय संस्थामा खाताको पहुँच र बचत

अन्तर्वार्ता लिएका ५० उत्तरदातामध्ये बैङ्कमा खाता हुने ८ जना (१६%), सहकारीमा खाता हुने १ जना (२%) र बैङ्क तथा वित्तीय संस्थामा खाता नहुने ४१ जना (८२%) रहेको पाइयो । यसबाट मिटरब्याज पीडितहरू अधिकांशको बैङ्कमा खाता समेत नभएको देखिन्छ। खाता

नहुनेहरूमध्ये ३९ जना (७८%) ले परिआउँदाका लागि भनेर बचत नगरेको पाइयो भने केबल २ जना अर्थात् ४% ले मात्र वचत गर्ने गरेको पाइयो। त्यस्तो बचत कहाँ र कसरी गरेको भन्ने खुलाउन चाहेनन्।

### ४.२.२ बचत प्रवृत्ति

बैङ्कमा खाता हुने ८ जनामध्ये ४ जनाले मात्र परिआउँदाका लागि बचत गर्ने गरेको जानकारी प्राप्त भयो भने सहकारीमा खाता हुनेले नियमित बचत गर्ने गरेको जानकारी प्राप्त भयो।

### ४.२.३ बीमामा पहुँच

उत्तरदाताहरूमध्ये ३६ जना अर्थात् ७२% ले बीमा नगरेको जानकारी दिए भने २ जना अर्थात् केवल ४% ले मात्र बीमा गरिएको बताए। बाँकी १२ जना अर्थात् २४% ले त बीमा भनेको के हो आफूलाई थाहा नभएको बताए।


### ४.२.४ सामाजिक सुरक्षा भत्तामा पहुँच

उत्तरदाताहरूमध्ये ३७ जनाले सामाजिक सुरक्षा भत्ता वा पेन्सन नभएको जानकारी दिए भने एकजनाले मात्र मासिक पेन्सन पाउने गरेको जानकारी दिए। बाँकी १२ जनाले यस सम्बन्धमा खुलाउन चाहेनन् । सरकारले विभिन्न खाले सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरेको सम्बन्धमा नागरिकता भएका सबैले सरकारले तोकेको उमेर वा मापदण्ड पुगेपछि सामाजिक सुरक्षा भत्ता पाउने नै हुन्छन्। यस अध्ययनमा सामाजिक सुरक्षा भत्तामा पहुँच यति कमजोर किन भयो भन्ने बारेमा स्पष्ट हुन सकिएन।

### ४.२.५ ऋणको स्रोत

आफ्नो आम्दानीले नपुगेको अवस्थामा कहाँबाट ऋण लिनुहुन्छ भन्ने प्रश्नको उत्तर दिने क्रममा ६ जना(१२%) ले बैङ्कबाट ऋण लिने गरेको बताएका थिए भने १ जना (२%) ले फाइनान्सबाट, १ जना (२%)ले बचत सहकारीबाट ३ जना (६%)ले समूहबाट, ७ जना (१४%)ले

नातागोता साथीभाइबाट र ४ (८%) जनाले ऋण नलिई सरसापटीबाट चलाउने गरेको तथा २८ (५६%) जनाले साहुमहाजनबाट ऋण लिने गरेको जानकारी दिए ।




*चित्र ४.९*

ऋणको स्रोत


चित्र ४.९ बाट स्पष्ट हुन्छ कि केबल १६% ले मात्र संस्थागत स्रोतबाट ऋण लिने गरेको देखियो भने ५६%ले साहु महाजनबाट ऋण लिने गरेको पाइयो।

### ४.२.६ ऋणको स्रोत छनोट

साहु महाजनबाट ऋण लिने २८ जनालाई “साहुकारकहाँ जानुभन्दा बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिनु ठीक हो भन्ने लाग्छ” भनी सोधिएको प्रश्नमा १८ जना (६४.३%)ले बैङ्कबाट ऋण लिनु ठीक नलाग्ने बताए भने केबल १० (३५.७%) जनाले बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिन ठीक लाग्छ भन्ने जवाफ दिए। यसले मिटरब्याजपीडितहरूलाई बैङ्क तथा वित्तीय संस्थाहरूमा ऋणको लागि जान आकर्षण नभएको देखिन्छ।

### ४.२.७ बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन नसक्नाका कारणहरू

साहु महाजनबाट ऋण लिने २८ जनालाई “बैङ्क तथा वित्तीय संस्थाबाट किन ऋण लिनु हुन्न” भन्ने प्रश्न गरिएको थियो र एकभन्दा बढी कारणमा चिन्ह लगाउन अनुरोध गरिएको थियो । उत्तरदाताहरूमध्ये २३ जना(८२.१%) ले बैङ्क तथा वित्तीय संस्थामा धितो राख्ने सम्पत्ति नभएको कारण जनाए भने ११ जना(३९.३%) ले तत्काले पैसा चाहिने अवस्थामा बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिन नसकिने जानकारी दिए । ऋणको किस्ता तिर्न नियमित आम्दानी नभएकोले बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिन हच्किएको भन्ने २ जना (७.१%), बैङ्क तथा वित्तीय संस्थाले बढी ब्याज लिन्छ भन्ने सोंच्ने ४ जना(१४.३%), पहिले बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिँदाको अनुभव नराम्रो भएकोले फेरि त्यस्ता संस्थामा जान नचाहेको भन्ने १ जना थिए भने बैङ्कले मागेको कागजात पु¥याउन नसकिने हुँदा बैङ्क तथा वित्तीय संस्थामा जान नचाहेको भन्ने ११ जना (३९.३%) रहेका थिए ।




*चित्र ४.१०*


बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन नचाहनाका कारणहरू

चित्र ४.१० बाट स्पष्ट हुन्छ कि ऋण लिनका लागि बैंकले धितो लिने प्रकृया, माग गर्ने कागजात र सेवा पु¥याउने समयमा पुनर्बिचार नगर्ने हो भने गरिबहरूलाई बैङ्क तथा वित्तीय संस्थातर्फ आकर्षित गर्न सकिँदैन जसले गर्दा उनीहरू मिटरब्याजी साहुकारकहाँ जान बाध्य हुन्छन्।

**४.२.८ ऋणको प्रयोजन**

नेपाल जीवनस्तर सर्भेक्षण, २०७८र७९ को प्रतिवेदन अनुसार नेपालमा ५५.८% प्रतिशतले घरायसी उपभोग बाहेक अन्य प्रयोजनका लागि ऋण लिएको देखिन्छ भने २३.५% प्रतिशतले घरायसी उपभोगका लागि ऋण लिएको देखिन्छ। जम्मा २०.७% प्रतिशतले मात्र व्यावसायिक प्रयोजनका लागि ऋण लिने रहेछन् (पृ. २८२)। मधेश प्रदेशमा यस्तो अनुपात क्रमशः ६४.६%, २१.३% र १४.१% देखिन्छ। वास्तवमा मधेश प्रदेशमा व्यावसायिक प्रयोजनका लागि सबै प्रदेशमा भन्दा कम ऋण लिएको र अन्य प्रयोजनका लागि सबै भन्दा बढी प्रतिशतले ऋण लिएको देखिन्छ ( ऐ. पृ. २८७)।

सर्भेक्षणमा संलग्न उत्तरदाताहरूले कुन प्रयोजनका लागि ऋण लिएका थिए भन्ने प्रश्नमा ११ जना (२२%)ले बालबच्चा पढाउन ऋण लिएको बताए भने ३ जना(६%)ले पशुपालनका लागि, ७ जना(१४%)ले औषधी उपचारका लागि, ८ जना(१६%)ले विदेश जानका लागि, ३ जना(६%)ले ऋण तिर्नका लागि, ६ जना(१२%)ले छोराछोरीको विवाहका लागि र १ जना(२%)ले चाडपर्व मनाउनका लागि ऋण लिएको जानकारी दिए। त्यसै गरी जग्गा जमीन किन्न ४ जना(८%)ले ऋण लिएका रहेछन् भने ७ जना(१४%)ले दैनिक खर्च चलाउन ऋण लिएका रहेछन्। यसको विवरण तलको चित्र ४.११ बाट स्पष्ट हुन्छः




*चित्र ४.११*

ऋणको प्रयोजन

चित्रको विश्लेषण गर्दा यो स्पष्ट हुन्छ कि गरिब समुदायमा पनि चर्को ब्याजमा ऋण लिएरै भए पनि छोराछोरी पढाउने प्रवृत्ति रहेछ। त्यसपछि क्रमशः वैदेशिक रोजगारीमा जान, औषधी उपचार गर्न, दैनिक खर्च चलाउन, जग्गाजमीन किन्न र चाडपर्व मनाउन ऋण लिँइदो रहेछ। कूल ऋण लिनेहरूमध्ये ३४% ले दैनिक खर्च चलाउने, चाडपर्व मनाउने, छोराछोरीको विहे गर्ने जस्ता अनुत्पादक खर्चको साथै ऋण तिर्न ऋण लिनका लागि ऋण लिँदा रहेछन्।

## ४.३ वित्तीय पहुँचविहीनता र सीमान्तीकरण

### ४.३.१ साहुकारसँग लिएको ऋण र ब्याजदरबाट हुने शोषण


साहुमहाजनसँग ऋण लिने २८ परिवारहरूले कति प्रतिशत ब्याज तिर्ने गरी ऋण लिएका थिए भनी सोधिएको प्रश्नमा २६ जनाले वार्षिक ३६% मा लिएको जानकारी दिए भने एकजनाले वार्षिक ५०% र अर्को एक जनाले वार्षिक ७०% का दरले ऋण लिएको बताए। तथापि ऋणको सावाँ ब्याज मात्र तिरेर मात्र ऋणीहरूले ऋणमुक्त भएको पाइएन। ऋण लिँदा साहुँमहाजनकहाँ

राखेको धितो र साहुले गर्ने सावाँ ब्याजको गणना गर्ने तरिकाले उनीहरू शोषणको थप दुष्चक्रमा पर्न अवस्थाको सिर्जना गरेको देखिन्छ।

### ४.३.२ साहु महाजनसँग ऋण लिँदा राखिने धितोको विवरण

नेपाल जीवनस्तर सर्भेक्षण, २०७८/७९ अनुसार नेपालमा घरजग्गा धितो राखेर ऋण लिनेको संख्या १७% देखिन्छ। प्रस्तुत अध्ययनको क्षेत्रमा भने त्यस्तो अनुपात ३९.३% देखिएको छ।

साहु महाजनसँग ऋण लिँदा तमसूकको अतिरिक्त घरजग्गा समेत धितो राख्ने वा ऋण तिरिसकेपछि फिर्ता गर्ने शर्तमा ऋणीको जग्गा रजिष्ट्रेशन पास गरिलिने प्रवृत्ति देखियो। ऋणीहरूले दिएको उत्तर अनुसार जम्मा २८ ऋणीमध्ये केबल २ जना (७.१%) सँगमात्र कपाली तमसूक गरी ऋण दिएको देखियो भने ११ जना (३९.३%)सँग जग्गा धितो राखेको पाइयो। त्यसै गरी २ जना (७.१%)को लालपूर्जा साहुले राखेको पाइयो भने ९ जना (३२.१%) ऋणीसँग तमसूक पनि गराएको र ऋणीको जग्गा पनि धितो लिएको जानकारी प्राप्त भयो भने ३ जना (१०.७%) ऋणीको जग्गा ऋण तिरेपछि फिर्ता गर्ने शर्तमा रजिष्ट्रेशन लिखत पास गरी साहुले लिएको पाइयो। एकजना ऋणीले आफ्नो जग्गा नभएकोले साथीको जग्गा धितो राखी ऋण लिएको जानकारी प्राप्त भयो जुन चित्र ४.१२ बाट स्पष्ट हुन्छ।




*चित्र ४.१२*

साहुकारले ऋणीसँग लिने धितो

चर्को ब्याजसँगै जब धितोमा राखिने सम्पत्ति वा सो को प्रमाण साहुकोमा पुग्छ त्यसपछि झनै ऋणीका दुःखका दिन सुरु हुने रहेछन्। अन्तर्वार्ताको क्रममा प्राप्त केही प्रतिनिधिमूलक भनाईहरू यसप्रकार थिए:

उत्तरदाता २: *"साहुकारले कपाली तमसूक समेत ०-०-१६क्षेत्रफलको जग्गा धितोवापत राखे पनि रु १ लाख २० हजार सावाँको रु ७ लाख ९९ हजार तिर्दा पनि जग्गा र कपाली तमसूक फिर्ता नगरी दुःख दिइरहेको छ। पछि जग्गा फिर्ता गर्न भनी रु १५ लाख बैङ्कमा जम्मा गरिदिए पनि जग्गा फिर्ता गर्नुको साटो जग्गा पचाउन अदालतमा मुद्दा गरी दुःख दिइरहेको छ।"*

उत्तरदाता ३: *"जग्गा खरिद गर्न लिएको रु १ लाख १० हजारको रु ३ लाख ४१ हजार भुक्तान गरिसक्दा पनि कपाली तमसूक र धितो राखेको जग्गा फिर्ता नगरी तनाव दिने गरेको छ।"*

उत्तरदाता ११: *"जग्गा किन्न लिएको ऋण तिरिसकेपछि पनि मैले ऋण गरी किनेको जग्गा साहुले आफ्नो नाममा गरिदन दबाब दिई मेरो घर आँगनमा आई मेरो हातखुट्टा बाँधी म र मेरो छोरालाई निर्मम कुटपिट गरेको र छोरी त्यही कुटाईले दीर्घरोगी भएको छ।"*

उत्तरदाता १६: *"विदेश पठाउनको लागि ४ कट्ठा जग्गा समेत धितो राखी रु १ लाख ५० हजार ऋण लिएकोमा रु ४ लाख बुझाइसक्दा पनि तिरेको छैन भनी धम्की दिइरहेको छ।"*

उत्तरदाता १७: *"गाईपालन फर्म खोल्नको लागि रु १३ लाख ऋण लिई कपाली तसमूक समेत गरी एक बिघा ३ कट्ठा जग्गा पनि ऋण तिरेपछि फिर्ता गर्ने शर्तमा लिखत पास गरी दिएकोमा सावाँ ब्याज गरी रु २६ लाख तिर्दा पनि साहुले मेरो जग्गा अर्कैका नाममा*


*रजिष्ट्रेशन पास गरिदिएको र तमसूक बमोजिमको रकम नतिरेको भनी अदालतमा मुद्दा समेत गरेको छ।"*

यसरी साहुले कागजमा उल्लिखित दरको ब्याज र सावाँमात्र असूल गर्ने रहेनछन्, धितो हडप्ने वा धितो फिर्ता नगर्न अनेक प्रपञ्च रच्दा रहेछन् जसको विवरण परिच्छेद ४.३.३ बाट थप स्पष्ट हुन्छ।

### ४.३.३ कागजमा र व्यवहारमा असूल्ने ब्याजको भिन्नता

के साहुले तपाईँले लिएकै ऋणलाई सावाँ र लेखिएको दरलाई ब्याज मानी कागज गर्ने गरेका छन् भनी सोधिएको प्रश्नमा ७ जना (२५%) ले छन् भन्ने जवाफ दिए भने २१ जना(७५%)ले छैन भन्ने जवाफ दिए।

"छैन" भन्ने २१ मध्ये वास्तवमा लिएको ऋणभन्दा दोब्बरको तमसूक बनाएको भन्ने २ जना (९.५%), तेब्बरको बनाएको भन्ने १७ जना(८१%), चारगुणाको बनाएको भन्ने १ जना (४.८%) रहेका थिए भने १ जना(४.८%) ले आफूलाई थाहै नभएको केबल सही मात्र गरेको भन्ने जवाफ दिए ।




*चित्र ४.१३*

वास्तविक र कागजी ऋण

शोषणको दुष्चक्र यहाँनेर गहिरो हुने देखियो । वास्तविक कारोवारभन्दा चारगुणासम्मको तमसूक बनाउने र अधिकांश ऋणीले वास्तविक कारोवारको तेब्बरको तमसूकमा सही गरी साहुलाई बुझाउनु परेको देखिन्छ। यथार्थ कारोवारभन्दा बढीको तमसुक बनाउनु भनेको सोही बमोजिमकै ब्याज तिर्नु पनि हो। त्यसैले वार्षिक ३६% भनी गरिएको कागज रहेछ भने पनि तेब्बरको कागज गर्दा उसले शतप्रतिशत भन्दा बढी ब्याज तिर्नुपर्ने अवस्थाको सिर्जना हुने रहेछ।

**४.३.४ साहुमहाजनसँग ऋण लिँनाको प्रयोजन, ऋण तिर्दाको अनुभव र परेको कठिनाई**

साहुकारबाट ऋण लिने २८ जना उतरदाताहरूको जवाफको संक्षेषण तालिका नं ४.१ मा प्रस्तुत गरिएको छ।

*तालिका नं ४.१*

ऋण लिँदाको प्रयोजन, ऋण तिर्दाको अनुभव र परेको अप्ठेरो

| ऋणी संकेत नं | ऋणको प्रयोजन | लिएको ऋण | तिरेको सावाँ | तिरेको ब्याज | जम्मा तिरेको रु | तिर्न बाँकी ऋण | परेको अप्ठेरो |
|---|---|---|---|---|---|---|---|
| १ | नखुलेको | १,९५,०००/- | १,९५,००० /- | २,०५,०००/- | ४,००,०००/- | नरहेको | साहुले अझै पैसा मागिरहेको |
| २ | नखुलेको | १,२०,००० /- | १,२०,००० /- | ६,७९,०००/- | ७,९९,०००/- | नरहेको | धितो राखेको ०—०—१६ जग्गा फिर्ता गर्न थप १५ लाख मागेको |
| ३ | जग्गा खरिद | १,१०,००० /- | १,१०,००० /- | २,३१,००० /- | ३,४१,०००/- | नरहेको | कपाली तमसूक र धितो राखेको जग्गा फिर्ता नगरी तनाव दिने गरेको |
| ४ | नखुलेको | नखुलेको | नखुलेको | नखुलेको | २०,००,०००/- | ऋणीका अनुसार नरहेको | घरजग्गा लिलाम गराउन लागेको |
| ५ | जग्गा खरिद | २,००,०००/- | | | | | वडाध्यक्षको दवावले ५ लाखको तमसूक बनाएको |
| ६ | छोरीको विवाह | १,५०,०००/- | १,५०,०००/- | ३,५०,०००/- | ५,००,०००/- | ,, | अझै तमसूक फिर्ता नगरी पैसा मागिरहेको |
| ७ | औषधी उपचार | १,००,०००/- | १,००,०००/- | २,००,०००/- | ३,००,०००/- | एक वर्षमै तेब्बर तिरेको | तमसूक फिर्ता नगरी अझ पैसा मागिरहेको र धम्की दिइरहेको |
| ८ | भैंसी किन्न | १,००,०००/- | १,००,०००/- | १,००,०००/- | २,००,०००/- | एक वर्षमै दोब्बर तिरेको | ,, ,, |
| ९ | बच्चा पढाउन | १,००,०००/- | १,००,०००/- | १,००,०००/- | २,००,०००/- | एक वर्षमै दोब्बर तिरेको | तिरेकै छैन भनी धम्की दिने गरेको र शारीरिक मानसिक शोषण गरिरहेको |
| १० | नखुलेको | नखुलेको | नखुलेको | नखुलेको | नखुलेको | बाँकी नरहेको | ५ वर्षपछि पुरानो तमसूक देखाई तिरेको छैन भनी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | फेरि तिर्न धम्की दिएको तथा यौनशोषण गरेको |
| ११ | जग्गा किन्न | नखुलेको | नखुलेको | नखुलेको | नखुलेको | बाँकी नरहेको | ऋण गरी किनेको जग्गा साहुले आफ्नो नाममा गरिदन दबाब दिई ऋणीको हातखुट्टा बाँधी निज र निजको छोरालाई निर्मम कुटपिट गरेको र छोरो त्यही कुटाईले दीर्घरोगी भएको |
| १२ | नखुलेको | नखुलेको | नखुलेको | नखुलेको | नखुलेको | बाँकी नरहेको | ऋणको तीन गुणाको तमसूक गरी जग्गा समेत रजिष्ट्रेशन पास गरी लगेको |
| १३ | नखुलेको | नखुलेको | नखुलेको | नखुलेको | नखुलेको | बाँकी नरहेको | घरमा भएका लत्ताकपडा, फर्निचर, भाँडाकुँडा, सुन चाँदी समेत जफत गरी साहुले लगेको |
| १४ | नखुलेको | नखुलेको | नखुलेको | नखुलेको | नखुलेको | बाँकी नरहेको | घरको कोठामा भाडामा बस्नेले ऋण तिरिदिएकोमा घरको कोठा उसको श्रीमतीको नाममा पास गरी लगेको |
| १५ | नखुलेको | नखुलेको | नखुलेको | नखुलेको | २३,००,०००/- | बाँकी नरहेको दाबी | धितो पास गरी लगेको जग्गा साहुले आफन्तको नाममा पास गरी सकेको र जग्गा फिर्ता नगरेको। |
| १६ | विदेश पठाउन | १,५०,०००/- | १,५०,०००/- | २,५०,०००/- | ४,००,०००/- | बाँकी नरहेको दाबी | जग्गा धितो राखी लिएको ऋण तिरेको छैन भनी धम्की दिएको |
| १७ | गाईपालन गर्न | १३,००,०००/- | १३,००,०००/- | १३,००,०००/- | २६,००,०००/- | बाँकी नरहेको दाबी | एक बिघा ३ कठ्ठा जग्गा पनि ऋण तिरेपछि फिर्ता गर्ने शर्तमा लिखत पास गरी दिएकोमा जग्गा फिर्ता नगरी अन्तै बेची उल्टै अदालतमा मुद्दा दिएको |
| १८ | जग्गा किन्न | नखुलेको | नखुलेको | नखुलेको | ऋणको दोब्बर | अझै तेब्बर तिर्नुपर्ने साहुकारको दाबी | किनकै जग्गा धितो राखी ऋण लिएकोमा ऋणको दोव्वर तर्दा अझै तेब्बर मागी जग्गा फिर्ता नगरेको |
| १९ | छोरीको | ९८,०००/- | ९८,०००/- | १,६७,०००/- | २,६५,०००/- | फेरि रु १२ | धितो राखेको ६ कठ्ठा जग्गा पचक गर्न खोजेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विवाह | | | | | लाख मागेको | |
| २० | उपचार गर्न | नखुलेको | नखुलेको | नखुलेको | नखुलेको | जग्गा फिर्ता गर्नुपर्ने नगरेको | जग्गा रजिष्ट्रेशन पास गरी दिएकोमा ऋण तिरेपछि फिर्ता नगरेको |
| २१ | छोरा पढाउन | १,००,०००/- | १,००,०००/- | नखुलेको | नखुलेको | नरहेको दाबी | सबै सावाँ ब्याज तिर्दा पनि साहुले धितो राखेको जग्गा फिर्ता नगरेको |
| २२ | छोरीको बिहे | १,५०,०००/- | १,५०,०००/- | ३,००,०००/- | ४,५०,०००/- | साहुले अझै पैसा मागेको | २ कट्ठा जग्गा धितो राखेकोमा फिर्ता नगरेको |
| २३ | नखुलेको | नखुलेको | नखुलेको | नखुलेको | लिएको ऋणको तेब्बर तिरेको दाबी | नखुलेको | तिरेको कुनै प्रमाण नदिई तिरेको छैन भनी अदालतमा मुद्दा हाल्ने धम्की दिएको र शारीरिक तथा मानसिक शोषण गरिरहेको |
| २४ | नखुलेको | नखुलेको | नखुलेको | नखुलेको | लिएको ऋणको तेब्बर गरी सोको सावाँ ब्याज | नखुलेको | नखुलेको |
| २५ | नखुलेको | नखुलेको | नखुलेको | नखुलेको | लिएको ऋणको दोब्बर | नखुलेको | तिरेको प्रमाण नदिई तिरेको छैन भनी धम्की दिने र शोषण गर्ने गरेको |
| २६ | छोरा पढाउन | १,००,०००/- | १,००,०००/- | २,००,०००/- | ३,००,०००/- | अझै ४ लाख साहुले मागेको | साहुको नाममा धितोमा राखेको जग्गा फिर्ता नगरेको |
| २७ | नखुलेको | नखुलेको | नखुलेको | नखुलेको | लिएको ऋणको तेब्बर | नखुलेको | साहुले पैसा मागिरहने। तिरेको प्रमाण नदिने। जग्गा फिर्ता नगर्ने। |
| २८ | नखुलेको | नखुलेको | नखुलेको | नखुलेको | लिएको ऋणको तेब्बर | नखुलेको | लत्ताकपडा, फर्निचर, भाँडाकुँडा, सुन चाँदी समेत जफत गरी साहुले लगेको |

स्रोतः शोधकर्ताबाट लिइएको स्थलगत अन्तर्वार्ता, २०८०

माथिको तालिकाबाट निम्न तथ्यहरु स्पष्ट हुन्छः

- धेरैजसो ऋणीहरूले आफूले लिएको ऋणको समयावधिको रूपमा कि त खुलाउन सक्दैनन् कि त खुलाउन चाहँदैनन्।
- धेरै ऋणीहरूले आफूले लिएको वास्तविक ऋणको तेब्बरको सावाँ ब्याज तिरेका दावी गरेका छन् भने ऋण लिँदा जग्गा धितोमा राखेका छन्।
- जग्गा धितो राख्दा ऋण तिरिसकेपछि जग्गा फिर्ता गर्ने शर्तमा साहुकै नाममा लिखत पास गरिदिएको देखिन्छ जसले गर्दा कानुनी रूपले पनि उनीहरू कमजोर भएको पाइन्छ।

### ४.३.५ साहुकारसँग लिएको ऋण तिर्न गरिएका उपायहरू

ऋण तिर्नका लागि ऋणीहरूले परिवारका छोरा मान्छेलाई विदेश पठाएको (११ जना), घडेरीरजग्गा विक्री गरी तिरेका (४ जना), दैनिक ज्याला मजदुरी गरी जे जति कमाइ हुन्छ साहुलाई बुझाउँदै गएको (३ जना), पशु चौपाया र दूध बेचेर ऋण तिर्दै गएको (२ जना), एउटा ऋण तिर्न अर्को ऋण लिएको (१ जना) पाइयो। जुनसुकै उपायबाट ऋण तिरेको भए पनि साहुले सो को प्रमाण नदिएको गुनासो उत्तरदाताहरूले गरेका छन्। विदेशबाट आइएमई गरेर रकम पठाउँदा वा चेकबाट भुक्तानी गर्दा पनि कुनै साहुले आफ्नो खाता वा विवरण नदिई आफ्ना नातेदारको खाता वा नाममा पठाउन भनेको, नगद तिरेका रकमको कुनै भरपाई पनि नदिने र तमसूकमा दरपीठ पनि नगरिदिने गरेको गुनासो गरे। ऋणीमध्ये एकजनाको ऋण ऋणीकै घरमा कोठाभाडामा बस्नेले घर धितो पास गरी तिरिदिएको र पछि घर धितो फिर्ता गर्न अनुरोध गर्दा रु ३० लाख अतिरिक्त रकम तिर्नु पर्ने भनेर चोरमाथि चकार लागेजस्तो गरेको जानकारी दिए। एकजनाले "म तिर्न सक्दिन, जे सुकै होस्" भने ।

### ४.३.६ ऋणको सावाँ ब्याज असुल्न साहुकारबाट भएको धम्की, शोषण वा हिंसा

माथि परिच्छेद ३.४ र ३.५ बाट स्पष्ट हुन्छ कि ऋणीले साहुकारसँग लिएको वास्तविक ऋण भन्दा बढीको तमसूक बनाउने, ऋणको धितोवापत जग्गा जमीन साहुले बन्धकी राख्ने र ऋण

भुक्तान गर्दा पनि विभिन्न तरिकाले छलछाम गरी तिरेको रकमको प्रमाण नदिने, सावाँको व्याजको स्याज समेत तिर्दा पनि बन्धकी राखेको जग्गा आफैले रजिष्ट्रेशन पास गरी लिने वा अदालतमा मुद्दा गर्न धम्की दिने गरेको व्यहोरा उत्तरदाताहरूले प्रस्तुत गरेका छन्। साहुकारबाट लिएको ऋण तिर्नका लागि गरिएका उपायहरूको समेत माथि उल्लेख गरिसकिएको छ।

ऋणीबाट सावाँ ब्याज असूल गर्न साहुकारले के कस्ता उपायहरू अपनाएका रहेछन् भन्ने बारेमा मिटरब्याजपीडित उत्तरदाताहरूलाई सोधिएको प्रश्नमा ३ जनाले धम्की शोषण वा हिंसामा नपरेको जवाफ दिए भने १८ जनाले साहुले आफूले तिरेको रकमको प्रमाण नदिई हिसाब गोलमाल पार्ने र फेरि पैसा माग्ने गरेको बताएका थिए। बाँकी ७ जनाले आफू साहुको धम्की शोषण तथा हिंसामा परेको बताएका थिए। साहुले सम्पूर्ण परिवारलाई बाँधेर कुटपिट गरी बलात्कार गरी शारीरिक शोषण समेत गरेको, सबै पैसा तिरिसक्दा पनि फिर्ता नगरी मानसिक यातना दिएको, आधा जग्गा साहुले हडपी अर्कैको नाममा पास गरी लगेको, बन्धकी राखेको जग्गालाई किनेको भनी साहुले फिर्ता नगरेको र जग्गा फिर्ता नमाग्न धम्की दिएको, मार्छु घरबाट निकालिदिन्छु भनी धम्की दिएको, घरबाट नभागेमा मार्ने धम्की दिएको, धितो राखेको जग्गा अर्कैलाई विक्री गरी घरबारविहीन बनाएको र जग्गा फिर्दा गर्दिन भनी मानसिक तनाव दिने गाली गर्ने र अर्कैको नाममा मेरो जग्गा पास गरी लगेको उनीहरूले दावी गरे।

### ४.३.७ मिटरब्याजी अत्याचारबाट मुक्त हुन गरिएका प्रयासहरू


साहुकारबाट शोषण भएको दावी गर्ने २८ जनामध्ये जम्मा १२ जना (४२.८%)ले शोषणको विरुद्ध उजुरी गरेका रहेछन् जसबाट निम्नानुसारको प्रतिक्रिया प्राप्त भयोः

- उजुरी त गरेको हो तर साहु प्रशासनसँग मिलेर मलाई उल्टै धम्क्याउने काम भैरहेको छ।
- जिल्ला प्रशासनमा ३ पटक छलफल गर्न बसियो तर साहुले जग्गा फिर्ता गर्न मान्दैन।
- जिल्ला प्रशासन कार्यालयमा उजुरी गरेको तर साहुले जिल्ला अदालतमा मुद्दा हालेकोले प्रशासनले केही गर्न नसकेको।

- प्रशासनमा उजुरी गरेको हो तर प्रशासनले गरिबको कुरा सुनेन।
- जिल्ला प्रशासनमा दिएको उजुरी जिल्ला प्रहरी कार्यालयमा पुगेको छ।
- जिल्ला अदालतमा साहुले मुद्दा हालेकोले जिल्ला प्रशासनमा उजुरी दिएको कुनै अर्थ भएन।
- साहुले आफ्नी श्रीमतीको नाममा मेरो जग्गा सारिसकेकोले जिल्ला प्रशासनमा गरेको उजुरी टुङ्गो लागेन।
- जिल्ला प्रशासनमा उजुरी गरेकोमा एकपटक छलफलमा बसेको तर जिल्ला प्रशासनले प्रमाण खोजेको। मसँग प्रमाण छैन। साहुले दिँदैन।
- उजुरी गरेको तर टुङ्गो नलागेको।
- अदालतमा मुद्दा दिएको छु तर न्यायाधीशहरू घूसमा चलखेल गर्ने हुँदा गरिबले न्याय पाउँदैन।
- उजुरी गरे पनि साहुले धम्की दिन छोडेको छैन। मसँग पैसा छ, न्याय किन्छु भन्छ।
- उजुरी गरेको छु। फैसला नै हुँदैन।

### ४.३.८ मिटरब्याजी साहुकारसँग ऋण लिएको कारणले परिवार, साथीभाइ वा समाजमा परेको असर

साहुकारसँग लिएको ऋणको सावाँ ब्याजमा लेनदेनको चक्र नसकिने रहेछ। ऋणीले भोगेका शोषण, शारीरिक एवं मानसिक हिंसाका अतिरिक्त उनीहरूको परिवार र समाजसँगको सम्बन्धमा समेत असर पर्ने रहेछ। उत्तरदाताहरूलाई सोधिएको प्रश्नमा उनीहरूबाट प्राप्त जवाफअनुसार निम्नानुसारका पारिवारिक एवं सामाजिक असर परेको अनुभव उत्तरदाताहरूले व्यक्त गरेका थिए:




चित्र ४.१४

साहुकारसँगको ऋणले सामाजिक सम्बन्धमा पारेको प्रभाव

चित्र नं ४.१४ मा प्रस्तुत तथ्याङ्कले देखाउँछ कि मिटरब्याजी साहुकारसँग ऋण लिने ६२% ले आफू सामाजिक शोषणमा परेको अनुभूति गरेका रहेछन्। त्यसैगरी ३२% ले सम्पत्ति गुमेको र १८% ले परिवारमा बेमेल र झगडाको सामना गरेका रहेछन्। श्रम शोषणको अवस्था हेर्दा ६% ले साहुकोमा बिना ज्याला काम गर्नुपरेको रहेछ।

माथि उल्लेख गरिएको बाहेकको उत्तरदाताको अनुभूति अनुसार कतिपय परिवारमा मिटरब्याजी साहुकारसँग ऋण लिएको कारणले घर भाँडिएको र सम्पत्ति साहुकारले नै लिने गरेको, घरमा झगडा र साहुकोमा शोषण भोग्नु परेको, साहुले धितोमा राखेका जग्गा फिर्ता नगरेको कारणले जग्गा विक्री गरी घरव्यवहार मिलाउन नसकेकोले कसैले पत्याउने अवस्था नरहेको, साहूले शारीरिक एव्र मानसिक पीडा दिइरहेको, साहुले जग्गा हडपेपछि घरमा सधैं झगडा हुने गरेको र परिवार नै छिन्नभिन्न भएको कमाएको सबै साहुलाई दिंदा पनि कहिल्यै ऋण तिरेर नसकिएको, धितो राखेको जग्गा साहुले अन्तै बेचेकोले परिवार नै भूमिहीन र सुकुम्बासी भएको तथा उठिबास लागेका जस्ता समस्या मिटरब्याजपीडितहरूले भोग्नु परेको छ।

### ४.३.९ मिटरब्याजी साहुकारसँग ऋण लिएको कारणले भएका मुद्दामामिला

उत्तरदाताबाट प्राप्त जानकारी अनुसार साहुकारसँग लिएको लेनदेनको कारणले अदालतमा साहुले हालेको मुद्दा झेलिरहेका १० जना (२०%) रहेछन् भने साहुको शोषणको विरुद्ध जिल्ला प्रशासन कार्यालयमा उजुरी गर्ने १५ जना (३०%) रहेछन्। बाँकी २५ जना अर्थात जम्मा उत्तरदाताको ५०% उजुरी वा मुद्दामामिलामा प्रवेश गरेका रहेनछन्।

मुद्दा वा उजुरी परेको कारणले गरिएका भुक्तमानका सम्बन्धमा अघिल्ला परिच्छेदमा उल्लेख भैसकेकोले त्यो प्रश्न दोहोऱ्याइएन भने मुद्दा मामिला तथा उजुरीको खर्च कसरी व्यहोरियो भन्ने सवाल सोधिएन ।

### ४.३.१० मिटरब्याजी साहुकारको चङ्गुलबाट बच्न सरकारबाट गरिएको अपेक्षा

मिटरब्याजी साहुकारबाट बच्न सरकारले साहुकारबाट वास्तविक कारोवारको सावाँ ब्याज भन्दा बढी लिएको रकम र जग्गा फिर्ता गराउने, साहुले कब्जामा लिएको घरघडेरी फिर्ता र अदालतमा गरेको मुद्दा छिटो फैसला गराइदिने, जाली तमसूक फिर्ता गराइदिने, कानूनबमोजिम सत्यतथ्य बुझी साहुबाट मुक्ति दिलाउने, मिटरब्याजपीडितलाई न्याय दिने कानून बनाउने, साहूको धम्की र शोषणबाट मुक्त गरिदिने, साहुलाई तिरिसकेको पैसाको हिसाब गरी लालपूर्जा र कपाली तमसूक फिर्ता गराइदिने, न्यायपूर्ण छलफलको वातावरण मिलाइदिने, तिरेको रकम तिरेको छैन भनी छलकपट गरिरहेको कपटीलाई कारवाही गर्ने, धितो राखेको जग्गा साहूले अर्कैको नाममा लगिसकेको अवस्थामा फिर्ता गराइदिने, लेनदेनका कागजातको वास्तविकता यकिन गरी वास्तविक कागजात कायम गरिदिने, कानूनबमोजिमको लेनदेन मात्र कायम गरिदिने, ब्याजको स्याज समेत तिरिसकेकोले जग्गा फिर्ता गराइदिने, साहूले हडपेको सामान र जायजेथा फिर्ता गराइदिने, घरधनीलाई जानकारी नदिई छलछाम गरी घरभाडामा बस्नेले अर्कैको नाममा लगेको जग्गा फिर्ता गराइदिने, पीडितले दिएको निवेदन अनुसार सत्यतथ्य जाँचबुझ गरी उचित रकम तिराई जग्गा फिर्ता गराउनु पर्ने, गरिबसँग प्रमाण नहुने र साहूले प्रमाण लुकाउने भएकोले सत्यतथ्य छानबिन गरी न्याय दिलाउने,

गरिबको ऋण मिनाहा गर्ने, लेनदेनको बहानामा साहूकारले गर्ने सबै खाले शारीरिक, मानसिक र श्रम शोषणबाट मुक्त गर्ने, औषधी उपचार र छोरीको विहे गरिदिन अब साहुले ऋण नदिने हुँदा सरकारले ऋण मिलाइदिने, धितो राखेको जग्गा हडप्नेलाई कडा कारवाही हुनुपर्ने, मिटरब्याजपीडितले दिएका उजुरीहरूमा सत्यतथ्य छानबिन गरी पीडितलाई अविलम्ब न्याय दिलाउनु पर्ने अपेक्षा सरकारसँग रहेको विचार व्यक्त गरे।

# परिच्छेद पाँच

# सारांश र निष्कर्ष

## ५.१ सारांश

मानिसहरूलाई आम्दानी र खर्चबीचको सन्तुलन मिलाउन वित्तीय सेवामा पहुँचको आवश्यता पर्दछ। यस्तो सेवा औपचारिक वा अनौपचारिक क्षेत्रबाट लिने गर्दछन्। खर्चभन्दा आय बढी भएमा भविष्यको आवश्यकताका लागि उनीहरूले बचत गर्दछन् भने आयभन्दा खर्च बढी भएमा ऋण लिई तत्कालको खर्च व्यवस्थापन गर्नुपर्ने हुन्छ। बैङ्क तथा वित्तीय संस्थाजस्ता औपचारिक क्षेत्रबाट वित्तीय सेवा लिनका लागि मानिसहरूले मूल्य र गैरमूल््य अवरोधहरूको सामना गर्नुपर्ने हुन्छ र त्यस्तो अवरोध हुँदा उनीहरूलाई अनौपचारिक क्षेत्र अर्थात् साहुकारसँग ऋण लिने बाध्यता आइलाग्छ। साहुकारहरूले लिने ब्याज तथा सेवा शुल्क निकै महङ्गो हुन्छ  जुन ऋणीहरूले सहजै तिर्न सक्दैनन्। त्यस्तो अवस्थामा साहुले ऋणको साँवा व्याज उठाउन विभिन्न गैरकानूनी हत्कण्डा अपनाएका हुन्छन्  जसले गर्दा ऋणीहरू थप गरिब हुँदै जाने र सीमान्तीकरणमा पर्ने सम्भावना रहन्छ। प्रचलित कानून भन्दा बढी ब्याज लिने, ऋणको कागजातमा हेरफेर गरी बढी ऋण देखाउने, ऋण असूलीका लागि ऋणीमाथि हिंसा शोषण र धम्कीको प्रयोग गर्ने साहुकारहरूलाई मिटरब्याजी भनिन्छ।

नेपालको मध्यतराई क्षेत्रमा धेरै किसानहरूको बैङ्क तथा वित्तीय संस्थाबाट प्राप्त गर्न सकिने वित्तीय सेवा र सामाजिक सुरक्षामा कमजोर पहुँच भएकोले उनीहरू अनौपचारिक क्षेत्र वा मिटरब्याजीसँग ऋण लिन बाध्य भएका देखिन्छ। निकै कमजोर आयस्तर भएकोले दैनिक खर्च चलाउन, छोराछोरीको शिक्षादीक्षा, औषधीमूलो, वैदेशिक रोजगारीमा पठाउन लाग्ने खर्च, चाडपर्व मनाउने खर्चका अतिरिक्त ऋण तिर्ने लगायतका विभिन्न प्रयोजनका लागि उनीहरूले ऋण लिनुपर्ने हुन्छ। मिटरब्याजीले ऋणको तमसूक गर्दा नै वास्तविक भन्दा धेरै गुणा बढीको तमसूक बनाउने,

प्रचलित कानूनभन्दा धेरै गुणा बढी ब्याज लिने, ऋणको सावाँ ब्याज असूल गर्दा ऋणीले धितो राखेको जग्गाजमीन छलछामपूर्वक हडप्ने, तिरेको ऋणको हिसाब नदिने र ऋणीलाई ऋणको पासोमा पारी उनीहरूमाथि हिंसा तथा शोषण समेत गर्ने गरेको भन्ने समाचारहरू निरन्तर प्रकाशित भैरहेका छन्। गरिब किसानहरूको शैक्षिक अवस्था कमजोर रहेको, दैनिक खर्चका लागि आवश्यक पर्ने भन्दा निकै कम आयस्तर रहेको, भूस्वामित्वको अवस्था कमजोर रहेको र स्वामित्वमा रहेको जमिन पनि ऋणको लागि मिटब्याजी साहुकारकँहा धितो राख्नुपरेको, बैङ्क तथा वित्तीय संस्थाबाट ऋण प्राप्त गर्न सहज नभएको, बीमा तथा सामाजिक सुरक्षा लगायतका सामाजिक सुरक्षा जालीमा कमजोर पहुँच भएको, साहुकारले गर्ने शोषणका विरुद्ध कानूनी उपचारको क्षमता कमजोर भएको जस्ता कारणले उनीहरू न्यून आय, शोषण र सीमान्तीकरणको दुष्चक्रमा परिरहेको निष्कर्ष यस सम्बन्धी साहित्यले उजागर गरेको पाइन्छ।

मिटरब्याजी साहुकारकहाँ ऋण लिन जानुपर्ने वाध्यता कसरी सिर्जना हुन्छ ? वित्तीय पहुँचविहीनता र मिटरब्याजी ऋण प्रवाहवीच के कस्तो सम्बन्ध छ ? साहुकारले ऋणीलाई ऋण प्रवाह गर्दा र त्यसको असुली प्रकृयामा के कस्ता छलछामपूर्ण तरिका अपनाएका हुन्छन् ? मिटरब्याजीबाट लिएको ऋण तिर्ने क्रममा ऋणीले के कस्तो शोषणको सामना गर्नुपर्छ र ऋण तिर्दै जाँदा उनीहरू कसरी सीमान्तीकरणको दुष्चक्रमा पर्छन् भन्ने कुराको स्थलगत अध्ययन गरी निष्कर्षमा पुग्न यसका सैद्धान्तिक आधारमा रही विश्लेषणात्मक ढाँचा समेत तयार गरी सो को आधारमा संरचित प्रश्नावलीको निर्माण गरिएको थियो। उक्त प्रश्नावलीबमोजिम सप्तरी जिल्लाका तीनवटा पालिकाका आफूलाई मिटरब्याजपीडित दावी गर्ने व्यक्तिहरूसँग अन्तर्वार्ता र अनौपचारिक छलफल समेत गरिएको थियो।

उक्त विधिबाट गरिएको अध्ययनको प्राप्ति (findings) लाई बुँदागत रूपमा देहायबमोजिम उल्लेख गरिएको छ:

शोधको क्रममा उत्तरदाताहरूको लैङ्गिक सन्तुलन संयोगवश मिलेको देखिन्छ। जम्मा उत्तरदातामध्ये ५२% पुरुष र ४८% महिला रहेका छन्। यसले उत्तरदातामा लैङ्गिक आग्रह (gender bias) नरहेको हुँदा निष्कर्षमा समेत त्यस्तो पूर्वाग्रह नरहेको अनुमान गरिएको छ। उमेरका हिसाबले समेत यस शोधकार्यमा २० वर्षदेखि ७५ वर्ष उमेर समूहको सहभागिता रहेको देखियो जसले शारीरिक रूपले सक्रिया सबै उमेर समूहको प्रतिनिधित्व रहेको देखिन्छ।

शैक्षिक हिसाबले मिटरब्याजपीडितहरूको शैक्षिक अवस्था निकै कमजोर देखियो। उत्तरदातामध्ये ५०% निरक्षर रहेका र २% मात्रले उच्च शिक्षाको अवसर पाएको देखियो। कूल उत्तरदाताको ८२% निरक्षर वा आधारभूत तहको मात्र शिक्षा पाएका देखिए। शिक्षाको स्तरले रोजगारीको स्तर र आयको स्तरसँग प्रत्यक्ष सरोकार राख्ने कुरा विभिन्न शोधहरूले देखाएका छन्। Tinbergen (1972) ले निदरल्याण्ड, संयुक्त राज्य अमेरिका र क्यानडाको तथ्याङ्क विश्लेषणबाट यो निष्कर्ष निकालेका छन् कि आम्दानीको स्तरसँग श्रमिकले विद्यालयमा गएको वर्षको सकारात्मक र प्रत्यक्ष सहसम्बन्ध राख्दछ। यहाँ पनि त्यो निष्कर्ष लागू भएको देखिन्छ ।

रोजगारीका हिसाबले अधिकांश (६२%) मिटरब्याजपीडितहरू अधिकांश बेरोजगार छन् । रोजगारी पाउनेहरू पनि अस्थायी प्रकृतिको रोजगार अर्थात दैनिक ज्यालादारी वा त्यस्तै नियमित प्रकृतिको आम्दानी नहुने क्षेत्रमा छन्। केही शिक्षित व्यक्तिहरू समेत मिटरब्याजीको चङ्गुलमा परेको देखिन्छ ।

नियमित आयका हिसाबले दुईतिहाई भन्दा बढी (६८%) मिटरब्याजपीडितहरूको मासिक आम्दानी सरकारले तोकेको न्यूनतम ज्यालादर भन्दा तल रहेको छ । केबल १६% परिवारले एकजना व्यक्तिको मासिक न्यूनतम ज्यालाको स्तरको आम्दानी प्राप्त गरी जीविकोपार्जन गरेका छन्।

उत्तरदाताहरूमध्ये करिब दुई तिहाई (६८%)को आफ्नो जमिन छैन भने करिब एक तिहाई (३२%)को आफ्नै जमिन छ । जमिनको परिमाण उनीहरूले स्पष्ट इकाईमा खुलाउन नसकेकोले

भूस्वामित्वमा पहुँच हुनेको पनि स्वामित्वको परिमाण यकिन गर्न सकिएन। यस हिसाबले अधिकाश मिटरब्याजपीडितहरूको भूस्वामित्वमा समेत पहुँच छैन वा पहुँच गुमाइसकेका छन् । पशुधनका हिसाबले ४०% उत्तरदाताले कुनै न कुनै पशुपालन गरेका छन्।

आश्रित संख्याका हिसाबले एउटै व्यक्तिले कमाएर ४ जनालाई पाल्नुपर्ने परिवार २२% रहेछन् भने १४% परिवारमा आश्रित सदस्य ८ वा सो भन्दा बढी रहेछन्। त्यसै गरी ५८% परिवारमा एकजनाले कमाएर ४ देखि ६ जनालाई पाल्नुपरेको र एउटा परिवारमा त एकजनाले कमाएर ९ भन्दा बढी सदस्यलाई पाल्नु परेको अवस्था देखियो।

उत्तरदातामध्ये बैङ्कमा खाता हुने १६% र बैङ्क तथा वित्तीय संस्थामा खाता नहुने ८२% अवस्थाले मिटरब्याजपीडितहरू अधिकांशको बैङ्कमा खातामा पहुँच नभएको र पहुँचविहीनहरूमध्ये ७८% ले परिआउँदाका लागि भनेर बचत नगरेको देखिन्छ। बैङ्कमा खाता हुने ८ जनामध्ये आधाले मात्र बचत गर्ने गरेको देखिन्छ। यसबाट मिटरब्याजपीडितहरूको  बैङ्क खातामा पहुँचविहीनता एवं वचत प्रवृत्ति पनि निकै कमजोर रहेछ देखिन आउँछ।

उत्तरदाताहरूमध्ये ७२% ले बीमाले बीमा नगरेको र २४% ले त बीमा भनेको के हो आफूलाई थाहा नभएको बताएको अवस्थाले केबल ४% ले उत्तरदाताको बीमा पहुँच भएको प्रस्तुत अध्ययनले    देखाउँछ। यसको सन्देश हो कि बीमा कम्पनीहरूले उनीहरूलाई लक्षित गरी बीमा साक्षरता र उपयुक्त स्किम ल्याउनु आवश्यक हुन गएको छ।

उत्तरदाताहरूमध्ये ७४% जनाले सामाजिक सुरक्षा भत्ता वा पेन्सन नभएको जानकारी दिएको र २४% ले यस सम्बन्धमा खुलाउन नचाहेको अवस्थाले उनीहरूमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने कठिनाई हुनाको कारण अनुसन्धान गर्नुपर्ने देखिन्छ किनकि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न नेपाली नागरिकताको प्रमाणपत्र सहित वडामा निवेदन दिँदा हुन्छ। यसमा कुनै कोटा छैन र धेरै प्रमाण पनि जुटाउनु पर्दैन। उत्तरदाताले नेपाली नागरिकताको प्रमाणपत्र लिए नलिएको जानकारीको अभावमा

सामाजिक सुरक्षा भत्तामा पहुँचको समस्याको निदान गर्न सकिँदैन। तथापि उत्तरदाताले आफ्नो परिवारमा ज्येष्ठ नागरिक वा अन्य सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य सदस्यले प्राप्त गरेको सामाजिक सुरक्षा भत्तालाई समावेश नगरी आफूले नपाएको उत्तर दिएको हुनसक्ने सम्भावना उत्तिकै रहन्छ।

ऋणमा पहुँचको विश्लेषण गर्दा साहु महाजनबाट ऋण लिने २८ जनालाई “बैङ्क तथा वित्तीय संस्थाबाट किन ऋण लिनु हुन्न” भन्ने प्रश्न गरिएकोमा ८२.१% ले बैङ्क तथा वित्तीय संस्थामा धितो राख्ने सम्पत्ति नभएको ३९.३%, ले बैङ्कले मागेको कागजात पुऱ्याउन नसकिने र त्यति नै (३९.३%) उत्तरदाताले  तत्कालै पैसा चाहिने अवस्थामा बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिन नसकिने भनेको हुँदा गरिबहरूले संस्थागत माध्यमबाट ऋण लिने प्रकृया सहज नभएको देखाउँछ। त्यसै गरी १४.३% उत्तरदाताहरूमा पहिले बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिँदाको अनुभव राम्रो नभएको बताएका र ७.१% ले त बैंक तथा वित्तीय संस्थाले धेरै ब्याज लिन्छन् भन्ने भ्रम पनि राखेका देखिँदा बैङ्क तथा वित्तीय संस्थाबाट सहज र छरितो माध्यमबाट कर्जा परिचालन गर्ने उपायको अवलम्बन तथा वित्तीय साक्षरतामा लगानी बढाउनु पर्ने देखिन्छ।

ऋणको प्रयोजनका हिसाबले सबैभन्दा बढी २२%ले बालबच्चा पढाउन, त्यसपछि क्रमशः विदेश जान १६%, औषधी उपचार १४%, दैनिक खर्च चलाउन १४%, छोराछोरीको विहेका लागि १२% जग्गाजमीन किन्न ८%, ऋण तिर्न ६%, पशुपालनका लागि ६% र बाँकी २%ले चाडवाड मनाउन ऋण लिने गर्दा रहेछन्। यस हिसाबले शिक्षा, स्वास्थ्य, वैदेशिक रोजगार, जग्गाजमीन र पशुपालनमा ऋणको प्रयोगलाई सार्थक लगानी मान्ने हो भने ६६% ऋणको प्रयोग अर्थपूर्ण तथा उत्पादनमूलक क्षेत्रमा र बाँकी ३४% ऋणको प्रयोजन कुनै प्रतिफल नआउने कार्यमा भएको देखिन्छ जसबाट सो ऋण तिर्न उनीहरूले नयाँ आम्दानीका उपायहरू खोज्नुपर्ने हुन्छ। तथापि शिक्षा र स्वास्थ्यमा गरिएको खर्च (जम्मा ३६%) ले तत्काल प्रतिफल दिने वा ऋण तिर्न नसघाउने हुँदा

त्यस्तो ऋण तिर्ने विकल्प समेत सहज नहुन सक्छ। बाँकी ३० % क्षेत्रमा गरिएको लगानी वा खर्चले मात्र ऋण तिर्न आवश्यक आयआर्जनको बाटो दिने देखिन्छ। यस हिसाबले गरिब किसानहरूले ऋणको पासो (debt trap) मा पर्ने अनुत्पादक वा दीर्घकालसम्म प्रतिफल पर्खनुपर्ने क्षेत्रमा खर्च गर्न ऋण लिएको देखिन्छ।

ऋणको व्याजदर र धितोको कारण हुने शोषणले सिर्जना गरेको सीमान्तीकरण अझ गम्भीर देखिन्छ। साहुमहाजनसँग ऋण लिने २८ परिवारहरूले २६ जना (करिब ९३%)ले वार्षिक ३६%% व्याजदरमा ऋण लिएका देखिए भने वार्षिक क्रमशः ५०% र ७०% का दरले ऋणको व्याज तिर्ने गरी ऋण लिने प्रतिशत दुवैमा ३.५% रहेको देखिन्छ। तर त्यसभन्दा गम्भीर पक्ष चाहिँ ऋण लिँदा साहुँमहाजनकहाँ राखेको धितो र साहुले गर्ने सावाँ ब्याजको गणना गर्ने तरिकाले उनीहरू शोषणको थप दुष्चक्रमा देखिन्छ। साहु महाजनसँग ऋण लिँदा तमसूकको अतिरिक्त घरजग्गा समेत धितो राख्ने वा ऋण तिरिसकेपछि फिर्ता गर्ने शर्तमा ऋणीको जग्गा रजिष्ट्रेशन पास गरिलिने प्रवृत्ति देखिन आउँछ। वास्तविक भन्दा कम्तीमा तेब्बर ऋण अङ्क राखी तमसूक गर्ने ऋण दिएवापत ऋणीको जग्गा ऋण तिरेपछि फिर्ता गर्ने शर्तमा रजिष्ट्रेशन पास गराइलिने वा धनीपूर्जा धितो बन्धक राख्ने तर ऋणीले तिरेको सावाँ व्याजको हिसाब गोलमाल पारी तिरेको छैन भनी छलछाम गरी  धितो बन्धक राखेको जग्गा आफ्नो स्वामित्वमा लैजाने र ऋणको सावाँ व्याज असूलीका लागि श्रम शोषण वा हिंसाको प्रयोग समेत गरेको देखिन आएकोले यो समस्याको निराकरण सामाजिक र आर्थिक न्यायका हिसाबले समेत राज्यले ध्यान दिनै पर्ने देखिन्छ।

साहुकारसँग ऋण लिन ऋणीले विभिन्न उपायहरू अपनाएको देखिन्छ। ऋण तिर्नका परिवारका सदस्यहरूलाई वैदेशिक रोजगारीमा पठाउने, दैनिक ज्यालादारीबाट जति कमाइ हुन्छ साहुलाई बुझाउने, भएको जग्गाजमीन बेच्ने, दूध बेच्ने, पशुचौपाया बेच्ने, सुनचाँदी बेच्ने, एउटा ऋण तिर्न अर्को ऋण लिने जस्ता उपायहरू अवलम्बन गरी ऋण तिर्ने प्रयास गरेको देखिन्छ।जम्मा २८

उत्तरदाताहरूमध्ये १२ जना(४२.९%) ऋण तिर्नका लागि परिवारका सदस्यहरूलाई वैदेशिक रोजगारीमा पठाएका, ४ जना (१४.३%) ले जग्गा बेचेर तिरेका, ३ जना (१०.७%) ले दैनिक ज्यालादारीको रकमबाट तिर्ने गरेका र बाँकी ३२.१% ले माथि उल्लिखित अन्य उपाय अपनाएको देखिएकोले मिटरब्याजी समस्याले कि त कमाई गर्न देश छोड्नुपर्ने कि त जमीन वा जायजेथा छोड्नुपर्ने गम्भीर अवस्था देखाएको छ। त्यसको अतिरिक्त ऋण तिर्ने क्रममा ६४.३% ऋणीले साहुबाट आफूले तिरेको रकमको प्रमाण नदिई हिसाब गोलमाल पार्ने र फेरि पैसा माग्ने काम गरेको अनुभव गरेका र २५% ले आफू साहुको धम्की, शोषण तथा हिंसामा परेको अनुभव गरेको हुँदा मीटरब्याजपीडितहरू साहुकारबाट शोषण, हिंसा सीमान्तीकरणको दुष्चक्रमा परेको देखिन आउँछ।

शोषणको प्रकृति हेर्दा मिटरब्याजी साहुकारसँग ऋण लिने ६२% ले आफू सामाजिक शोषणमा परेको अनुभूति गरेका रहेछन्। त्यसैगरी ३२% ले सम्पत्ति गुमेको र १८% ले परिवारमा बेमेल र झगडाको सामना गरेका रहेछन्। श्रम शोषणको अवस्था हेर्दा ६% ले साहुकोमा बिना ज्याला काम गर्नुपरेको रहेछ। तथापि साहुकारबाट शोषण भएको दावी गर्ने २८ जनामध्ये ४२.८%ले शोषणको विरुद्ध उजुरी गरेका तर उजुरी पछि पनि थप धम्की सहेका वा समयमा न्याय नपाएको अनुभूति गरेका छन्।

साहुकारसँग लिएको लेनदेनको कारणले २०% ऋणीले अदालतमा साहुले हालेको मुद्दा झेलिरहेका छन् भने साहुको शोषणको विरुद्ध जिल्ला प्रशासन कार्यालयमा उजुरी गर्ने ३०%) छन् बाँकी ५०% ले कतै उजुरी वा मुद्दामामिलामा प्रवेश गरेका छैनन्। यसले उनीहरूमा न्यायको खोजी गर्न सक्ने क्षमता समेत निकै कमजोर रहेको देखिन्छ।

सबैको अपेक्षा जाली कागजात रद्द गरियोस् र वास्तविक कारोवारको हिसाब गरी तिर्ने व्यवस्था मिलाइयोस् भन्ने छ । छलछामपूर्वक कब्जा गरिएका सम्पत्ति फिर्ता, श्रम तथा अन्यखाले शोषणबाट मुक्ति र छिटो न्यायको अपेक्षा सरकारबाट गरेको देखिन्छ।

## ५.२ निष्कर्ष

परिच्छेद दुईमा उल्लिखित विश्लेषणात्मक ढाँचाको आधारमा अनुसन्धानपश्चातका प्राप्तिहरू( findings) लाई हेर्दा निम्न निष्कर्ष निकाल्न सकिन्छः

- दुई तिहाईभन्दा बढी मिटरब्याजपीडितहरू निरक्षर वा सामान्य साक्षर रहेका, मासिक आम्दानी सरकारले तोकेको न्यूनतम ज्यालाभन्दा कम रहेका, आफ्नै जमीन नभएका र आश्रित परिवारको संख्या ४ भन्दा बढी रहेकाले उनीहरूको आयस्तर अति न्यून देखिन्छ र आधारभूत खर्चका लागि पनि ऋण लिनुपर्ने वाध्यता सिर्जना भएको छ।
- तीन चौथाई भन्दा बढी मिटरब्याजपीडितको बैंक खातामा पहुँच नभएको र बैङ्क खाता हुनेले पनि बचत गर्न नसकेकोले र बीमा समेत नगरेको देखिंदा उनीहरूको वित्तीय साक्षरता एवं वित्तीय सुरक्षा निकै कमजोर रहेको देखिन्छ भने बीमा कम्पनीहरूले उनीहरूलाई लक्षित गरी बीमा साक्षरता र उपयुक्त स्किम ल्याउनु आवश्यक हुन गएको छ।
- तीन चौथाई उत्तरदाताहरू सामाजिक सुरक्षा भत्ता वा पेन्सनको पहुँचमा नभएकोले सो को कारण खोजी उनीहरूलाई सामाजिक सुरक्षा जालीमा ल्याउनुपर्ने देखिन्छ।
- साहु महाजनबाट ऋण लिनेहरूले बैङ्क तथा वित्तीय संस्थाबाट किन ऋण नलिनुको कारणमा तीन चौथाई बढीले  बैङ्क तथा वित्तीय संस्थामा धितो राख्ने सम्पत्ति नभएको जनाएका हुँदा धितोयोग्य सम्पत्ति र संस्थागत ऋणको पहुँचा सोझो सम्बन्ध देखिन्छ। बैङ्कले मागेको कागजात पुर्‍याउन नसकिने, तत्कालै पैसा चाहिने अवस्थामा बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिन नसकिने, पहिले बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिँदाको अनुभव सकारात्मक नभएको र कतिपयमा बैंकले लिने ब्याजदरको समेत जानकारी

नभएकोले बैङ्क तथा वित्तीय संस्थाबाट सहज र छरितो माध्यमबाट कर्जा परिचालन गर्ने उपायको अवलम्बन तथा वित्तीय साक्षरतामा लगानी बढाउनु पर्ने देखिन्छ।

- बालबच्चा पढाउन, विदेश जान, औषधी उपचार गर्न, दैनिक खर्च चलाउन, छोराछोरीको विहेवारी गर्न, जग्गाजमीन किन्न, पशुपालन गर्न, चाडबाड मनाउनका अतरिक्त ऋण तिर्न ऋण लिने प्रवृत्ति देखिएकोमा दुई तिहाई ऋणको प्रयोग प्रतिफल नदिने वा दीर्घकालमा मात्र प्रतिफल दिने कार्यमा हुने देखिएकोले ऋणीहरू ऋणको पासोबाट निस्कन कठिन देखिएको छ जसले उनीहरूलाई थप सीमान्तीकरणतर्फ धकेल्छ। तत्काल प्रतिफलको सुनिश्चितता नहुने क्षेत्रमा संस्थागत क्षेत्रले ऋण दिन इच्छुक नहुने हुँदा उनीहरू मिटरब्याजीकहाँ पुग्न बाध्य हुन्छन्।
- मिटरब्याजीबाट लिने ऋणको ब्याजदर प्रचलित कानूनले तोकेको भन्दा कम्तीमा ३.६ गुणाले बढी देखिन्छ। ऋण लिँदा साहुँमहाजनकहाँ राखेको धितो र साहुले गर्ने सावाँ ब्याजको गणना गर्ने तरिकाले उनीहरू शोषणको थप दुष्चक्रमा परेका छन्। उनीहरूको बाध्यता र निरक्षरताको समेत नाजायज फाइदा उठाई साहुकारले वास्तविक ऋण भन्दा कम्तीमा तेब्बरको कागज बनाउने र ऋण दिँदा धितो राखेको जग्गा जमीन छलछामपूर्वक आफ्नो वा आफन्तको नाममा गरी हडप्ने र ऋणीले तिरेको सावाँ ब्याजको हिसाब समेत गोलमाल गर्ने कार्यले उनीहरू थप शोषण र सम्पत्तिविहीनताको अवस्थामा पुऱ्याएको देखिन्छ।
- साहुले ऋणको सावाँ व्याज असूलीका लागि श्रम शोषण वा हिंसाको प्रयोग समेत गरेको पाइएकोले ऋणीहरू सामाजिक र आर्थिक न्यायबाट समेत वञ्चित भएका छन्। यस्तो शोषणको अपराधीकरण गरी दोषीलाई न्यायको कठघरामा ल्याउन र पीडितलाई न्याय दिलाउन नसके उनीहरू थप गरिबी र सीमान्तीकरणको दुष्चक्रमा पर्ने निश्चित छ।

- साहुकारसँग ऋण लिन ऋणीले परिवारका सदस्यहरूलाई वैदेशिक रोजगारीमा पठाउने, दैनिक ज्यालादारीबाट जति कमाइ हुन्छ साहुलाई बुझाउने, भएको जग्गाजमीन बेच्ने, पशुचौपाया एवं धनमाल विक्री गर्ने मात्र होइन एउटा ऋण तिर्न अर्को ऋण लिने गरेको देखिएकोले मिटरब्याजी समस्याले कि त कमाई गर्न देश छोड्नुपर्ने कि त जमीन वा जायजेथा छोड्नुपर्ने गम्भीर अवस्था सिर्जना गरेको छ।
- मिटरब्याजी साहुकारसँग ऋण लिएको कारणले दुई तिहाई जति पीडितहरूले आफू सामाजिक शोषणमा परेको अनुभूति गरेका छन् भने एक तिहाईले सम्पत्ति गुमाएको महसूस गरेका छन्। यसले पारिवारिक बेमेल र झगडाको सामना गर्नुपरेको तथा साहुकारकहाँ बिना ज्याला काम गर्न बाध्य भएको छ। यसले उनीहरूलाई थप शोषण र सीमान्तीकरणतर्फ धकेलेको छ।
- साहुकारबाट शोषण भएको दावी गर्ने २८ जनामध्ये ४२.८%ले शोषणको विरुद्ध उजुरी गरेका तर उजुरी पछि पनि थप धम्की सहेका वा समयमा न्याय नपाएको अनुभूति गरेका छन्।
- साहुकारसँग लिएको अनुचित लेनदेन वा मिटरब्याज विरुद्ध आधाजसो पीडितहरू न्यायको खोजीमा जान समेत सकेका छैनन्। उनीहरूमा न्यायको खोजी गर्न सक्ने क्षमता समेत निकै कमजोर रहेको देखिन्छ।
- सबैको अपेक्षा जाली कागजात रद्द गरियोस् र वास्तविक कारोवारको हिसाब गरी तिर्ने व्यवस्था मिलाइयोस् भन्ने छ। छलछामपूर्वक कब्जा गरिएका सम्पत्ति फिर्ता, श्रम तथा अन्यखाले शोषणबाट मुक्ति र छिटो न्यायको अपेक्षा सरकारबाट गरेको देखिन्छ।

## सन्दर्भ सामग्रीहरू

अनवेग्बजी/Onwuegbuzie, A. J., and Leech, N. L., (2005). Taking the “Q‟ out of research: Teaching research methodology courses without the divide between quantitative and qualitative paradigms,” *Quality & Quantity: International Journal of Methodology, Vol. 39*, pp. 267–296.

अन्नपूर्ण पोष्ट, (२०७९ साउन १८), *माइतीघरमा मिटरब्याजीको धर्ना* Retrieved from / साभार https://annapurnapost.com/news/matighar-protest-209878

ओवुअलाह/Owualah, S.I., (2002). *"Do Nigerian SMEs face eEquity or cCredit  Ffinance gGap?* " Nigerian Economic Summit Group Economic Indicators. Lagos: *NESG, 1-8.*

ओसिलि/Osili, U.O., and Paulson, A. (2006). *What cCan wWe lLearn about fFinancial aAccess from U.S. oImmigrants?* Retrieved from /साभार  Accessed May 2, 2008 from http://www.chicagofed.org/digital_assets/publications/working_papers/2006/wp2006_25.pdf

कँडेल/Kadel, P.B. (2020). *Basic research methodology in education*. Bhundipuran Prakashan, Kathmandu

करेई/Carey, J. W., (1993). Linking qualitative and quantitative methods: Integrating cultural factors into public health, *Qualitative Health Research, Vol. 3*, pp. 298–318.

कानून किताव व्यवस्था समिति, *मुलुकी देवानी संहिता, २०७४*

कान्तिपुर (२०८० फागुन २८), मिटरब्याजसम्बन्धी जाँचबुझ र कारबाही सिफारिसका लागि फेरि आयोग गठन गर्ने सहमति Retrieved from / साभार https://ekantipur.com/news/2024/03/11/consent-to-form-a-commission-again-for-investigation-and-recommending-action-regarding-meter-badges-42-53.html

केन्द्रीय तथ्याङ्क विभाग Central Bureau of Statistics, GoN. (2022/23). *Nepal Living Standards Survey 2022/23* नेपाल सरकार https://data.nsonepal.gov.np/dataset/b6c3c19b-4b15-44bf-8653-1571e76dad14/resource/e2d52301-1c25-498b-8732-4326c62a2372/download/nlss-iv.pdf

कोर/Corr, C. (2006). "Financial Exclusion in Ireland: An Exploratory Study and Policy Review." *Combat Poverty Agency Research Series, No. 39*

गुरुङ/Gurung, O, Tamang, M.S, and Turin, M. (Dir.) (2021). *Perspectives on social inclusion and exclusion in Nepal*. Department of Sociology/Anthropology, Tribhuvan University, 2014, 978-9937-524-50-6. ff10.17613/v1dk-hf69ff. ffhalshs-030809.77

गृह मन्त्रालय, (२०७९), *मिटरब्याज एक आर्थिक अपराधः मिटरब्याज न्यूनीकरण गर्न अवलमबन गर्नुपर्ने उपायहरू, मिटरब्याज समस्या समाधान सिफारिस कार्यदलको प्रतिवेदन* Retrieved from / साभार Retrieved from https://moha.gov.np/post/ma-tarab-ya-ja-apara-thha-na-yana-taranae-sa-fa-ra-sa-ka-ra-yathalka-pa-rata-va on 17th September 2022

जेन्सन/Jenson, G. (2000). Backgrounder: Thinking about marginalization: what, who and why? *Canadian Policy Research Networks Inc. (CPRN)*

टिन्बर्गेन/Tinbergen, J. (1972). The impact of education on income distribution. *The Review of Income and Wealth, Vol. 18(3),* pp. 55-265. Retrieved from /साभार https://onlinelibrary.wiley.com/doi/10.1111/j.1475-4991.1972.tb00865.x

द गार्जियन/The Guardian. (2010 January 15). *Loan sharks target poorest households with 825% APR loans*. An article by Lisa Bachelor. Retrieved from /साभार https://www.theguardian.com/money/2010/jan/15/loan-sharks-poorest-household

द टाइम्स/The Times of India. (2022 January 4). *India's digital loan sharks face crackdown as complaints mount.* Retrieved from /साभार https://timesofindia.indiatimes.com/business/india-business/indias-digital-loan-sharks-face-crackdown-as-%20complaints-mount/articleshow/88680560.cms

द फाइनान्सियल/The Financial Express Bangladesh. (2022 April 18). *Need of prompt action against loan shark.* Retrieved from /साभार https://thefinancialexpress.com.bd/editorial/need-for-prompt-action-against-loan-sharks-1650039174

द वीक/The Week. (2018 March 30). Inside the bloody world of India's mafia loan sharks, Retrieved from /साभार https://www.theweek.in/news/biz-tech/2018/03/30/inside-the-bloody-world-of-india-mafia-loan-sharks.html

देमिर्गक्/Demirgüç-Kunt, A, Klapper, L, Singer, D and Ansar, S. (2021). *Global Findex Database, 2021: Financial Inclusion, Digital Payments, and Resilience in the Age of COVID-19*. The World Bank. Retrieved from /साभार https://www.worldbank.org/en/publication/globalfindex/Report

नेपाल टेलिभिजन (२०७९ मङ्सिर २), Bhisma Kumar Bhusal | AAJAKO CHARCHA || Youtube. https://www.youtube.com/watch?v=Ygdq6M2aBZE&t=19s

नेपाल बीमा प्राधिकरण, (२०८१), *बीमा समाचार र बिचार: ५६औं* वार्षिकोत्सव विशेषाङ्क Retrieved from /साभार https://nia.gov.np/Admin/images/OurPublication/BeemaSamachar/20240517051200.pdf

नेपालप्रेस, (२०२४), मिटरब्याज पीडितको हत्या, साहुको हात रहेको आरोप, Retrieved on 2024/07/32 from https://www.nepalpress.com/2024/07/31/493895/

नेपाल राजपत्र खण्ड ७३ भाग ४ अतिरिक्ताङ्क १८ (मिति २०८० साउन १२) *मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेक ऐन, सम्वत् २०८० सालको ऐन नं ५, खण्ड ७३ भाग ४ अतिरिक्ताङ्क १८*

पन्त/Panta, B. (2019). *Financial Inclusion in Nepal: Policy Review and Prescriptions*. Nepal Rastra Bank. Retrieved from /साभार https://www.nrb.org.np/contents/uploads/2019/12/2-1.pdf

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय नेपाल सरकार (२०७९ जेठ १०), *सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको संवोधन।*

बरन्दरन/Baradaran, M. (2015). *How the oOther Hhalf bBanks: Exclusion, eExploitation, and the tThreat to dDemocracy*. Cambridge, MA: Harvard University Press.

बाह्रखरी, (२०७९ जेठ २८), *मिटरब्याजीको फन्दा* Retrieved from /साभार https://baahrakhari.com/detail/353785

बिबिसि, (२०२३ डिसेम्बर १६), मानिसहरूले 'मिटरब्याज' मा ऋण किन लिइरहेका छन्? Retrieved on 2023/12/16 from https://www.bbc.com/nepali/articles/cn09r01qpgyo

भण्डारी, निशा (२०८० जेठ १५), २३ दिन हिँडेर काठमाडौं आइपुगेका मिटरब्याज पीडितको खुला चौरमा बास Retrieved on 2023/07/21 from https://www.setopati.com/social/323254

महतो, रोहित (२०८० जेठ २२), *५० हजार तिर्न १२ वर्षदेखि महाजनको खेतबारीमा घोटिनेहरू, सेतोपाटी* Retrieved from /साभार https://www.setopati.com/social/302317

मोर/Mor, N. and Ananth, B., (2007). "Inclusive Financial Systems: Some Design Principles and A Case Study". *Economic and Political Weekly. 42(13), 1121–1126*

यिन/Yin, R. K. (2009). *Case study research: Design and methods (3rd ed.).* Thousand Oaks.

राष्ट्रिय योजना आयोग, (२०१९), *नेपाल वहुआयामिक गरिबी सूचक— कार्यको लागि विश्लेषण,* सिंहदरवार, काठमाडौं।

रिमाल/Rimal, S. and Simkhada, P. (2022). *To mMitigate hHuman tTrafficking in Nepal, Iincrease fFinancial iInclusion.* Asia Foundation. Retrieved from /साभार https://asiafoundation.org/2022/04/13/to-mitigate-human-trafficking-in-nepal-increase-financial-inclusion/

लाल/Lal, Tarsem (2021). Impact of financial inclusion on economic development of marginalized communities through the mediation of social and economic empowerment. *International Journal of Social Economics, Vol 48 (12).*

विजेता, (२०८० भदौ २८), पीडितको घर खाली गराएर 'घर खाली गराइपाउँ' भन्ने निवेदन, *नेपाल समय* Retrieved from /साभार https://nepalsamaya.com/detail/114461

शर्मा, डिबि (२०८० फागुन ५), मिटरब्याज पीडितको न्याय मार्च - पूर्व-पश्चिमबाट पैदलै हिँडेर फेरि काठमाडौं आउँदै Retrieved on 2024/07/31 from https://ehimalayatimes.com/2024/02/202095/

श्रेष्ठ/Shrestha, P. K. (2020). Changing Dimension of Financial Inclusion in Nepal: A Comparative Analysis. *NRB Working Paper No. 50*. Nepal Rastra Bank. Retrieved from /साभार https://www.nrb.org.np/contents/uploads/2020/07/NRB_Working_Paper-NRB-WP-50 Changing_Dimension_of_Financial_Inclusion_in_Nepal_A_Comparative_Analysis-Prakash_Kumar_Shrestha_PhD-1.pdf

सिङ्चोक्यू/Siangchokyoo, N. and Andres Sousa-Poza .(2012). *Research methodologies: a look at the underlying philosophical foundations of research*. Conference: American Society for Engineering Management International Conference, At: Virginia Beach, VA Retrieved from /साभार https://www.researchgate.net/publication/261703881_Research_Methodologies_A_Look_at_the_Underlying_Philosophical_Foundations_of_Research

सिल्भर/Silver, Hilary. 1994. "Social Exclusion and Social Solidarity." *International Labor Review vol. 133: 5-6*

हिमालखवर, (२०७९ साउन २८), मिटरब्याजी विरुद्ध उजुरी दिन गृह मन्त्रालयको आह्वान। Retrieved from /साभार https://www.himalkhabar.com/news/131662

होमवर्ग/ Holmberg, D. (2021). *"Introduction" in Perspectives on social inclusion and exclusion in Nepal. Department of Sociology/Anthropology*, Tribhuvan University., 2014, 978- 9937-524-50-6. ff10.17613/v1dk-hf69ff. ffhalshs-03080977

## अनुसूचीहरू

### अनुसूची १: मिटरब्याज अपराध नियन्त्रण सिफारिस कार्यदल, गृह मन्त्रालय

(क) कार्यदलको संरचना:

(१) सहसचिव, डा. भीष्मकुमार भूसाल, गृह मन्त्रालय - संयोजक

(२) दिनेश आचार्य, प्रहरी वरिष्ठ उपरीक्षक, केन्द्रीय अनुसन्धान ब्यूरो - सदस्य

(३) श्रीकृष्ण पौडेल, उपसचिव (कानून), कानून महाशाखा, गृह मन्त्रालय - सदस्य

(४) कृष्ण प्रसाद कोइराला, प्रहरी उपरीक्षक, अपराध अनुसन्धान शाखा - सदस्य

(५) मुकुन्द मरहट्टा, उप-अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग - सदस्य

(६) रोशन खड्का, प्रहरी नायब उपरीक्षक, केन्द्रीय अनुसन्धान ब्यूरो - सदस्य सचिव

(ख) कार्यदिश

- मिटरब्याजी समस्या बढी भएका जिल्लाहरूमा स्थलगत भ्रमण गरी समस्याका कारकहरू तथा समाधानका उपायहरू पहिचान गर्ने।
- मिटरब्याजीबाट पीडित र अन्य सरोकारवालाहरूसँग छलफल गर्ने।
- मिटरब्याजी विरूद्ध संघर्ष गरिरहेका मिटरब्याजी पीडितहरूसँग आवश्यकतानुसार वार्ता गर्ने।
- मिटरब्याजी अपराधमा संलग्न व्यक्तिहरूलाई कारवाहीको दायरामा ल्याउन अन्तरनिकाय समन्वय र सहकार्य गर्ने।
- आगामी दिनमा यस्तो अपराध न्यूनीकरण गर्न अवलम्बन गर्नुपर्ने उपायहरूका सम्बन्धमा सिफारिश सहितको प्रतिवेदन पेश गर्ने।

## अनुसूची २: कार्यदलको प्रतिवेदनको सिफारिस खण्ड

उजुरीका प्रकृतिको अध्ययन, स्थलगत रूपमा सरोकारवालासँग गरिएको अन्तर्क्रिया र प्राप्त जानकारीको विश्लेषणबाट मिटरब्याजी समस्याको अल्पकालीन एवं दीर्घकालीन समाधानका लागि निम्न उपायहरू अवलम्बन गर्नुपर्ने यस कार्यदलको सिफारिस रहेको छः

### १. प्राप्त उजुरीमा तत्काल छानबिन र कारवाहीमा निरन्तरता

...

विद्यमान क्षेत्राधिकारको पर्याप्त अभ्यास नगरेको कारणले पनि प्रचलित कानूनमा मिटरब्याजीको बारेमा उल्लेख नभएको भनी त्यस्ता उजुरी उपर सक्रियतापूर्वक छानबिन र कारवाही नगरेको सत्यलाई स्वीकार्नु पर्दछ। तसर्थ स्थानीय प्रशासनलाई देहाय अनुसार गर्न परिपत्र गर्नु गराउनु पर्ने देखिन्छः

१.१ उजुरी दर्ता गर्दा  प्रमाण नपुगेको भनी उजुरी फिर्ता नगरी प्रमाण सङ्कलनका लागि उजुरीकर्तालाई सहयोग गर्ने। झुठ्ठा उजुरीलाई निरुत्साहित गर्ने।

१.२ दर्ता भएका उजुरीको वर्गीकरण गरी उजुरीकर्ता र आरोपित दुवै पक्षलाई बोलाई छलफल गरी अन्यायमा परेको पक्षलाई हौसला दिँदै आरोपितलाई आफ्नो कारोबारको विवरण सहित प्रस्तुत हुन आदेश गर्ने र कारोबारको विश्लेषण गर्ने।

१.३ घरजग्गा रजिष्ट्रेसन पास गरी दिएको तर पुर्ख्योली बसोबास रही हाल सम्म ऋणीले नै भोगचलन तथा  बसोबास गरेका घरजग्गाका हकमा बिक्री गरी राजिनामा पास गरेको भए बिक्रेता त्यो स्थान छाडेर अन्यत्र गईसक्नु पर्ने र रजिष्ट्रेसन पास लिनेले उक्त घरजग्गा आफ्नो स्वामित्वमा लिइसक्ने अवस्थालाई मध्यनजर गरी <u>रजिष्ट्रेशन पास दिइसकेको घरजग्गामा ऋणीकै भोगचलन रही आएको देखिएमा उक्त कारोवारमा छलछाम हुनसक्ने सम्भावनालाई मध्यनजर गरी तदनुरूप दुवै पक्षलाई राखी वास्तविकता पहिचान गर्ने र समस्या समाधानको पहल गर्ने।</u>

१.४ एकै व्यक्तिले आफ्नो आर्थिक हैसियत भन्दा बढी धेरै जनालाई ऋण लगानी गरेको देखिएमा त्यस्तो ब्यक्ति उपर सम्पत्ति शुद्धिकरण ऐन बमोजिम अनुसन्धान गर्न सम्बन्धित निकायमा लेखी पठाउने । साथै, ऋण दिए वापत ऋणीको यौनशोषण, निशुल्क वा वाध्यकारी श्रम शोषण र अपराधका अन्य पक्षहरूमा आफ्नो क्षेत्राधिकार भित्र रही मुद्दा दायर गर्ने।

### २. सङ्घीय एकाईहरूको भूमिका र राजनीतिक प्रतिवद्धता

२.१ स्थानीय तहमा उपाध्यक्ष/उपमेयरको अध्यक्षतामा रहेको न्यायिक समिति थप सक्रिय भई आ-आफ्नो पालिका भित्रका लेनदेनमा आधारित मिटरब्याजी सम्बन्धी समस्याहरू पहिचान गरी ऋणी र साहु दुवै पक्षलाई बोलाई वास्तविकता पहिचान गरी छलफलको माध्यमबाट समस्या समाधानको पहल गर्ने।

२.२ हाल दर्ता हुन आएका उजुरीका हकमा समेत दुवै पक्षलाई जुटाई समस्या समाधान गर्न स्थानीय प्रशासनलाई स्थानीय तहका जनप्रतिनिधिहरूले आवश्यक सहयोग र समन्वय गर्ने।

२.३ पालिका भित्र आय आर्जनमा संलग्न हुने तथा वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूका लागि वडास्तरमा रिभल्भिङ्ग फन्ड खडा गरी सहुलियतपूर्ण ऋण दिने व्यवस्था मिलाउने।

२.४ तीनै तहका सङ्घीय एकाइले मिटरब्याज विरुद्धको सचेतना कार्यक्रम सञ्चालन गर्ने।

२.५ सबै राजनीतिक दलहरूले मिटरब्याजीबाट कुनै खाले चन्दा वा आर्थिक सहायता नलिने, राजनीतिक संरक्षण नगर्ने र कुनै पनि पदमा उम्मेदवार नबनाउने प्रतिवद्धता व्यक्त गर्ने।

### ३. सरकारका वार्षिक नीति तथा कार्यक्रम

३.१ धेरै मिटरब्याज पीडितहरूले वैदेशिक रोजगारीमा जान म्यानपावर कम्पनीलाई बुझाउनु पर्ने शुल्कको लागि मिटरब्याजीसँग ऋण लिएको र त्यसबाट उत्रिन नसकेको गुनासो गरेको हुँदा वैदेशिक रोजगारीमा जानेका लागि शून्य लागतको प्रभावकारी कार्यान्वयन गर्ने र त्यसो हुन नसकेको अवस्थामा पनि वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूलाई उनीहरूले विदेशमा आर्जन गरेको आय रेमिटेन्स खातामा जम्मा गर्ने र सो खातामा जम्मा भएको रकमबाट ऋणको साँवा ब्याज कट्टा हुने गरी श्रम स्वीकृति तथा रोजगारदातासँगको करार सम्झौता राखी सहुलियतपूर्ण ऋण प्रवाह गर्ने व्यवस्था मिलाउने। त्यस्तो ऋणको सुरक्षणवापत वैदेशिक रोजगार बोर्डले पुनर्वीमामा निश्चित अंश भुक्तानी दिने व्यवस्था गर्ने।

३.२ आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यको बुँदा नं ३१९ मा उल्लेख भए बमोजिम लघुवित्त र बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरीवेक्षण व्यवस्था प्रभावकारी बनाउनुका साथै सीमान्तकृत तथा दलित समुदायको वित्तीय पहुँच अभिवृद्धि गर्न *सिमान्तकृत तथा दलित उत्थान कोष* अविलम्ब स्थापना गरी परिचालन गर्ने।

### ४. कानूनी सचेतना र सुधार

४.१ नेपालको संविधानको भाग ३ धारा २० को उपधारा (१०) ले निशुल्क कानूनी सहायता पाउने मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। आर्थिक र सामाजिक कारणबाट आफ्नो कानूनी

हक हितको संरक्षण गर्न नसक्ने गरिब, विपन्न, आर्थिक रूपले पछाडि पारिएका व्यक्तिहरूको लागि निशुल्क कानूनी सहायता उपलब्ध गराउन कानूनी सहायता ऐन, २०५४ जारी गरिएको छ। सोही बमोजिम जिल्ला जिल्लामा कानूनी सहायता समिति क्रियाशील रहेका छन्। कानूनी सहायता सम्बन्धी नियमावली, २०५५ को नियम १० अनुसार वार्षिक ४० हजार भन्दा कम आय हुने व्यक्तिलाई सम्बन्धित स्थानीय तहबाट भएको सिफारिको आधारमा अदालतमा बहस पैरवी गर्न, तारेख लिन, लिखत तयार पार्न तथा अन्य कानूनी राय परामर्श दिनको लागि निःशुल्क वैतनिक कानून व्यवसायी गराइएको भएतापनि यो व्यवस्थाका बारेमा जिल्लाका अधिकांश मिटरब्याजबाट पीडितहरूलाई जानकारीसम्म नभएको स्थलगत अनुगमनको क्रममा पाइयो। यसलाई विभिन्न सञ्चार माध्यमबाट व्यापक प्रचारप्रसार गर्नु गराउनु पर्ने देखिन्छ। निशुल्क कानूनी सहायतलाई व्यापक प्रचार प्रसार गरी नागरिकको निशुल्क कानूनी सहायता पाउने हक दिलाउन राजनीतिक दल, जनप्रतिनिधि, कर्मचारी, गैरसरकारी संस्था, सञ्चारकर्मी लगायत सबैले आआफ्नो ठाउँबाट पहल कदमी गर्नुपर्ने देखिन्छ।

४.२ अदालतमा विद्यमान उजुरी सम्बन्धमा समेत अदालतबाटै मेलमिलापका माध्यमबाट समस्या समाधान गर्ने गरी छलफल गरी सहमति खोज्न मेलमिलाप सम्बन्धी नियमावली, २०७० तथा अदालतमा प्रेषित मेलमिलाप कार्यसञ्चालन निर्देशिका बमोजिम मेलमिलापकर्ता परिचालन गर्नुपर्ने देखिन्छ ।

४.३ धेरै जसो पीडितले अदालतको फैसला आइसकेपछि मात्र आफुहरूले मुद्दा परेको कुरा थाहा पाएको भन्ने भनाई राखेको हुँदा र जानकारी पाउँदा पनि प्रतिवाद पेश गर्न कानुन व्यवसायीलाई बुझाउनु पर्ने पारिश्रमिक भुक्तान गर्न समेत समर्थ नहुने समस्या देखिएको अवस्थालाई मध्यनजर गरी लेनदेन सम्बन्धी उजुरी अदालतमा दर्ता गर्नु अगावै निश्चित रकम ( रु. ५० लाख) सम्मका लिखतको हकमा स्थानीय प्रशासनको नेतृत्वमा अन्य सरोकारवाला समेतको एक समिति बनाई पहिलो चरणमा सोही समितिबाट उजुरी उपर सुनुवाई गर्ने र सो समितिबाट समस्या समाधान नभए सोही समितिको सिफारिसका आधारमा मात्र अदालती प्रकृयामा जान पाउने कानुनी व्यवस्था गर्नु उपयुक्त देखिन्छ।

४.४ नेपालको विद्यमान कानुनले लेनदेन सम्बन्धी मुद्दालाई देवानी संहिता अन्तर्गत व्यक्तिवादी मुद्दाको रुपमा राखी लिखतका आधारमा सिधै अदालतमा मुद्दा दायर गर्न सक्ने कानुनी प्रावधान रहेको देखिन्छ। शिक्षित र कानुनी ज्ञान भएका नागरिकहरूका हकमा लेनदेन सम्बन्धी यो प्रावधान उचित देखिए तापनि गाउँघरका सिमान्तकृत, विकल्पविहीन र अशिक्षित वर्गलाई ऋणीले लिएको ऋण भन्दा धेरै गुणाको तमसूक बनाउने, अदालती प्रयोजन र असूली

प्रयोजनका लागि अलगअलग तमसूक बनाउने र त्यसको अतिरिक्त घरजग्गा रजिष्ट्रेशन पास गराई लिने तथा बैंक तथा वित्तीय संस्थाले जस्तै गरी घरजग्गा दृष्टिबन्धक राख्ने जस्ता क्रियाकलापहरू देखिएकोले विद्यमान कानुनका परिमार्जन गरी,

क) घरसारको कागजको आधारका एक ब्यक्तिले कति जनालाई कति रकम सम्म ऋण दिन पाउने भन्ने सीमा तोकी उक्त सीमाभित्रको कारोबार गरेको तमसूक सम्बन्धित वडाका प्रतिनिधिको रोहवरमा मात्र गर्ने,

ख) घरजग्गा दृष्टिबन्धक वा  रजिष्ट्रेशन पास गर्दाका वखत भएको कारोबारमा उल्लिखित रकम ऋणीको बैंक खातामा जम्मा गरेको बैंक स्टेटमेन्टमै खुलेको हुनुपर्ने अनिवार्य व्यवस्था गर्ने,

ग) हाल प्रचलनमा रहेको घरसारको तमसुक वडा कार्यालयमा दर्ता गर्नुपर्ने प्रावधान रहेको भए तापनि साहूलाई अनुकूल हुने गरी मिति मिलाई दर्ता गर्ने गरेको वा साहूले धाकधम्की वा अन्य बाध्यात्मक अवस्था सिर्जना गरी आफूले तयार गरेको तमसूक बमोजिमकै रकम लिएको हो भन्न ऋणीलाई बाध्य पार्ने गरेको ब्यापक गुनासो आएको सन्दर्भमा मुलुकी देवानी संहिता लागु हुनु पूर्व गरिएका सबै घरसारका तमसूकहरूलाई निश्चित समयावधि दिई दुवै पक्षको संलग्नतामा कारोबारको अङ्क यकिन गरी गराई थप बुझ्नुपर्ने भए बुझी सम्बन्धित स्थानीय तहमा दर्ता गर्नुपर्ने र उक्त समयावधिमा दर्ता नभएका सबै लिखत बदर गर्ने गरी केही नेपाल ऐन संशोधनमार्फत् आवश्यक व्यवस्था गर्नु उपयुक्त हुने । यसरी लिखत प्रमाणीकरण गर्दा कुनै पक्ष वदनीयतपूर्ण रूपले अनुपस्थित भएमा अपनाउनु पर्ने उपायका सम्बन्धमा कार्यविधि बनाई स्पष्ट ब्यवस्था गर्नु उपयुक्त हुने।

घ) यस्ता घरसारमा गरिएका कागजातहरूमा लेनदेन गरिएको वास्तविक रकम भन्दा फरक ब्यहोराका कागजमा दोहरो तेहेरो अर्थ लाग्ने गरी कागज खडा गरी अड्डा अदालतमा पेश गर्न आवश्यक पर्दा कानून सम्मत ढङ्गको हुने गरी लेखिएको कागजात पेश गर्ने गरेको तर पीडितसँग साँवाब्याज असूल गर्दा उच्च ब्याजदरको र वास्तविक भन्दा बढी कायम गरी तयार गरेको लिखत अनुसार माग दावी गर्ने गरेको पाइएकोमा साहुकार र ऋणीबीच लिखत कागज गर्दा कागजको निश्चित मापदण्ड निर्धारण गरी मापदण्ड विपरितका कागजात अवैध हुने गरी त्यस्तो कागज तयार गर्ने गराउनेलाई दण्डित गर्ने कानूनी व्यवस्था गर्नु पर्दछ।

४.५ मिटरब्याजलाई वित्तीय अपराधको रूपमा परिभाषित गरी मिटरब्याजी कारोबारमा हुने दण्ड सजायको स्पष्ट कानूनी व्यवस्था हुनुपर्दछ।

४.६ ऋण तिर्न नसक्ने ऋणीलाई मिटरब्याजीले धम्की वा हिंसाको माध्यमबाट आतङ्कित वा भयभीत पारी आत्महत्या गर्नुपर्ने स्थिति सिर्जना गरेको प्रमाणित हुन गएमा त्यस्ता ऋणीका परिवारलाई क्षतिपूर्ति दिने कानूनी व्यवस्था गर्नु पर्दछ।

४.७ ऋणीसँग ऋणको तमसूक गर्दा ऋणीले साँवा ब्याज चुक्ता गरेपछि फिर्ता गर्ने गरी साहू वा निजले इच्छाएको व्यक्तिका नाममा जग्गा रजिष्ट्रेशन पास गरिदिएको तर कानूनसम्मत रूपले हुन आउने साँवा ब्याज पुरै चुक्ता गर्दा वा गर्न तयार हुँदा पनि जग्गा फिर्ता नगरेको पुष्टि हुन आएमा उक्त जग्गा जुनसुकै तहसम्म विक्री गरेको भए तापनि साहुले उक्त जग्गा फिर्ता गर्नुपर्ने कानूनी ब्यवस्था गर्नु उपयुक्त हुन्छ।

## ५. सचेतना साक्षरता र वित्तीय पहुँच

अनौपचारिक क्षेत्रबाट लिइने ऋणको कुनै अभिलेख देखिँदैन। नेपाल राष्ट्र बैङ्कले नेपालमा वित्तीय पहुँच विषयमा २०७८ चैत्रमा गरेको अध्ययन अनुसार 'क' 'ख' र 'ग' श्रेणीका बैङ्कहरूमा बचत खाता संख्या ३ करोड ६३ लाख ६६ हजार छ भने ऋण खाता केवल १६ लाख ८२ हजार मात्र छन्। यसले नेपालमा औपचारिक स्रोतबाट ऋण लिने सोंच र अभ्यास निकै कम भएको देखाउँछ।

सर्वसाधारणसम्म वित्तीय पहुँच पुऱ्याउन नेपाल राष्ट्र बैंकको नियमनमा बैंक तथा वित्तीय संस्था एवं सम्बन्धित साधिकार निकायले वचत तथा ऋण सहकारी संस्थाको नियमन गरी निम्न बमोजिम वित्तीय साक्षरता र वित्तीय पहुँचको व्यवस्था गर्नु पर्दछः

### ५.१ *वित्तीय पहुँच अभिवृद्धि गर्ने व्यवस्था मिलाउनेः*

☞ सीमान्तकृत तथा दलित समुदायको वित्तीय पहुँच अभिवृद्धि गर्न बैङ्क तथा वित्तीय संस्थाहरूले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमका लागि छुट्याएको रकमको न्यूनतम पचास % *सीमान्तकृत तथा दलित उत्थान कोष*मा जम्मा गर्ने र सो कोषबाट लक्षित वर्गका लागि उत्पादनशील कार्यमा ऋण प्रवाह गर्ने व्यवस्थालाई तत्काल कार्यान्वयनमा लैजाने।

☞ निश्चित रकमसम्मको ऋण स्थानीय तहको सिफारिसमा जुनसुकै प्रयोजनका लागि बिना धितो ऋण प्रवाह गर्ने व्यवस्था गर्ने।

☞ बैङ्क तथा वित्तीय संस्थाले लक्षित वर्ग कर्जाका सम्बन्धमा स्थानीय तहसँगको समन्वयमा तृणमूल तह (गाउँ-बस्तीसम्म) सम्म सूचना सम्प्रेषण गर्ने।

- ☞ स्थानीय तहमा जनताका ससानो बचत जम्मा गरेका कतिपय सहकारीका सञ्चालकहरू नै सबै रकम लिई फरार हुने गरेको, ग्रामीण तहमा विस्तार भएका बैंक तथा वित्तीय संस्थाले सिमान्तकृत तथा गरिब किसानहरूलाई सुविधा दिने भन्दा पनि बचत सङ्कलनमा केन्द्रित भएको, कुल कर्जामध्ये पालिकामा ३.३ % मात्रै प्रवाह भए पनि बैंक तथा वित्तीय संस्थाको बचत सङ्कलन भने कुल बचतको ५.८ % पुगेको सन्दर्भमा साना बचतकर्ताको बचतको सुरक्षा र ग्रामीण क्षेत्रमा कर्जा प्रवाहमा वृद्धि गर्न सबै सहकारीहरू एवं बैङ्क तथा वित्तीय संस्थाहरूले विशेष कार्यक्रम सञ्चालन गर्ने।
- ☞ स्थानीयस्तरमा खुलेका कतिपय वचत सहकारी संस्था, लघुवित्त, फाइनान्स कम्पनीहरुले पनि स्थानीय तहमा निक्षेप सङ्कलन गरी महँगो ब्याज दरमा कर्जा प्रवाह गर्ने र कतिपयले आफ्ना शेयरहोल्डर सदस्यहरुलाई मात्र प्राथमिकतामा राख्ने देखिएकोले त्यस्ता संस्थाले लिन पाउने अधिकतम ब्याजदरको सीमा तोकी ब्याज बाहेक अन्य विविध शीर्षकमा अतिरिक्त रकम लिन नपाउने कानूनी व्यवस्था गर्ने।

### ५.२ *वित्तीय सचेतना तथा साक्षरताः*

- ☞ मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद १५ को दफा ४७८ मा साहुले ऋणीबाट लिन पाउने ब्याजको रकम साँवा रकमको वार्षिक दश प्रतिशतभन्दा बढी हुने छैन भन्ने उल्लेख गरेपनि अधिकांश अनौपचारिक वित्तीय कारोवारमा यसको कैयौं गुणा बढी ब्याजको लेनदेन भएको पाइन्छ भने कानूनले ब्याजको ब्याज लिन नपाउने, साहुले सावाँभन्दा ब्याज धेरै लिन नपाउने जस्ता ऋणीका पक्षमा प्रावधान राखेको छ। तर यस्ता प्रावधानबारे न त ऋणीलाई थाहा हुन्छ न त प्रभावकारी कार्यान्वयन नै हुन सकेको छ। यस सम्बन्धमा भएका कानूनी प्रावधानहरूका सम्बन्धमा ब्यापक सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने।

### ५.३ *ऋण लिने प्रकृयाको ज्ञानको प्रसार*

- ☞ धेरै जसो निरक्षर तथा सीमान्तकृत व्यक्तिहरूलाई सरकार र बैङ्क तथा वित्तीय संस्थाहरूले ल्याएका लक्षित कार्यक्रममार्फत कसरी सहुलियतपूर्ण ऋण लिने भन्ने जानकारी नै नहुने र सो को फाइदा शिक्षित तथा धनी वर्गले उठाउने गरेको सन्दर्भमा लक्षित कार्यक्रममार्फत् सहुलियतपूर्ण कर्जा लिने विधि र प्रकृयाको बारेमा पालिकामार्फत सचेतना कार्यक्रम सञ्चालन गर्ने गरी बैङ्क तथा वित्तीय संस्थाहरूले समन्वय र सहकार्य गर्ने।

### ५.४ धितो मूल्याङ्कन प्रकृयामा पुनरावलोकनः

- ☞ बैङ्क तथा वित्तीय संस्थाहरूले ऋणीसँग धितो लिँदा बाटो नपुगेको जग्गाको मूल्याङ्कन गर्न अस्वीकार गर्ने गरेको तथा गुगल म्यापलाई आधार लिई सीमा क्षेत्रका जग्गाहरू धितोको रूपमा लिन अस्वीकार गर्ने गरेको सन्दर्भमा सबै बैंक तथा वित्तीय संस्थाहरूले सो प्रावधानमा अविलम्ब परिवर्तन गरी बाटो नभएका घरखेतलाई पनि धितोको रूपमा लिने र गुगल म्यापको आधारमा नभई लालपूर्जाको आधारमा स्थानीय स्तरबाट उक्त जग्गा यकिन गरी गराई धितो लिनसक्ने व्यवस्था गर्ने।

### ५.५ ऋण असूली प्रकृयामा परिवर्तनः

- ☞ बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएका ब्यक्तिले बैङ्क तथा वित्तीय संस्थाको नियमानुसार साँवा तथा ब्याजको व्यवस्थापन गर्नु पर्ने हुन्छ तर बैङ्क तथा वित्तीय संस्थाको ऋण असूली तालिका अनुसार किसानहरू नियमित आम्दानी हुँदैन। बालीनाली लगाएर उत्पादन भई बिक्री गरी पैसा आउने तरकारी, धान, मकै, गहुँ जस्ता अन्न एवं आलु, केरा, उखु जस्ता नगदे बाली हुन् । केराको उत्पादनका लागि न्युनतम ३/४ महिना लाग्छ भने उखु उत्पादन तथा बिक्री गरी सो को भुक्तानी पाउन १५ देखि १८ महिना सम्म लाग्ने देखिन्छ । त्यसमा पनि किसानले चिनी मिललाई उधारो बेच्नु पर्ने र उत्पादनका लागि बिऊ, मल, किटनाशक पदार्थ खरिद गरेवापतको रकम तिर्न मिटरब्याजीको शरणमा जानुपर्ने अवस्था देखिन्छ। तसर्थ राष्ट्र बैंक मार्फत् नीतिगत परिमार्जन गरी फसलको धितोमा ऋण दिन सकिने तथा सिमान्तकृत वर्गका ऋणीहरूको हकमा वार्षिक रूपमा साँवा ब्याज भुक्तानी गर्न पाउने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ।
- ☞ कृषि उपजको बिक्री कुनै संस्थालाई गरेको अवस्थामा बिक्री गरेकै बखत किसानले सो को भुक्तानी पाउने व्यवस्था गर्ने।

### ५.६ विपन्न वर्गले लिने ऋणको ब्याजमा अनुदान दिने

- ☞ औषधोपचार लगायतका आकस्मिक तथा अत्यावश्यक खर्चका लागि निश्चित परिमाण र निश्चित अवधिको कर्जामा सीमान्तकृत समुदायलाई पूर्ण ब्याज छूट वा अनुदान उपलब्ध गराउन आवश्यक रकम बैङ्क तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व (corporate social responsibility) मार्फत् ब्यहोर्ने गरी आवश्यक व्यवस्था मिलाउने।

**अनुसूची ३: गौरी बहादुर कार्की अध्यक्षताको आयोगको संरचना र कार्यदिश**

(क) आयोगको संरचनाः

१. विशेष अदालतका पूर्व अध्यक्ष श्री गौरी बहादुर कार्की — अध्यक्ष

२. अवकाश प्राप्त नायव महान्यायाधिवक्ता श्री गणेश बाबु अर्याल — सदस्य

३. अवकाश प्राप्त प्रहरी अतिरिक्त महानिरीक्षक श्री उत्तम राज सुवेदी — सदस्य

(ख) कार्यदिशः

१. देहायबमोजिमका वा अन्य रुपमा भएका अनुचित लेनदेनसम्बन्धी उजुरी लिई जाँचबुझ गर्ने,

(क) नभएको वा नगरेको रकम लिए दिएको भनी लिखत तयार गरेको,

(ख) वास्तविक रकमभन्दा बढी रकमको लिखत तयार गरेको,

(ग) लेनदेन गर्दाकै बखतमा ब्याज रकमसमेत सावाँमा जोडी लिखत तयार गरेको,

(घ) ब्याजलाई सावाँमा जोडी नयाँ लिखत तयार गरेको,

(ङ) ऋणीले तिरे बुझाएको रकमको भर्पाई नदिने वा लिखत नबनाउने गरेको,

(च) प्रचलित कानूनमा तोकिएभन्दा बढी ब्याज लिएको,

(छ) ऋणको साँवाभन्दा बढी ब्याज लिएको,

(ज) ऋण असुलीको लागि कुनै प्रकारको धम्की दिने वा हिंसा वा शोषण गरेको,

(झ) अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिएको,

२. अनुचित लेनदेनसँग सम्बन्धित कानूनी तथा प्रशासनिक रुपमा सम्बोधन गर्नुपर्ने अन्य विषय,

३. अनुचित लेनदेन गर्ने पीडकहरुलाई प्रचलित कानूनबमोजिम कारबाही र सजाय गर्नको लागि सिफारिस गर्ने,

४. अनुचित लेनदेनबाट पीडितहरुलाई दिइने उपचार सिफारिस गर्ने,

५. अनुचित लेनदेन हुनुका कारणहरु पत्ता लगाई आगामी दिनमा यस प्रकारका घटनाहरु घट्न नदिन गर्नुपर्ने कानूनी, प्रशासनिक वा अन्य सुधारका उपायहरुका सम्बन्धमा सिफारिससहितको प्रतिवेदन पेश गर्ने।''

...

(ङ) मुकामः आयोगको सचिवालय मुकाम धनुषा जिल्लामा रहने।

(च) सम्पर्क मन्त्रालयः आयोगको सम्पर्क मन्त्रालय गृह मन्त्रालय रहने।

## अनुसूची ४: अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०८० को संरचना र कार्यादेश

क) जाँचबुझ आयोगको संरचनाः

(१) श्री तेज बहादुर कार्की, पूर्व न्यायाधीश, उच्च अदालत —अध्यक्ष

(२) श्री पुष्कर कार्की, पूर्व अतिरिक्त प्रहरी महानिरीक्षक, नेपाल प्रहरी —सदस्य

(३) श्री सञ्जीव मिश्र, चार्टर्ड एकाउन्टेन्ट —सदस्य

ख) जाँचबुझ आयोगको कार्यादेशः

१. अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०८० ले नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/१०/३ को स्वीकृत कार्यविधि अनुसार नेपाल प्रहरीमा पठाइएका उजुरी र आयोग गठन भएपछि निवेदकबाट प्राप्त हुने नयाँ उजुरीहरू निम्नानुसार जाँचबुझ गर्ने,

   क. नभएको वा नगरेको रकम लिए दिएको भनी लिखत तयार गरेको,

   ख. वास्तविक रकमभन्दा बढी रकमको लिखत तयार गरेको,

   ग. लेनदेन गर्दाको बखतमा ब्याज रकमसमेत साँवामा जोडी लिखत तयार गरेको,

   घ. ब्याजलाई साँवामा जोडी नयाँ लिखत तयार गरेको,

   ङ. ऋणीले तिरे बुझाएको रकमको भर्पाई नदिने वा लिखत नबनाउने गरेको,

   च. प्रचलित कानूनमा तोकिएभन्दा बढी ब्याज लिएको,

   छ. ऋणको साँवाभन्दा बढी ब्याज लिएको,

   ज. ऋण असुलीको लागि कुनै प्रकारको धम्की दिएको, हिंसा वा शोषण गरेको,

   झ. अनुचित लेनदेन (मिटरब्याज) को आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिएको,

   ञ. ऋण लेनदेनको कारोबारमा नलेखिएको (खाली) वा लिएको रकम भन्दा बढी रकम उल्लेख गरी बाध्यकारी चेक काट्न लगाएको र अनावश्यक लिखत खडा गरेको।

२. प्राप्त उजुरी निवेदनका आधारमा सम्बन्धित पक्षलाई उपस्थित गराई लिखतहरू संकलन गर्ने, प्रचलित कानून बमोजिम आवश्यक लिखतहरू झिकाउने र छानविन गर्ने। पीडितको पक्षमा रहने प्रमाण संकलन गर्न अध्ययन, अनुसन्धान, स्थलगत भ्रमण, सर्जमिन, छलफल र साक्षी किनाराका व्यक्तिहरूसँग बयान लिने,

३. लिखतहरूको वर्गीकरण गरी फर्जी तथा अवैध लिखतहरू खारेजीका लागि सिफारिस गर्ने,

४. अनुचित लेनदेन (मिटरब्याज) गर्ने गरी अस्वभाविक ऋण लगानी गरेको वा शंकास्पद कागजात खडा गरी अस्वाभाविक आम्दानी गरेको देखिएमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा अनुसन्धानका लागि सिफारिस गर्ने,

५. अनुचित लेनदेन (मिटरब्याज)सँग सम्बन्धित मुद्दाका कारण जरिवाना ठहर, बिगो कायम र कारागार चलान भएका पीडितका सम्बन्धमा प्रचलित कानून बमोजिम पुनरावलोकन तथा माफी मिनाहाका लागि सिफारिस गर्ने,

६. अनुचित लेनदेन (मिटरब्याज)को परिणामबाट भएको सम्पत्तिको हक हस्तान्तरण बदर सम्बन्धी कारवाही गर्नुपर्ने देखिएमा सम्बन्धित निकायसँग आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

७. प्रचलित कानून बमोजिम अनुचित लेनदेन (मिटरब्याज) का सम्बन्धमा पीडकको विरुद्धमा मुद्दा चलाउन पर्ने देखिएमा सिफारिस गर्ने,

८. अन्यायको सघनता अध्ययन गरी पीडितलाई क्षतिपूर्ति प्रदान तथा पुनर्स्थापनाका लागि आवश्यक आधार र उपाय सिफारिस गर्ने,

९. मौजुदा कानूनमा संशोधन तथा प्रतिस्थापन गर्नु पर्ने विषयको पहिचान गरी मस्यौदा सहित प्रतिवेदन गर्ने,

ग) आयोगको मुकामः आयोगको सचिवालय आयोगको परामर्शमा तोकिएको स्थानमा रहने छ ।

आयोगको सम्पर्क मन्त्रालयः आयोगको सम्पर्क मन्त्रालय गृह मन्त्रालय रहने छ।

## अनुसूची ५: स्थलगत सर्भेक्षणका लागि प्रयोग गरिएको संरचित प्रश्नावली

### वित्तीय पहुँच, ऋणको प्रयोग र सीमान्तीकरणसम्बन्धी सर्भेक्षण प्रश्नावली

नमस्कार। मेरो नाम हुमा भूसाल हो । म त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभागको विद्यार्थी हुँ । यो सर्भेक्षण मिटरब्याजीबाट पीडित भएका मानिएका व्यक्तिहरूको अनुभवलाई राम्ररी बुझ्न तयार गरिएको हो । यहाँले दिनुभएको जानकारी वा सूचना गोप्य रहने छ र केवल शोध अनुसन्धान कार्यको लागि मात्र प्रयोग गरिने छ । कृपया आफूले जानेसम्म यथार्थ उत्तर दिनुहोला ।

**खण्ड १: वैयक्तिक विवरण**

१.१ नाम थर (स्वैच्छिक) ठेगानाः जातः

लिङ्गः महिला ☐ पुरुष ☐ अन्य ☐ उमेरः ...... वर्ष

१.२ शैक्षिक अवस्था

निरक्षर ☐ साक्षर ☐ आधारभूत तह(१-८) ☐ माध्यमिक तह (९-१२) ☐

उच्च शिक्षा(१२ कक्षा माथि) ☐

१.३ रोजगारीको अवस्था

रोजगारीमा रहेको ☐ बेरोजगार ☐ अवकाशप्राप्त ☐ विद्यार्थी ☐ अन्य ☐

रोजगारीमा रहेको भए के काम गर्ने हो खुलाउनु होस् ............................

१.४ सम्पत्तिमा स्वामित्व (जग्गाजमिन एवं पशु चौपाया)

आफ्नै जग्गा जमिन भएको ☐ नभएको ☐ भएको भए कति .......बिगाहा ...... धुर . ..........कट्ठा

बटैया वा भाडामा लिएको भए कति जग्गा लिएको .......बिगाहा ...... धुर . ..........कट्ठा

पशु चौपाया भएको ☐ नभएको ☐

भएको भए कुन कति ?

सुँगुर ☐ कुखुरा ☐ बाख्रा ☐ भैंसी ☐ गाइगोरु ☐ अन्य ☐

१.५ घर परिवारको आम्दानीको स्रोत

जग्गाको उत्पादन वा आम्दानी ☐ घरभाडा ☐ नोकरी वा ज्यालाबाट हुने आम्दानी ☐
गाईबस्तु पशुपन्छीबाट आम्दानी ☐ अन्य स्रोतको आम्दानी ☐
वैदेशिक रोजगारीको आम्दानी ☐

१.६ अनुमानित वार्षिक आम्दानी

☐ मासिक रु १७,३००/- भन्दा कम
☐ मासिक रु १७,३००/- देखि रु ३०,०००/- सम्म
☐ मासिक रु ३०,०००/- देखि रु ४०,०००/- सम्म
☐ मासिक रु ४०,०००/- देखि रु ५०,०००/- सम्म
☐ मासिक रु ५०,०००/- भन्दा माथि
☐ खुलाउन नचाहेको

१.७ घरमूली एवं आश्रित अवस्था

(क) घरमूली को हुनुहुन्छ? पुरुष ☐ महिला ☐ एकल महिला ☐ अपाङ्ग घरमूली ☐
अन्यः खुलाउनु होस्............................

(ख) घरमा कोही अपाङ्ग वा बिरामी परिरहने हुनुहुन्छ कि? हुनुहुन्छ ☐ हुनुहुन्न ☐

(ग) परिवारमा कति जना कमाउने र कति जना नकमाउने (आश्रित) हुनुहुन्छ?
कमाउने .........जना पाल्नुपर्ने .............जना

**खण्ड २: खर्च व्यवस्थापन र वित्तीय पहुँच**

२.१ कुनै बैङ्क वा वित्तीय संस्थामा तपाइँको खाता छ?

छैन ☐ छ ☐

छ भने के मा? बैङ्कमा ☐ फाइनान्समा ☐ सहकारीमा ☐ अन्यत्र ☐

२.२ के तपाइँले परिआउँदाका लागि बचत गर्नुभएको छ?

छैन ☐ छ ☐

छ भने के मा? बैङ्कमा ☐ फाइनान्समा ☐ सहकारीमा ☐ घरैमा ☐

२.३ के तपाइँको परिवारका कसैको बीमा गरेको छ?

छैन ☐ छ ☐

२.४ के तपाइँको पेन्सन वा भत्ता आउँछ

छैन ☐ छ ☐

छ भने के? पेन्सन ☐ भत्ता ☐ भत्ता भए महिनामा कति? रु............

२.५ तपाइँको घर परिवारको आम्दानी] र सामाजिक सुरक्षा भत्ता (यदि पाउने भए) ले पनि नपुगेको अवस्थामा खर्च चलाउन पैसाको व्यवस्था कसरी गर्नुहुन्छ?

सापटी लिन्छु ☐ ऋण लिन्छु ☐ परिवारको खर्च घटाउँछु ☐

छोराछोरीको स्कूल छुटाउँछु ☐ एक छाक मात्रै खान्छौं ☐ अन्यः ........................................

२.६ ऋण लिने भए यहाँले कोसँग ऋण लिनु हुन्छ?

बैङ्क ☐ फाइनान्स ☐ सहकारी ☐ समूह ☐ नातागोता/साथीभाइ ☐ साहु महाजन ☐

अन्यः........

२.७ साहु महाजनसँग ऋण लिने गर्नुभएको भए के कस्तो शर्तमा लिनुहुन्छ? खुलाउनुहोस्।

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

२.८ तपाइँलाई साहुकारकहाँ जानुभन्दा बैङ्क वा वित्तीय संस्थाबाट ऋण लिनु ठिक हो भन्ने लाग्छ?

लाग्छ ☐ लाग्दैन ☐

२.९ लाग्छ भने किन बैंक वा वित्तीय संस्थामा ऋण लिन जानु भएन? (एक भन्दा बढीमा चिन्ह लाउन सकिने)

ऋण पाइने ठाउँ थाहा नभएर ☐ बैक टाढा भएर ☐
धितो राख्ने सम्पत्ति नभएर ☐ समय धेरै लाग्ने भएर ☐
तत्काल पैसा चाहिने भएर ☐ कागजात पुर्‍याउन नसकेर ☐
चिनेको मान्छे नभएर ☐ धार्मिक कारणले ☐
किस्ता तिर्न नियमित आम्दानी नभएकोले ☐
बैक वा वित्तीय संस्थाले बढी ब्याज लिने भएकोले ☐
पहिले ऋण लिंदाको खराब अनुभवले ☐

अन्यः (कारण खुलाउनु होस्) ............................

२.१० खास गरी के कामका लागि यहाँले ऋण लिने गर्नु भएको छ?

मलबिऊ किन्न☐ पशुपालन☐ औषधीमूलो☐ विदेश जान☐ ऋण तिर्न☐ बच्चा पढाउन☐

छोराछोरीको बिहे☐ पूजाआजा☐ अन्यः (खुलाउनु होस्)..................................................

**३. वित्तीय पहुँच,** ऋणको प्रयोग **र सीमान्तीकरण**

३.१ साहुकार महाजनकहाँबाट ऋण लिने गर्नुभएको छ भने कति ब्याजदरमा? खुलाउनु होस्।

वार्षिक ........................%, मासिक ........................%, दैनिक ........................%

३.२ साहुकार महाजनसँग ऋण लिँदा धितो के राख्नुहुन्छ? खुलाउनु होस्
(धितोको विवरण)........................................................................

३.३ के साहुले तपाइँले लिएकै रकमलाई सावाँ मानी कागज गर्ने गरेका छन्? छन्☐ छैनन्☐

छैनन् भने कति बढाएर गर्ने गरेका छन् उल्लेख गर्नुहोस्.........................................................................

३.४ साहुकारसँग के कामको लागि यहाँले ऋण लिनु भएको थियो सङ्क्षेपमा ऋण लिनुको कारण ऋण लिँदाको शर्त, तमसूक गर्ने तरिका र ऋण तिर्दाको अनुभव सुनाउनु होस्।

तमसूक गर्ने तरिकाः

ऋण लिँदाको शर्तः
ऋणको उपयोगः
तिरेको रकमः:
तिर्न बाँकी रकम :
तिर्न बाँकी रहनाको कारण :
कसरी तिर्ने योजना बनाउनु भएको छ:

३.५ ऋण तिर्न यहाँले के के उपाय गर्नु भयो?

..........................................................................................................................................................................
..........................................................................................................................................................................
..........................................................................................................................................................................

३.६ ऋणको सावाँ ब्याज असुल्न साहुकारले यहाँलाई धम्की, शोषण वा हिंसा गरेको थियो?

थिएन ☐ थियो थियो भने के गऱ्यो?...........................................................................................

३.७ यहाँले हिंसा या शोषण सामना गर्नुपरेको भए कस्तो खालको शोषण भोग्नु पऱ्यो?

गाली बेइज्जति ☐ शारीरिक हिंसा वा शोषण ☐ मानसिक हिंसा ☐ दवाव वा तनाव ☐ मुद्दा ☐

निशुल्क श्रम ☐ अन्यः (खुलाउनु होस्)..................................................

३.८ मिटरब्याजी अत्याचारबाट मुक्त हुन यहाँले कुनै ठाउँमा उजुरी गर्नु भयो?
गरिन ☐ गरें ☐ उजुरी गरेको भए त्यसपछि के भयो? ..................................................

..........................................................................................................................................................................
..........................................................................................................................................................................
..........................................................................................................................................................................
..........................................................................................................................................................................
..........................................................................................................................................................................

३.९ मिटरब्याजी साहुकारसँग ऋण लिएको कारणले तपाईँको परिवार, साथीभाइ वा समाजमा कस्तो असर परेको छ?

| | | | |
|---|---|---|---|
| (क) झन् गरिब भएको | ☐ | (ख) शोषणमा परेको | ☐ |
| (ग) सम्पत्ति गुमेको | ☐ | (घ) साहुकोमा बिना ज्याला काम गर्नु परेको | ☐ |
| (ङ) परिवारमा झगडा हुने गरेको | ☐ | (च) इज्जत बढेको | ☐ |
| (छ) आर्थिक अवस्था सुध्रिएको | ☐ | | |

(ज) अरु केही भए खुलाउनुहोस् ................................................................................................................

..........................................................................................................................................................................

३.१० मिटरब्याजी साहुकारसँग ऋण लिएको कारणले तपाईँको कुनै मुद्दा मामिला झेल्नु वा गर्नु पऱ्यो?

मुद्दा परेन ☐ मुद्दा दियो वा मुद्दा दिएँ ☐

मुद्दा परेको भए के कस्तो भोग्नु पऱ्यो? खर्च कसरी बेहोर्नु भयो?

...........................................................................................................................................

...........................................................................................................................................

..........................................................................................................................................

३.११ मिटरब्याजी साहुकारको चङ्गुलबाट बच्न सरकारले के गरिदिए हुन्थ्यो भन्ने लाग्छ? सुझाव दिनुहोस्।

............................................................................................................................................
............................................................................................................................................
.............................................................................................................................................
............................................................................................................................................

धन्यवाद